मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

संचेतना द्वैमासिक पूर्णाङ्क ५९, साउन ०६३

अन्तरिमकालमा शान्ति प्रक्रिया

मूल्य रु. १५।–

प्रकाश मानवअधिकार पुरस्कार कार्कीलाई

०६२ सालको प्रकाश मानवअधिकार पुरस्कार मोरङका पत्रकार शिवबहादुर कार्कीलाई प्रदान गर्ने निर्णय गरिएको छ । कार्की जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि नेपाली जनताको हक अधिकारको सुनिश्चितताको लागि सक्रिय रहँदै आउनु भएको छ । ५९ वर्षीय कार्की चारदशकदेखि चाहे विद्यार्थी आन्दोलनको माध्यमबाट होस् वा कलम चलाएर, न्याय, समानता र नेपाली जनताको समृद्धिको अभियानमा निरन्तर सक्रिय हुनुहुन्छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का संस्थापक महासचिव अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्लेको स्मृतिमा बाह्र वर्षअघि स्थापित प्रकाश मानवअधिकार पुरस्कारको राशी रु. २५ हजार रहेको छ। पुरस्कारका साथमा सम्मानपत्र तथा इन्सेकको प्रतीक चिह्न पनि प्रदान गर्ने गरिएको छ।

०५१ सालमा स्थापित यो पुरस्कार हालसम्म वरिष्ठ पत्रकार विनय कसजू पाल्पा, समाजसेवी गजेन्द्रबहादुर बस्नेत वीरगञ्ज, कृषि मजदुर नेता ऋषिराम थारु दाङ, वरिष्ठ समाजसेवी दयावीरसिंह कंसाकार काठमाण्डौ, कानुनविद् रामानन्दप्रसाद सिंह सप्तरी, दलित मुक्ति अभियानका कार्यकर्ता विसेन्द्र पासवान सप्तरी, महिला अधिकार कार्यकर्ताहरू सोनाम छेजुङ मुगु र वसन्तीदेवी झा महोत्तरी, वरिष्ठ पत्रकार नारायण शर्मा दाङ, वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बराल कास्की एवं प्रेस स्वतन्त्रता सेनानी रामबहादुर चन्द कञ्चनपुरलाई प्रदान गरिसकिएको छ।

पुरस्कार हरेक वर्ष साउन १६ गते प्रकाश स्मृति दिवसका अवसरमा काठमाडौंमा आयोजना गरिने कार्यक्रममा प्रदान गर्ने गरिएको छ।

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १४, पूर्णाङ्क ५९, साउन २०६३

अन्तरिमकालमा शान्ति प्रक्रिया

- सैद्धान्तिक चर्चा ९
- द्वन्द्वपश्चात्को न्याय प्रक्रिया... १४
- गैसस र नागरिक समाजको भूमिका १६
- हिंसात्मक द्वन्द्वपछिको मेलमिलाप प्रक्रिया २१

आवरण चित्र : शान्ता हिटाङ

- शान्ति प्रक्रिया र विष्फोटक पदार्थ व्यवस्थापन २३
- ब्यारेक हटेको एक वर्ष पछि पनि २६
- शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको भूमिका २९
- अन्तरिमकालमा महिला अधिकारका सवाल ३२
- अन्तरिमकाल र बालबालिका ३४
- अन्तरिमकालमा सम्बोधन गरिनुपर्ने दलितका कार्यसूची ३६
- शान्ति प्रक्रिया, आचार संहिता र सम्झौता ३७
- अन्तरिमकालमा आदिवासी जनजातिहरूका मुद्दा ३८
- अन्तरिमकालमा भूमि व्यवस्थापनको सवाल ४०
- महाभारत युद्धपश्चात्को अन्तरिम अवधि र त्यसबाट सिक्न सकिने पाठ ३८
- दस्तावेज
  - (क) नेपाल सरकारका तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्र ३०
  - (ख) युद्धविराम आचार संहिता ४५
  - (ग) युद्धविराम आचार संहिता अनुगमन समितिको कार्यक्षेत्र र अधिकार ४६
  - (घ) सातदल र माओवादीबीच भएको चर्चित आठबुँदे सहमति ४६
- व्यंग्य : हावा-हुरी एफएममा सहिद दिवस ४७
- कविता : घोटी ती हतियार ४७
- गजल ४७

नियमित स्तम्भहरू

- यथावत २
- कार्टून २
- इतिहासको पानाबाट ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- समय सन्दर्भ २७
- मानवअधिकार सामान्य ज्ञान ४४
- पुस्तक परिचय ४८

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
निर्मलमणि अधिकारी

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा इन्सेक

व्यवस्थापन
शैलेश शर्मा

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

संविधानसभाको चुनाव स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गराउन माओवादी लडाकूहरूको अनुगमन र तिनीहरूको हतियार भविष्यमा प्रयोग गर्न नमिल्ने गरी व्यवस्थापन गर्न सहयोग पुऱ्याउन तथा नेपाली सेना ब्यारेक भित्र छ/छैन र स्वतन्त्र र निष्पक्ष संविधानसभाको चुनावको पक्ष वा विपक्षमा कतै तिनीहरूको प्रयोग भइरहेको छ/छैन भन्नेबारे अनुगमन गर्न नेपाल सरकार संयुक्त राष्ट्रसंघसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ।

गिरिजाप्रसाद कोइराला, *नेपाल सरकारका प्रधानमन्त्री*
संयुक्त राष्ट्रसंघलाई ०६३ असार १८ गते लेखिएको पत्र

(नेपाल सरकारद्वारा पठाइएको) पत्र सरकार र माओवादीबीच जारी संवादको ठाडो उल्लंघन गर्दै हामीसँग परामर्श नगरी एकपक्षीय र गोप्य रूपमा लेखिएको र पठाइएको थियो। सो पत्र १२ बुँदे समझदारी र आठबुँदे सहमतिको पूर्ण उल्लंघन हो।

प्रचण्ड, *नेकपा (माओवादी) का अध्यक्ष*
संयुक्त राष्ट्रसंघलाई ०६३ साउन ८ गते लेखिएको पत्र

संयुक्त राष्ट्रसंघलाई लेखिएको पत्रमा सरकारले माओवादीहरूसँग रहेका हातहतियार सङ्कलन गरी भविष्यमा प्रयोग गर्न नमिल्ने तुल्याउने, "डिकमिसनिङ्ग अफ् आर्म्स" भन्ने उल्लेख गरेकोमा हाम्रो आपत्ति छ। माओवादीले हतियार बिसाउनु परेमा नेपाली सेनाले पनि त्यसै गर्नु पर्दछ। डिकमिसन गर्ने हो भने दुवै सेनामा यो लागू हुनु पर्दछ।

कृष्णबहादुर महरा, *नेकपा (माओवादी) को वार्ता टोलीका संयोजक*
बीबीसी नेपाली सेवासँगको अन्तर्वार्ता, २०६३ साउन ३ गते

राष्ट्रिय सेनाको निशस्त्रिकरण र डिकमिसनिङ्ग गर्नु असम्भव छ।

केपी शर्मा ओली, *नेपाल सरकारका वरिष्ठ उपप्रधानमन्त्री*
नेकपा (माओवादी) का प्रवक्तालाई प्रत्युत्तर दिंदै,
बीबीसी नेपाली सेवासँगको अन्तर्वार्ता, २०६३ साउन ३ गते

कार्टून

...आजको वार्ताले आठबुँदे सहमति कार्यान्वयन गर्न शृंखलाबद्ध रूपमा पुनः प्रतिबद्धता जनाउँदै जाने प्रतिबद्धता जनाएको जानकारी गराउँछ!

साभार : अन्नपूर्ण पोष्ट दैनिक
२०६३ असार ३२ गते

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला ।

सम्पादक

निरङ्कुशतन्त्रको पराजय र लोकतन्त्रको आगमनसँगै नेपाल हिंसात्मक द्वन्द्वको कष्टपूर्ण विगतलाई बिसाएर शान्तिपूर्ण भविष्यको सँघारसम्म आइपुगेको छ । तर अहिले संक्रमणकाल हो र हिंसात्मक द्वन्द्वको पटाक्षेप हुन भने बाँकी नै छ भन्ने तथ्य पनि उत्तिकै टङ्कारो छ ।

छातीमाथिको बोझ झिकेको अनुभूतिमा लामो सास फेर्न पाएका नेपालीलाई थाहा छैन अहिलेको शान्ति कति दिगो हुने हो ! किन भने सरकारी र माओवादी दुवै पक्षका बन्दुकहरू सुस्ताएका भए तापनि तलबितल पर्नासाथ पुनः गर्जन सुरु हुने खतरा मेटिइसकेको छैन । लोकतन्त्रविरुद्ध भएका अपराधलाई त्यत्तिकै छोपछाप पारिने हो कि भन्ने आशङ्का एकातिर छ भने अर्कातिर हिंसात्मक द्वन्द्वका क्रममा उकुच पल्टेका घाउहरूमा मलमपट्टी नगरी अगाडि बढ्ने प्रयत्न भइरहेको आशङ्का पनि उत्तिकै प्रबल छ ।

शान्ति प्रक्रिया उपयुक्त ढङ्गले अगाडि नबढी हिंसात्मक द्वन्द्व खडा हुने देशको वस्तुगत परिस्थिति र निर्विकल्प शान्तिको चाहना भइरहेको आत्मगत परिस्थितिबीचको द्वन्द्व पूरै टुङ्गो लाग्न सक्दैन । त्यसैले अहिले अन्तरिमकालमा शान्ति प्रक्रियालाई कसरी अगाडि बढाउने र जनचाहनाबमोजिम दिगो शान्तिरूपी फलदायी बनाउने भन्ने कुरा नै कार्यसूचीको प्राथमिकता हुनु पर्दछ । यही सोचको प्रतिफल हो प्राचीको यो अङ्क ।

संविधानसभा नै देशलाई निकास दिने साधन भएको भन्नेमा आमसहमति बनेको भए तापनि त्यहाँसम्म कसरी पुग्ने हो भन्ने खाका प्रष्ट भइसकेको छैन । संविधानसभाले देशको भाग्य र भविष्यको टुङ्गो लगाउने जनअपेक्षालाई मूर्त्याउन त्यहाँसम्म पुग्न हामीले अँगाल्ने प्रक्रियाको अहम् भूमिका पक्कै हुन्छ । अनि संविधानसभासम्म अकण्टक पुग्ने प्रक्रिया अन्तरिमकालको शान्ति प्रक्रियाबाट पृथक् रहन सक्दैन । अन्तरिमकालमा शान्ति प्रक्रियाको सेरोफेरोमै केन्द्रित रहेको यस अङ्कले उक्त प्रक्रियासम्बन्धमा जनसरोकारको बढोत्तरीमा यथा योगदान गर्नेछ भन्ने हाम्रो विश्वास छ ।

हामीले सोच्यौं देशका लागि, हाम्रो लागि कसले सोच्ने ?

"नेपालको प्रजातान्त्रिक आन्दोलनको उपलब्धिका रूपमा स्थापित सरकारद्वारा समाजमा सहिद र सहिद परिवारप्रति सम्मान दर्शाउने कुरोलाई हरेक काममा प्रतिबिम्बित गरियोस्। सहिद तथा राजनीतिक पीडितहरूलाई प्रदान गरिएको राहतमासमेत अनियमितता देखिएको छ। सरकारले त्यसतर्फ पनि अविलम्ब ध्यान दिई, आवश्यक कदम तत्काल चालोस्।"

देशका विविध भागबाट धनकुटामा भेला भएका करीब सत्तरी जना राजनीति पीडित महिलाहरूले एक स्वरले सरकारसँग यस्तो माग गरे। उनीहरूले अरु माग पनि गरे। उनीहरूले "धनकुटा घोषणापत्र" नै जारी गरे। गएको वर्ष अन्त्यतिर पुगेको थियो, मौसमको तापमान बढ्ने क्रममा थियो। उनीहरूले सुन्दर पहाडी नगरको तापक्रमलाई अझ बढाउँदै जुलुसमा नारा लगाए – "वीर सहिदहरू अमर रहून्, राजनीतिक परिवर्तमा महिलाहरूद्वारा भएको योगदानको सम्मान गरियोस्।"

आमसभामा उनीहरूले सरकारलाई बाटो देखाए – "सहिद परिवारहरूलाई उपेक्षा गर्ने प्रवृत्तिको

त्याग गर्नु पर्दछ। सहिदका नाममा सृजनात्मक कार्य हुनु पर्दछ।"

कस्ता हुन्छन् राजनीति पीडित भनेका ? र कस्तो हुन्छ राजनीतिको पीडा ? उल्लेखित जानकारीसँगै यस्ता प्रश्नहरू स्वाभाविक रूपमा उठ्दछन्। तर यस्ता प्रश्नहरूको सब भन्दा उपयुक्त उत्तर तिनैले दिन सक्छन्, जसले राजनीतिलाई पीडाका रूपमा पनि भोगेका छन्।

राजनीति उज्यालो भविष्यका लागि गरिन्छ। राजनीतिको उत्साहमा आशाले नै उर्जा थपिरहेको हुन्छ। नेपालीले दुई दुई पटक बहुदलीय व्यवस्थाका लागि संघर्ष गर्नु पर्‍यो। नेपाली जनताको मौलिक अधिकार बहालीको आन्दोलनमा धेरै पुरुषहरूले आफैलाई उत्सर्ग गरे। कतिपय महिलाहरूले जीवन अर्पण गरे।

आजको समय त्यस्ता वीर-वीराङ्गनाहरूको त्याग र बलिदानले मूर्त रूप पाएको समय हो। तर राजनीतिक परिवर्तनको लडाइँमा सहिद हुन पुग्नेहरूका सबै आश्रितहरूमाथि हामीले उचित ध्यान दिन सकेका छौं त ? के उनीहरूले आज पनि यथोचित न्याय पाउन सकेका छन् त ? यस्ता प्रश्नहरू भने आज उठाइनै पर्ने प्रश्नहरू हुन्।

(प्राची, वैशाख-जेठ, ०५२, अंक १, पूर्णाङ्क १६, पृ. ७–८)

(उतिखेर उठाइएको प्रश्न यतिखेर पनि सान्दर्भिक देखिएकाले पुनः प्रकाशन गरिएको हो । सम्पादक)

पाठक-पत्र

श्रीमान् सम्पादकज्यू,

देशमा लोकतन्त्र आगमन भई प्रतिनिधिसभाद्वारा जनसम्प्रभुताको घोषणा हुनुलाई आवरण कथा बनाएर, मानवअधिकार सन्देश बोकेर आएको प्राची पूर्णाङ्क ५७-५८ राम्रो लाग्यो। दीपक अर्यालको लेख "गैससको अभियान : सर्वसत्तावाद विरुद्धको संघर्ष र विजय" धेरै खोजमूलक रहेछ। हुन त धेरैजसो लेखहरू राम्रा छन्। तर व्याकरण अशुद्धि भने ठाउँ ठाउँमा देखियो। अन्त्यमा एउटा सुझाव पनि छ। प्राचीले कार्टुन अरु पत्रिकाबाट साभार गर्नु भन्दा मौलिक नयाँ कार्टुन नै दिए राम्रो हुन्थ्यो।

मनिता बराल
बीए तेस्रो वर्ष, मदन भण्डारी मेमोरियल कलेज, काठमाण्डौ

सम्पादकज्यू,

प्राची पूर्णाङ्क ५६ हेर्ने अवसर मिल्यो। २०६२ चैत २४ यता आएर राज्य आतङ्कले नयाँ मोड लिन पुगेको छ। यस अवस्थामा प्राचीले मानवअधिकार उल्लंघनका घटनाहरूलाई स्पष्ट र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गर्नेछ भन्ने लागेको छ, आगामी अङ्कमा। भविष्यमा त्यस प्रकारको प्रस्तुति, एउटा महत्वपूर्ण दस्तावेज एवं ऐतिहासिक अध्ययन सामग्री बन्ने कुरामा कसैको दुई मत छैन। तसर्थ त्यसतर्फ इन्सेकको चासो रहोस् भन्छु।

कमला राजभण्डारी
ऐंसेलुखर्क-३, खोटाङ

दण्डहीनता अस्वीकार्य

सुबोधराज प्याकुरेल

जनआन्दोलनको भावना भन्दा माथि कुनै पनि आदेश, निर्देश, मान्यता र परम्परा मान्न जनता तयार छैनन्। यस कुरालाई जनआन्दोलनको प्रतिनिधित्व गर्छु भन्ने सरकार र माओवादी दुवै पक्षले राम्ररी मनन गर्नु पर्दछ। देशलाई तथाकथित कर्मकाण्ड र परम्पराको जञ्जालमा अल्झाएर जनताले राजनीतिक रूपमा स्थापना गरेको सम्प्रभुसत्तालाई कानुनी सम्प्रभुसत्तामा बदल्ने काममा ढिलो गर्न पाइन्न। जनताको बलिदानीपूर्ण संघर्षबाट स्थापित प्रतिनिधिसभाले नागरिकलाई सार्वभौम बनाउन विभिन्न घोषणा गरेको भए पनि त्यसलाई संविधानसभाले नै कहिल्यै नखोसिने गरी बज्रलेप लगाउन सक्दछ।

मानव अधिकार सिद्धान्तको लक्ष्य शान्ति भएकाले अहिले देशमा शान्ति स्थापना हुँदा नेपालको मानवअधिकार समुदायलाई प्रसन्नता नभएको होइन, तर राज्यले अनुमोदन गर्न बाँकी नौवटा अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधानलाई अनुमोदन गर्नेतर्फ ध्यान नपुगेको र आचार संहितामा राज्यपक्ष भएका ती अन्तर्राष्ट्रिय मानवअधिकार, मानवीय कानुनलाई दुवै पक्षले जुनसुकै परिस्थितिमा पनि परिपालना गर्नेछन् भन्ने सुनिश्चित नगरिएको अवस्था छ। वर्षौंदेखि बेपत्ता नागरिकको स्थिति अहिलेसम्म सार्वजनिक गरिएको छैन। बेपत्ता पारिएको, ज्यान मारेको, जबरजस्ती विस्थापनमा पारेको र दुर्दान्त यातना दिएको जस्ता गम्भीर अपराधलाई अन्तर्राष्ट्रिय प्रचलन र छानवीन प्रक्रिया अनुरूप भूतलक्षी कानुन बनाएर भए पनि कारवाही गर्न सरकारले खुट्टा कमाउनु हुँदैन भन्ने मानवअधिकार समुदायको आग्रहलाई पनि सम्बोधन गरिएको छैन।

लोकतन्त्र हरेक तह र तप्काका जनताले अनुभव गर्न पाउनु पर्दछ भने सहिदहरूले देखाएको बाटो नबिराउन नेताहरू सचेत रहनु पर्दछ। आजको युग अन्तर्राष्ट्रिय कानुनको युग हो। मानवीय कानुन र कानुनको शासनको मान्यताविपरित जानेलाई अबको युगले मान्दैन। दण्डहीनता कदापि अस्वीकार्य छ। समय लाग्ला अपराधी उम्कने छैनन्, कारवाही भएरै छाड्छ। तर मानवअधिकार उल्लंघनकर्ता उम्कन पाउँदैनन्, तिनलाई अवश्य कारवाही हुन्छ भन्ने जुन जनविश्वासले जनआन्दोलन अजेय यात्रामा अगाडि बढ्यो, त्यसलाई ठेस लाग्ने काम हुन थालेको आशङ्का गर्न बाध्य हुनु परेको छ। जनयुद्ध सुरु भएयताका सबै गम्भीर प्रकृतिका घटनाहरूको भरपर्दो छानबिन गर्न आयोग निर्माण गरी दोषीलाई कारवाही गर्नु पर्ने दायित्व पनि सरकारको रहेको तथ्यलाई भुल्नु हुँदैन।

विगतको आपसी घृणा र शत्रुवत व्यवहारको पुनरावृत्ति नहोस् भन्ने ख्याल पुऱ्याउनै पर्दछ। तर वास्तविक पीडकहरूलाई क्षमा दिने अधिकार पीडित वा उनको अनुपस्थितिमा पीडितका परिवारलाई मात्र रहने कुराको ग्यारेन्टी गरिनु पर्दछ। यसका लागि सत्य तथा समायोजन आयोगको निर्माण गर्ने दायित्व पनि सरकारको हो।

संविधानसभामा जानु भन्दा पहिला तत्काल माओवादी र सरकारका बीचमा देखिएका मनमुटाव र अविश्वासलाई कम गर्न जरुरी छ। तत्काल माओवादी र सरकारका बीचमा देखिएको मनमुटाव र अविश्वासलाई कम गर्न तथा जनतामा बढ्दै गएको निराशालाई सम्बोधन गर्न नसकिएमा देश पुन: हिंसाको भुमरीमा खस्ने खतरालाई भुसुक्क भुल्न मिल्दैन। सरकारले तत्काल अन्तरिम शासन विधान जारी गर्नु पर्ने र केन्द्रीय निर्देशन समिति निर्माण गरी माओवादी सहितका आठ पार्टीका शीर्षस्थ नेताहरूको संलग्नतामा सो समिति परिचालन हुनु पर्ने भन्ने माग व्यापक रूपमा उठेको भए तापनि महिनौंदेखि देशलाई पुरानै कर्मकाण्डी जञ्जालमा अड्काइराखिएको छ।

दण्डहीनतालाई निराकरण गरी मानवअधिकार सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्दै अघि बढेमा मात्र संविधानसभा फलदायी हुन्छ र कुलीन सामन्तवाद सदाका लागि समाप्त हुन्छ। दिगो शान्तिका लागि संविधानसभामा सबै वर्गको समानुपातिक प्रतिनिधित्व हुनु पर्दछ। यसका लागि उच्चस्तरीय संविधानसभा व्यवस्थापन आयोग गठन गर्ने दायित्व सरकारमा छ भने अब नेपालका नागरिकले हरेक टोल छिमेकमा संविधानसभामा समावेशीकरण सवाल विषयमा व्यापक जनवहस गर्नुपर्ने आवश्यकता रहेको छ।

अवतरण

कुन्दन अर्याल

नयाँ नेपालको निर्माणमा मिडियाको भूमिका

आमनेपालीको प्रत्याशा :

हामीले परिकल्पना गरेको लोकतन्त्रमा नेपाली प्रेसलाई शक्तिमा रहेकाहरूको निर्भयताका साथ आलोचना गर्न पाउने स्वतन्त्रता हुनेछ। त्यसबेला नेपाली आमसञ्चार विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रश्नमा कुनै पनि शक्तिबाट भयग्रस्त रहनु पर्ने छैन्। आमसञ्चार माध्यम साँच्चै आवाजविहीनहरूको आवाज हुनेछ। वर्षौंदेखि पन्छाइएका, दबाइएका सवालहरूले मिडियामा स्थान पाउन थाल्ने छन्। आमजनता वा सर्वसाधारणको पहुँच मिडियामा अझ बढ्ने छ। प्रेसले हरेक सार्वजनिक महत्वको विषयमा आफ्नो लेखनीमार्फत प्रभावकारी रूपमा सार्वजनिक छानबिन गर्ने परम्परा नै बसाल्ने छ। राज्यको नीति निर्माणको तहमा बस्नेहरूले प्रेसबाट प्रसार हुने विचार र समाचारहरूलाई मनन गर्ने छन्।

लोकतन्त्रले राष्ट्रिय जीवनको हरेक क्षेत्रमा परिवर्तन ल्याइरहेको छ। त्यसैले नयाँ नेपालको निर्माणका निम्ति आमसञ्चारका माध्यमहरूले निर्वाह गर्नु पर्ने भूमिकाका सम्बन्धमा पनि बहस अगोडि बढाउनु जरुरी देखिएको छ। यसै सन्दर्भमा अहिलेको अन्तरिम अवस्थामा हामीले आमसञ्चारका सवालहरूलाई अद्यावधिक गर्नु पर्दछ। संविधानसभाको चुनावपश्चात लोकतन्त्रको जग बलियो भएपछि छयालीस सालपछिको समयमा चर्चामा आए पनि कार्यान्वयनको तहसम्म पुग्न नसकेका आमसञ्चारका यावत सवालहरूमा ठोस कामहरू हुनु पर्नेछ।

हिजो प्रेसको संघर्ष लोकतन्त्र बहालीका निम्ति, आज प्रेसको सतर्कता, निगरानी र पक्षपोषण लोकतन्त्रको संस्थागत स्वरुपका लागि अनि भोलिको प्रेस नयाँ नेपालको निर्माणका लागि। हामी यी भूमिकाहरूका सम्बन्धमा प्रष्ट छौं। तर लोकतान्त्रिक नेपालमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने हुनका निम्ति आमसञ्चार माध्यमका वाहकहरूले गर्नु पर्ने तयारीका सम्बन्धमा समेत छलफल अझ व्यापक बनाइनै पर्दछ। सचेत हुन सक्यौं भने हामीले सम्पादकीय सामग्रीहरूमार्फत नयाँ नेपालको निर्माणका निम्ति निकै प्रभावकारी भूमिका निर्वाह गर्न सक्नेछौं।

हामी लोकतान्त्रिक जनआन्दोलनका वाहक :

०६३ साल वैशाख ११ गतेपछि सुरु भएको नयाँ नेपालको यात्रामा मिडियाको भूमिकाका सम्बन्धमा छलफल गर्दा हामी त्यसअघि नेपाली आमसञ्चारले लोकतन्त्रको स्थापनाका निम्ति निर्वाह गरेको भूमिकाको उल्लेख गर्नै पर्ने ठान्दछौं। जनआन्दोलन –२ मा प्रेस प्रत्यक्षदर्शी मात्र भएन, सहभागी नै भयो। त्यही कारण नयाँ नेपालको निर्माणक्रम आमसञ्चार माध्यमको भूमिकाबिना पूरा हुन सक्दैन।

ऐतिहासिक जनआन्दोलन–२ मा नेपाली पत्रकारहरूले आफ्नो भूमिकाका सम्बन्धमा अत्यन्त प्रष्ट शब्दमा बताएका थिए–"महासंघको सांगठनिक नेतृत्वमा आन्दोलित हुँदै, आफ्नो व्यावसायिक क्षमता प्रयोग गरेर नेपाली पत्रकारहरूले गौरव गर्न लायक काम गरेका छन्। आफ्नै आन्दोलनका भरमा उनीहरूले पेशाको जगेर्ना गरेका छन्, सँगै समग्र नेपाली नागरिकको अभिव्यक्ति र सूचनाको हकको रक्षा गर्ने काममा पनि सक्रिय छन्। त्यसैले अहिले नेपाल पत्रकार महासंघले प्रेसजगतबारे मात्र ध्यान दिएर पुग्ने अवस्था छैन उसले समग्र नागरिक अधिकारको आन्दोलनमा होमिनु परेको छ।" *(गाउँले ५)*

आफैंले संघर्ष गरेर स्थापना गरेको लोकतन्त्रलाई संस्थागत तुल्याई मजबुत बनाउन आमसञ्चारका माध्यमहरूले निर्वाह गर्नु पर्ने भूमिका अझै बाँकी छ भन्ने कुरामा नेपाली पत्रकारहरू आज पनि सचेत छन्। विवादरहित् तथ्य के छ भने लोकतन्त्रलाई बलियो बनाउन लोक बलियो हुनु पर्दछ। लोक बलियो भयो भने मात्र आमसञ्चार माध्यमहरूको प्रभावकारिता साबित हुन सक्दछ। त्यसैले लोकतन्त्र स्थापनापछिको आजको अवस्थामा नेपाली पत्रकारहरू यस दिशामा विशेष सजग हुन जरुरी छ।

०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रले अधिनायकवादी दुस्साहस गर्दा आफ्नो तारो–सूचीमा प्रेसलाई कहाँनेर राखेका थिए भन्ने छर्लङ्ग छ। नेपाली प्रेसमा राजा ज्ञानेन्द्रले गरेको आक्रमणका सम्बन्धमा त्यही बेला निकै विश्लेषण भइसकेका छन्- "शाही कदमले अघिसारेका अवधारणाको प्राप्तिका निम्ति आगामी दिनमा सरकारले आफ्नो अनुकूल हुने आर्थिक तथा कानुनी वातावरणको सृजना गर्न प्रयत्न गर्ने प्रष्ट देखिन्छ। आर्थिक तथा राजनीतिक नियन्त्रणको उद्देश्यका साथ त्यसैअनुसारका कानुन अध्यायदेशमार्फत ल्याउने तयारीले त्यस दिशाको स्पष्ट संकेत गरेको छ। शाही कदमसँगैसँगै सुरु गरिएको प्रेसमाथिको नियन्त्रणको प्रयत्नलाई संस्थागत गर्ने राज्यको योजना त्यसयताका क्रियाकलापहरूमार्फत सार्वजनिक भइसकेको छ। ..त्यसैले शाही घोषणा र त्यसपछिका गतिविधिले छयालीस सालपछि नेपाली प्रेसमा व्यावसायिकताभित्रबाट क्रमशः विकसित हुँदै गइरहेको नयाँ मूल्य र मान्यतामा आधारित सिद्धान्तको बाटोमा अवरोध ल्याएको छ। यस कदमले नेपाली प्रेसमाथि अधिनायकवादी सिद्धान्त थोपर्न खोजेको छ र त्यस कदमपछका गतिविधिबाट राज्यले सूचना प्रवाहमा पूर्णतः नियन्त्रण कायम गर्न खोजेको छ।" *(अर्याल ७३)*

माघ १९ ले अघि सारेको अधिनायकवादी दुस्साहस कायमै रहेको भए नेपाली प्रेसले कतिसम्म प्रताडित हुनु पर्थ्यो होला भन्ने अनुमान गर्न सकिन्छ। यस सम्बन्धमा विश्वका अन्य देशका उदाहरण धेरै छन्।

नेपाली आमसञ्चार माध्यमका कार्यसूची :

अब लोकतन्त्रको आधारभूमिबाट उठाउनु पर्ने नेपाली प्रेसका विगतदेखिका कतिपय सवालहरू छन्। वस्तुत: अहिले नेपाली प्रेसको एउटा मात्र कार्यसूची असान्दर्भिक हुन पुगेको छ, त्यो हो लोकतन्त्रका निम्ति सडक संघर्ष। हिजो उठाइएका बाँकी तमाम कार्यसूचीहरू बाँकी नै छन्। ती विषयहरूमा नीतिगत स्पष्टता छाएपछि नेपाली आमसञ्चारले नयाँ नेपालको निर्माणमा साँच्चै प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने छ।

हिजोको राज्यको नीतिका सम्बन्धमा भनिएको थियो–"नेपाली प्रेसमा अनुभव गरिएका गम्भीर प्रकृतिका विसंगतिको स्रोत, मिडियामा हुने लगानी र त्यसको स्वामित्वका सम्बन्धमा राज्यको अस्पष्ट, अपारदर्शी र दोहोरो नीति हो भन्न अब अप्ठ्यारो छैन्। नेपाली प्रेसमा वैदेशिक लगानी आवश्यक र स्वीकार्य छ कि छैन भन्ने सवाल माथि प्रजातन्त्रको पुर्नबहाली पश्चात भण्डै बाह्र वर्षदेखि बहस हुँदै आएको छ। ....(तत्कालीन) श्री ५ को सरकारको दीर्घकालीन सञ्चार नीति एउटै व्यक्ति वा संस्थालाई छापा (पत्रिका), रेडियो र टिभिमध्ये बढीमा दुई मात्र दिने रहेको छ। तर व्यवहारमा, एउटै कम्पनीलाई तीन वटै मिडिया सञ्चालन गर्ने छुट प्रदान गरिएको छ।"*(प्रेस काउन्सिल नेपाल २००२-२००३)*

छयालीसपछिको नेपाली प्रेसको कतिपय प्रवृत्तिउपर हिजो चिन्ता पनि व्यक्त गरिएको थियो–"लगानीको (यो) प्रवाहसँगसँगै पत्रकारिताले व्यावसायिक विकासभन्दा व्यापारिक गति लिदै गएको गुनासो आउन थालेको छ। यसमा लगानीको पारदर्शिता पनि छैन। यसले गर्दा पत्रकारिताको मूल्य र आदर्शका विपरित प्रचार साधनका रूपमा पत्रिका प्रकाशन गर्ने खतरा पनि बढिरहेको छ।"*(प्रेस काउन्सिल नेपाल २०००-२००१)*

पत्रकारहरूको पेसागत सुरक्षा खासगरी श्रमजीवीहरूको अवस्थाका बारेमा हिजो अध्ययन भएका छन्। अध्ययन अनुसार कानुन पनि बने। तर "श्रमजीवी पत्रकारहरूको समस्या यथावत छ। सञ्चार संस्थाहरू पत्रकारहरूको सुरक्षा अवस्थाप्रति गम्भीर भएका छैनन्। पत्रकारहरूको बिमा छैन, क्षतिपूर्ति छैन, आपदमा उद्धार छैन र त्यस्ता कठिन क्षेत्रका समाचार पठाउँदा उचित पारिश्रमिक र प्रोत्साहन पनि छैन। प्रेस काउन्सिलले हरेक वर्ष श्रमजीवी पत्रकारहरूको अधिकारको रक्षाका लागि बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयनको सुझाव प्रस्तुत गर्दै आए पनि सञ्चार माध्यमका सञ्चालकहरूबाट त्यसको सम्मान हुनसकेको छैन।" *(प्रेस काउन्सिल नेपाल २००३-२००४)*

अब लोकतन्त्रमा, लोकतन्त्रका निम्ति अझ प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने अवस्थामा श्रमजीवी पत्रकारहरूको हक हितका सम्बन्धमा ठोस काम हुनै पर्दछ। विश्वका लोकतान्त्रिक समाजहरूमा समेत सम्पादकीय स्वतन्त्रता र पेसागत हक हितका सवालहरूउपर अतिक्रमण हुने गरेको देखिएको छ। त्यसैले हाम्रो नयाँ लोकतन्त्रलाई अन्यत्रबाट पाठ सिकेर अझ उन्नत बनाउन सकिने अवसर हाम्रा सामु छ। पत्रकारहरूको वृत्ति विकास यस सन्दर्भमा अर्को अत्यन्त महत्वपूर्ण विषय हो। "सन् २००० मा रुपोर्ट मुर्डोकले त्यसबखत आफ्नो स्वामित्वमा रहेको न्यूज कर्पोरेसन अन्तर्गतको बोस्टन हेराल्ड अखबारबाट एकजना उपभोक्ता हितसम्बन्धी स्तम्भकारलाई किन निलम्बन गरे? किनकी उनले फ्लीट बोस्टन फाइनान्सियल कर्पोरेसन नामक संस्थाको आलोचना गर्दै केही लेख लेखेका थिए। त्यो कर्पोरेसनले हेराल्डलाई विज्ञापन मात्र होइन ऋण सहयोग समेत उपलब्ध गराएको थियो। त्यसैले प्रकाशकलाई आलोचना सैह्य भएन।" *(म्याक्चेस्नी १५-१६)* अबको लोकतान्त्रिक नेपालमा पनि आमससञ्चार माध्यमको भूमिकाको विषयमा छलफल गर्दै गर्दा ठूला आमसञ्चार संस्थाका मालिकहरूबाट सम्पादकीय स्वतन्त्रताको हुन सक्ने पक्षमा समेत ध्यान पुऱ्याउन जरुरी छ।

नयाँ नेपालको निर्माणमा साना, सामुदायिक तथा लोकहितमा समर्पित आमसञ्चार माध्यमहरूको ठूलो भूमिका हुनेछ। त्यस्ता आमसञ्चारका माध्यमहरू राज्यको प्रोत्साहन भएन भने फस्टाउन सक्दैनन्। दिगो शान्ति र विकासका निम्ति सचेततापूर्वक समाजलाई डोऱ्याउने त्यस्ता आमसञ्चार माध्यमहरूको भूमिका संक्रमण कालमा ज्यादै महत्वपूर्ण हुन्छ। "विकासको लागि सञ्चारमा जनताको सहभागिता र यसको लागि सामुदायिक सञ्चारको उपयोगिता विश्वभरि साबित भइसकेको हुँदा सामुदायिक सञ्चारको अवधारणा र व्यवहारलाई प्रोत्साहित गर्दै सामुदायिक, जनमुखी मिडियालाई राज्यबाट संरक्षण र सहयोग गर्ने ठोस नीति र कार्यक्रम बन्नु पर्दछ।" *(कसजू ४२)*

नयाँ नेपालको निर्माणका निम्ति आवश्यक पूर्वाधार

लोकतन्त्रमा प्रभावकारी भूमिका निर्वाह गर्नका निम्ति साँचो अर्थमा आमसञ्चारको विकास हुनु पर्दछ। झण्डै पौने तीन करोड जनसंख्या भएको देशमा आमसञ्चारका माध्यमहरूको हाल उपलब्ध परिमाणले चित्त बुझाएर बस्नु हुँदैन। सन् दुई हजार दससम्म हाम्रो छापा माध्यमको दैनिक वितरण दस लाख पुऱ्याउने लक्ष्य राख्यौं भने हामीले त्यही रफ्तारमा यातायात, छपाई प्रविधि, पत्रकार र पाठकको दक्षता र शिक्षा दीक्षा लगायतका क्षेत्रहरूमा पनि उपलब्धि हासिल गर्न सक्ने छौं। साना रेडियोहरूको त्यही अनुपातमा विस्तार गर्न सकियो भने नयाँ नेपालका निम्ति नयाँ उचाइमा जागरण फैलाउने हैसियत नेपाली आमसञ्चार जगतले प्राप्त गर्नेछ।

अखबारको विस्तार र नयाँ पाठकहरूसम्मको पहुँचको सवालमा अब हामी कहाँ क्रान्ति नै गर्न सकिन्छ। नागरिक तथा राजनीतिक अधिकारहरूको प्रत्याभूति भएको आजको परिवेशमा त्यस्तो क्रान्तिका निम्ति उपयुक्त वातावरण तयार भएको छ। "समाचारपत्रको क्रान्ति भनेको

के हो र भारतमा यसको अवस्था छ? सत्ताइस वर्ष पहिलेको (१९७६) भारतको परिकल्पना गरौं त। सम्पूर्ण भारतभरिका बस स्टयाण्डमा जहाँसुकै पचासजना एउटै अखबार वरिपरि झुम्मिरहेका हुन्थे। सन् २००१ मा ती वस स्टाण्डहरूको कल्पना गर्नोस त। जनसंख्या बढेको छ। तर अखवार वरिपरि झुम्मिएर शीर्षक पढ्नेहरूको संख्या घटेको छ। त्यसबेलासम्म एउटा अखवार पढ्नेको संख्या १७ मा झरिसकेको थियो।...दक्षिण भारतको विशखापत्तनमा सन् १९७४ मा चार हजारप्रतिबाट सुरु भएको तेलगु अखवार इनाडू सन् २००३ सम्म आइपुग्दा २३ स्थानबाट गरी प्रतिदिन ९ लाख निस्किन थाल्यो।" *(जेफ्री २५८)*

नयाँ नेपालमा आमसञ्चारका माध्यमहरू अझ विस्तारित हुन सके भने अझ प्रभावकारी रूपमा चेतनाका माध्यम हुन सक्ने छन्। त्यसका निम्ति अखवारहरूको वितरण संख्यामा व्यापक बढोत्तरी हुनु पर्दछ। साथै, गाउँ गाउँमा इलेक्टोनिक मिडियाको पहुँचको व्यवस्था गरिनु पर्दछ। आमसञ्चार माध्यमको त्यस्तो प्रसार अभियान नै नयाँ नेपालको पूर्वाधार बन्न जानेछ। नयाँ नेपालको निर्माणका निम्ति आफ्नो भूमिका निर्वाह गर्ने क्रममा नेपाली प्रेसले आमसञ्चार साक्षरताको विकास गर्न सक्नु पर्दछ। जस्ले गर्दा प्रेस अझ वढी जिम्मैवार र स्तरीय वन्न सक्नेछ। "आमसञ्चारमाध्यममा आमजनताको पहुँच, विषयवस्तुको विश्लेषण र मूल्यांकन गर्न सक्ने क्षमता अनि सन्देश बुझ्ने र प्रसार गर्ने प्रवृत्तिलाई आमसञ्चार साक्षरता भन्ने गरिन्छ।" *(बारान र डेन्नी ३५८)* त्यसैले नयाँ नेपालको निर्माणमा आमसञ्चारका प्रस्तुतिका सम्वन्धमा आवश्यकता अनुसार प्रश्नसमेत उठाउन सक्ने सचेत र सकृय पाठकको भूमिका अत्यन्तै महत्वपूर्ण छ।

लोकतन्त्रको जगमा सूचना समाजको स्थापना

लोकतान्त्रिक आन्दोलनमा नेपाली आमसञ्चार माध्यमले निर्वाह गरेको भूमिका यो देशलाई समुन्नत सूचना समाजको उदाहरणका रूपमा प्रस्तुत गर्ने आकांक्षावाट प्रेरित थियो। जनताकेन्द्रीत, समावेशी, विकास अभिमूख सूचना समाजको निर्माण गर्ने ध्येयकासाथ नेपाली प्रेस मैदानमा ओर्लिएको थियो। सूचना समाज जहाँ हरेकले सूचना र ज्ञानको प्रसार, पहुँच, प्रयोग र परिष्कारको अधिकार पाउँछ। आमजनताको जीवनस्तरमा सुधार ल्याउन, उनीहरूलाई हिजोको प्रजा होइन, राज्यनीतिको निर्माणमा पहुँच भएको लोकको स्तरमा रहेर सगर्व दिगो विकासका निम्ति अभिप्रेरित गर्न अबको नेपालमा प्रेसले रचनात्मक भूमिका निर्वाह गर्न सक्दछ।

निर्बाध सम्वाद अघि बढाउन सकिने राजनीतिक वातावरण स्थापित भएको आजको परिप्रेक्ष्यमा नेपाली मिडियाले दिगो शान्ति र विकासका निम्ति प्राप्त अधिकारहरूको उपयोग गर्न सक्दछन्। यससन्दर्भमा प्रेसले परिणाममूखी भूमिका निर्वाह गर्न सक्दछ।

आजको युगमा ज्ञान र सूचना शक्ति हो। आमजनतालाई त्यस्तो शक्तिबाट सशक्त तुल्याई संयुक्त राष्ट्र संघको वडापत्र र मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्रले परिकल्पना गरेको अधिकारहरूद्वारा सज्जित गर्न सकिन्छ। (द जेनेभा डिक्लेरेसन अफ् प्रिन्सिपल्स एण्ड प्लान अफ् एक्सन्, २००३) मिडिया गएको शताब्दीमै शक्तिका रूपमा स्थापित भइसकेको छ। मिडियाको प्रभावका विषयमा विश्वमा कैयन अनुसन्धान भएका छन्। नेपालको सन्दर्भमा छयालीस सालपछिका वर्षहरूमा आमसञ्चार माध्यमहरूले विस्तारित वा वास्तविक अर्थमा आमसञ्चार माध्यमको रुप धारण गरेका हुन्। अब लोकतान्त्रिक युगमा नेपाली मिडियाले पहुँच र विषयवस्तुको स्तरलाई अझ व्यापक बनाउन सक्नु पर्दछ। आफ्नो शक्तिलाई नेपाली मिडियाले सबै शक्ति जनतामा भन्ने ध्येयका साथ अझ दक्षताकासाथ प्रयोग गर्न सक्यो भने नयाँ नेपालको निर्माणका निम्ति ऐतिहासिक दायित्व निर्वाह गरेको ठहरिने छ।

सन्दर्भ सामग्री :

१. गाउँले, शिव (सं.); प्रेस स्वतन्त्रता संकटका एक वर्ष, काठमाण्डौ नेपाल पत्रकार महासंघ, मे २००६।

२. अर्याल, कुन्दन; "नयाँ दिशातर्फ उन्मुख नेपाली आमसञ्चार र केही सैद्धान्तिक चर्चा", *बहा: जर्नल; काठमाण्डौ : सोसल साइन्स बहा,* असार २०६२।

३. प्रेस काउन्सिल नेपाल वार्षिक प्रतिवेदन २००२–२००३ ।

४. प्रेस काउन्सिल नेपाल वार्षिक प्रतिवेदन २०५७-०५८।

५. प्रेस काउन्सिल नेपाल उनन्तीसौं वार्षिक प्रतिवेदन २००३-२००४।

६. म्याक्चेस्नी, रवर्ट; *रिम मिडिया पोर डेमोक्रेसी*; द न्यूज प्रेस, सन् २०००।

७. कसजू, विनयकुमार; *मिडियाको लोकतन्त्रिकरण,* काठमाण्डौ : मिडिया सर्भिसेज इन्टरनेसनल,मे २००६।

८. जेफ्री, रोविन; "द स्फेर अफ् पब्लिक जर्नालिज्म्"; *प्राक्टिसिङ् जर्नालिज्म भ्यालुज्, कन्स्ट्रेन्ट्स्, इम्प्लिकेसन्स, नलिनी राजन (सं.)*; न्यू दिल्ली : सेज, सन् २००५।

९. बारान, स्टान्ली जे. एण्ड डेविस के. डेन्नी; *मास कम्युनिकेसन थ्योरी फाउन्डेसन्स, फेर्मेन्ट एण्ड फ्युचर*; : थोक्सन, सन् २००।

१०. वर्ल्ड समिट अन द इन्फरमेसन सोसाइटी; द *जेनेभा डिक्लेरेसन अफ् प्रिन्सिपल्स एण्ड प्लान अफ् एक्सन अन् द इन्फर्मेसन सोसाइटी*; जेनेभा, डिसेम्बर १०-१२, सन् २००३।

(प्रेस चौतारी नेपालको वार्षिक भेला, ०६३ असार ३ गते काठमाण्डौमा प्रस्तुत कार्यपत्र)

अन्तरिमकालमा शान्ति प्रक्रिया : केही सैद्धान्तिक चर्चा

लक्ष्मणदत्त पन्त

दार्शनिक सिसेरोले भनेका छन्- "राम्रो युद्ध कहिल्यै भएन र नराम्रो शान्ति कहिल्यै हुँदैन । मलाई नराम्रो शान्ति र राम्रो युद्धमध्ये कुनै एक छान्न दिइएमा म नराम्रो शान्ति छान्नेछु ।" सिद्धान्ततः सिसेरोको यो भनाइप्रति असहमति जनाउनेहरू कमै होलान् । शान्ति नचाहने मानिस को होला ? हिंसात्मक द्वन्द्वले थिल्थिलो भएका नेपालीका लागि त झन् काकाकुलका लागि पानीजस्तै दिन रातको रटना र जपना भएको छ शान्ति ।

लोकतन्त्रको आगमनसँगै शान्तिपूर्ण राजनीतिमा प्रवेश गर्ने नेकपा (माओवादी) को घोषित प्रतिबद्धताले देश शान्तिको नयाँ चरणमा प्रवेश गरेको छ। द्विपक्षीय युद्धविराम र शान्ति वार्ता नेपालको भविष्य निर्धारणका महत्वपूर्ण कडीका रूपमा यतिखेर हाम्रो सामुन्नेमा अगाडि बढिरहेका छन्। दिगो शान्ति संविधानसभाले सुनिश्चित गर्ने विश्वास लिइएको छ भने अन्तरिमकालमा चलिरहेको शान्ति प्रक्रियाको असर प्रथमतः संविधानसभासम्म र अन्ततः देशको समष्टि रूपान्तरणसम्म रहने स्पष्ट छ। त्यसैले शान्ति प्रक्रियालाई उपयुक्त ढङ्गमा कसरी अगाडि बढाउन सकिन्छ भन्ने चासो र चिन्तन अहिले आवश्यक देखिन्छ।

१. शान्ति : अमूर्त, तर आनुभविक

सामान्यतया शान्ति भन्नाले कलह, हिंसा वा युद्धको अनुपस्थिति हो। यस अवधारणाअनुसार सबै हिंसा खराब हुन्छन्। शान्तिलाई सहमति वा मेलका रूपमा मान्ने राजनीतिक अभ्यास पनि भएको पाइन्छ। यस सन्दर्भमा शान्तिलाई न्यायको अवस्था र शक्तिको सन्तुलनका रूपमा पनि परिभाषा गर्न सकिन्छ। यसले आन्तरिक वा बाह्य सम्बन्धलाईसमेत प्रतिनिधित्व गर्दछ।

शान्ति मानवजातिले सदैव चाहेको कुरा हो। यसलाई सबै न्यायहरूभन्दा उत्तम न्याय मानिन्छ। शान्ति सधै मानव जीवनको सर्वोच्च मूल्य हो। तर यसको कुनै परिभाषा सर्वमान्य हुन्छ भन्ने छैन। शान्तिलाई परिभाषित गर्ने अनेक सिद्धान्तहरू हुन सक्दछन्। हिन्दु, बौद्ध वा क्रिस्चियन धर्मावलम्बीहरूले शान्तिलाई आ-आफ्नै तरिकाले परिभाषित गर्न सक्छन् भने शान्तिवादी वा समाजवादी, उदारवादी वा निरकुंशवादीहरूले दिने परिभाषा पनि छुट्टाछुट्टै हुन सक्छ। तथापि शान्ति पूरै अमूर्त कुरा भने होइन। जतिसुकै भिन्न मान्यता र अर्थहरू रहे तापनि शान्तिको अवधारणामा न्याय, स्वतन्त्रता र समानता समेटिएकै हुन्छ र यो शक्ति, द्वन्द्व, वर्ग वा आवश्यकता जस्ता विषयहरूबाट टाढा रहन सक्दैन भन्नेमा एक मत रहेको छ। यसको आकार प्रकार खुट्याउन नसकिए तापनि शान्ति आनुभविक कुरा चाहिँ अवश्यै हो।

शान्ति प्रक्रियालाई उपयुक्त ढङ्गमा कसरी अगाडि बढाउन सकिन्छ भन्ने चासो र चिन्तन अहिले आवश्यक देखिन्छ।

२. सामाजिक सम्झौताका रूपमा शान्ति

आनुभविक, तर अमूर्त भएकाले शान्तिलाई कुनै सिद्धान्त वा ज्ञानको रेखाभित्र व्याख्या गर्ने गरिन्छ। यस्ता धेरै सैद्धान्तिक धरातबाट शान्तिको परिभाषा दिइए पनि हाम्रो सन्दर्भमा राजनीतिक द्वन्द्व समाधानको लागि आफ्नै वास्तविकताका आधारमा परिभाषित गरिनु आवश्यक हुन्छ।

नेपालको एक दशक लामो राजनीतिक द्वन्द्व समाधानका लागि अन्तरिम शासनकालमा शान्ति पक्रियालाई अघि बढाउनु शान्तिका केही सामाजिक सिद्धान्तहरूलाई यहाँ उल्लेख गरिएको छ।

२.१ **द्वन्द्वको सिद्धान्त (The Conflict Principle)** : द्वन्द्व, रुचि, योग्यता र चाहनाबीचको शक्ति सन्तुलन

हो। यो मानिसहरूको चाहना, प्राप्ति र कार्यको परस्पर समायोजन हो। द्वन्द्व व्यवहार, शत्रुतापूर्ण कार्य, हिंसा वा युद्धलाई यस प्रक्रियाको साधन वा अभिव्यक्तिका रूपमा लिइन्छ।

२.२ **सहयोगको सिद्धान्त** (The Cooperation Principle) : सहयोग शक्तिसँग जोडिएको आशा हो। केही खास अवस्थामा द्वन्द्वबाट शक्तिको सन्तुलन र सम्झौता प्राप्त गर्न सकिन्छ। यो सन्तुलन सरोकारवाला शक्ति र समूहबीचको निश्चित समतुल्यता हो भने त्यहा गरिने सम्झौता एकै समयमा हुने विभिन्न शक्तिहरूको समीकरण र निश्चित सम्बन्ध बीचको संरचनागत उपलब्धि हो, जसलाई संरचना माथिको अधिकार र बन्धन दुवै मानिन्छ। यस अर्थमा द्वन्द्वले शक्तिको विशेष सन्तुलनको लागि सीमा रेखा कोर्न र सम्बन्ध सुधार गर्न दुवै सन्दर्भमा महत्व पूर्ण भूमिका खेल्दछ।

२.३ **त्रुटि सिद्धान्त (The Gap Principle) :** आकांक्षा र शक्तिबीच त्रुटि हुँदा द्वन्द्वको सृजना हुन्छ। यस सिद्धान्त अनुसार शक्तिको सन्तुलन परिर्वतन भइरहन्छ भने आकांक्षाको संरचना एकपटक स्थापित भएपछि त्यो सामाजिक जडत्वका रूपमा रहिरहन्छ। रुचिहरू परिर्वतन हुन सक्छन्, नयाँ सम्भावनाहरू विकास हुन सक्छन्, र चाहनाहरू बलियो वा कमजोर दुवै हुन सक्छन्। यस्तो अवस्थामा विद्यमान द्वन्द्वले आकांक्षा र शक्तिका बीचमा नयाँ समभुजीय अवस्था सृजना गर्न सक्दछ, जहाँ द्वन्द्व र सहयोगलाई परस्पर सहयोगी तत्वका रूपमा लिइन्छ। यी तत्वहरू निरन्तर सामाजिक प्रक्रियामा वैकल्पिक स्थितिको रूपमा लिइन्छन्। यहाँ पहिले द्वन्द्व, त्यसपछि सहयोग र पुन द्वन्द्वको अवस्था आइरहन्छ।

२.४ **भुमरीको सिद्धान्त** (The Helix Principle): द्वन्द्वको तीव्रता कम हुँदा सहयोग बढ्छ। यदि अन्तरक्रिया सामीप्य प्रक्रियामा भयो र द्रुत परिवर्तनहरू सम्बन्धको अवस्थाबाट स्वतन्त्र रहे भने त्यस्तो अवस्थामा द्वन्द्व र सहयोगबाट मानिसहरूले क्रमशः एक अर्काकाबारे बढी बुझ्ने अवसर प्राप्त गर्दछन, तिनीहरूको सम्बन्ध सुधार हुन्छ र आकांक्षाहरू बढी सुमधुर बन्न पुग्दछन्। यसरी द्वन्द्व र सहयोगले भुमरी सृजना गर्दछन्, जहाँ सिकाइ र सहजता दुवैको उपस्थिति रहन्छ। यसले सहयोगलाई बढी बलियो र द्वन्द्वलाई कमजोर पार्दछ।

२.५ **दोस्रो र चौथो उत्तम सिद्धान्तहरू** (The Second and Fourth Master Principles)

सहमति गरिएको द्वन्द्व सामाजिक सम्झौता हो। यो शक्तिको सन्तुलनसमेत हो। यस पक्रियाले केही सरल वा जटिल र सचेत वा अचेत सामाजिक सम्झौताको निर्धारण गर्दछ। दुई वा सो भन्दा बढी इच्छा शक्तिबीचमा सम्बन्ध वा अन्तरक्रियाका रूपमा सामाजिक सम्झौताहरूलाई सहभागी गराइन्छ र त्यहाँ आकांक्षाहरूको बीचमा सम्झौतासमेत गरिन्छ। यो सामाजिक सिद्धान्तको त्यस्तो सामाजिक सम्झौता हो, जहाँ व्यक्ति, समूह, राज्यका चाहना र क्षमताका आधारमा शान्तिको निर्धारण गरिन्छ। यदि शक्ति र आकांक्षाबीचमा निरन्तर संवाद नभएमा शान्ति अल्पकालीन हुन सक्दछ र त्यो शान्ति अन्ततः द्वन्द्व, हिंसा वा युद्धमा परिणत हुन सक्दछ।

३. **द्वन्द्व : वास्तविकता र अभ्यास**

द्वन्द्व सामाजिक प्रक्रियाको अभिन्न अंग हो। जहाँ व्यक्ति, समूह वा राज्यले आफ्ना विभिन्न र परिवर्तीत आकांक्षा, क्षमता र चाहनालाई समायोजन गर्दछ। यो सामाजिक आकांक्षामा हस्तक्षेप वा अवसानको घोषणा र नयाँ आकांक्षा निर्माण गर्ने साधन दुवै हो। द्वन्द्वले सामाजिक आदेशको स्थापना र समायोजनसमेत गर्दछ। आकांक्षाहरू स्थीर रहन सक्छन्, यद्यपि चाहना, योग्यता, श्रोत, सीप, तयारी र अवस्था भने परिवर्तन हुन सक्छन्। हाम्रा संकल्प र प्रतिबद्धताहरू समेत बदलिन सक्छन। फलस्वरूप शक्ति सन्तुलनमासमेत असर पर्दछ। तनाव र शत्रुभावसमेत विकास हुन सक्छ। यसरी समाजिक वातावरणले द्वन्द्वको व्यवहारलाई निरन्तर प्रभाव पारिरहेको हुन्छ। यस्ता सामाजिक द्वन्द्व व्यवहारले सरोकारवाला पक्षका आकांक्षाहरूको पुनसंरचनाको आवश्यकता अनुभव गर्दछ, जो शक्तिको सन्तुलनको आधारमा सहयोगको नयाँ अवस्था सृजना गर्न अभ्यास गरिएका हुन्छन्। यस अर्थमा द्वन्द्व र सहयोग सामाजिक वा राजनीतिक जीवनका परिपूरक तत्वहरू हुन्। यो प्रक्रिया दोहोरिरहने (Cyclical) हुन्छ।

३.१ **शान्ति प्रक्रिया : केही अन्तर्राष्ट्रिय अनुभवहरू**

विभिन्न समयमा केही छिमेकी राष्ट्रहरूले त्यहाँका विद्रोही शक्तिसँग अन्तराष्ट्रिय मध्यस्थको सहयोगमा गरेका केही शान्तिवार्ता, अनुभव र अवरोधबारे यहाँ चर्चा गरौं।

श्रीलंकाली सरकारले विद्रोही तमिल समूहसँग सन १९९४ मा गरेको शान्ति वार्ता धेरै चरणमा प्रवेश पश्चात् असफल भएको इतिहासबाटसमेत नेपालमा चालु शान्ति वार्तालाई सफल पार्न पाठ सिक्नु उपयुक्त देखिन्छ। श्रीलंकामा विद्रोही लिबरेसन टाइगर्स अफ तामिल इलमले चलाएको सशस्त्र द्वन्द्व सन् १९९४ मा आईपुग्दा ११ वर्षको अवधिमा ३४ हजार श्रीलंकाकालीहरूले ज्यान गुमाइसकेका थिए। सन् १९९४-९५ मा गरिएको शान्तिवार्ता असफल हुनुको एउटै कारण द्वन्द्वको समाधान सैनिक परिचालनबाट गर्न खोज्नु नै थियो। शान्तिका सफल बाटाहरू पहिल्याउनमा ११ वर्षको अवधिमा जनधनको क्षति र भौतिक संरचना ध्वस्तजस्ता संवेदनशील विषयमा वार्ता केन्द्रित हुन नसक्नु पनि कारक तत्व हो। बोस्निया हर्जगोभिना र उत्तरी आयरल्याण्डमा जातीय राजनीतिक द्वन्द्व समाधान गर्न अन्तरर्राष्ट्रिय समूह, नीति निर्माता र नागरिक समाजले गरेको पहल असफल भएजस्तै श्रीलंकामा त्यही अभ्यास दोहरिन गयो। यद्यपि श्रीलंकाका गरिएको यो असफल शान्ति वार्ताले पछिल्लो पटक बुरुण्डी, साइप्रस, जर्जिया, उत्तरी आयरल्याण्ड र सुडानजस्ता राष्ट्रहरूको राजनीतिक द्वन्द्व समाधान गर्न भने सहयोग

पुऱ्याएको देखिन्छ। यसले नेपालको वर्तमान शान्ति प्रक्रियालाईसमेत सकारात्मक दिशानिर्देश गर्न सक्ने कुरामा दुई मत छैन।

सन् १९९४ -९५ को श्रीलंकाली सरकार र लिट्टेबीचको शान्तिवार्तामा श्रीलंकाली सरकारले विद्रोहीलाई गरेको अविश्वास र द्वन्द्वको समाधान सैन्यबलबाट गर्ने प्रयासका कारण त्यसबेला लिट्टेले युद्धविराम भङ्ग गर्दै प्रेमदाशासँगको शान्तिवार्ता भंग गरेको थियो। त्यसपछि पटक पटक गरिएको शान्ति प्रयास असफल हुँदै गएको छ। त्यसबेला श्रीलंकाली सरकारले विद्रोही लिट्टेसँग शान्तिवार्ता सफल पार्न नसक्नुको महत्वपूर्ण कारण भने दुवै पक्ष र खास गरी श्रीलंकाली सरकारबाट शान्ति तथा पुनर्विमर्श प्रयासलाई बेवास्ता गरिनु नै थियो। श्रीलंकाली सरकारले त्यतिखेर तेश्रो पक्षलाई मध्यस्थकर्ताको रूपमा उभ्याउने सन्दर्भमा विद्रोहीसँग हैटीका लागि पूर्व राजदूत तथा फ्रेन्च कूटनीतिज्ञ फ्रान्कोइन्स मिसेल (Francoins Michel) लाई प्रस्तुत गर्दा लिट्टेले शान्ति प्रक्रियामा कुनै व्यक्ति विशेषलाई मध्यस्थका रूपमा उभ्याउन नमिल्ने र मिसेलको कुमारातुङ्गासँग नजिकको सम्बन्ध रहेको भनी ठाडै अस्वीकार गरेको थियो। अहिले नेकपा (माओवादी) को हतियार व्यवस्थापनका लागि तेश्रो पक्षलाई मध्यस्थ बनाउँदा उक्त घटनाप्रति ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

सन् १९९४-९५ ताका श्रीलंकाली सरकार र विद्रोही लिट्टे दुवैले एकआपसमा विश्वासको वातावरण बनाउन, साझा धरातल पत्ता लगाउन र युद्धलाई दीर्घकालीन रूपमा अन्त्य गर्न प्रशस्त प्रयास गर्दा गर्दै पनि शान्ति प्रक्रियाले गन्तव्य पहिल्याउन सकेन। त्यसबेलाको श्रीलंकाली शान्ति प्रयास असफल हुनुका केही कारणहरूमा स्पस्ट कार्यदिशाको कमी, सरकारी शान्तिवार्ताको नेतृत्व माथिको प्रश्नचिन्ह (त्यस बेला कुमारातुङ्गासँग व्यक्तिगत सम्बन्ध भएका चार जना व्यक्तिहरूलाई सकारी शान्तिवार्ता टोलीमा राखिएको थियो), राष्ट्रपति कुमारातुङ्गा र लिट्टे प्रमुख प्रभाकरणबीचमा विचार आदानप्रदान चिठीपत्रबाट गरिनु (स्मरण रहोस त्यतिखेर यी दुईजनाबीच कम्तीमा ४० ओटा चिठीपत्रहरू आदानप्रदान गरिएका थिए । उनीहरूले द्वन्द्व समाधानको उपयुक्त व्याख्या एक अर्कालाई बुझाउन नसकेको मानिन्छ), अनौपचारिक चरणका वार्ताहरूको कमी, सैद्धान्तिक रूपले सहमतिमा पुगिएका बुँदाहरूको व्यावहारिक अभ्यास हुन नसक्नु र तेश्रो पक्षको प्रभावकारी उपस्थिति नहुनु नै थिए। यस बाहेक दुवै पक्षले शान्ति प्रक्रियालाई अगाडि बढाउने संयुक्त पहलको साटो एकपक्षीय पाइलाहरू चाले, जसले एकआपसमा शंका उपशंका उत्पन्न गराइरह्यो। शान्ति प्रक्रियामा देखा पर्न सक्ने गतिरोध समाप्त गरी अघि बढ्नसमेत शान्तिवार्ता पूर्व वा पछि कुनै छलफल सहमति समेत गरिएन। श्रीलंकाली द्वन्द्व समाधानको लागि १९९४-९५ मा गरिएको शान्तिवार्ताको सबैभन्दा नराम्रो पक्ष भनेकै द्वन्द्वरत पक्षहरूद्वारा शान्ति स्थापना र द्वन्द्वका दीर्घकालीन व्यवस्थापनको लागि रचनात्मक प्रक्रिया अपनाएर विश्वासको वातावरण सृजना गर्न नसक्नु नै थियो।

फिलिपिन्स सरकार र मोरो नेसनल लिबरेसन फ्रन्ट (MNLF) बीच दुई दशक लामो र निरन्तर गरिएको शान्ति वार्तामार्फत द्वन्द्व व्यवस्थापनको अभ्याससमेत सार्थक हुन सकेका छैन। यस अवधिमा लाखौं मानिस घरवारविहीन भएका छन्। हजारौले ज्यान गुमाएका छन् र लाखौँको धनसम्पति नष्ट भएको छ। फिलिपिन्समा जारी द्वन्द्वको मुलभूत विषयलाई सम्बोधन नगरिएकै कारण त्यहाँ गरिएका विभिन्न शान्ति प्रयासहरू सफल हुन सकेनन्। लिबिया, इण्डोनेसिया र मलेसिया जस्ता राष्ट्रहरूको मध्यस्थता भए तापनि फिलिपिनी सरकार र मोरो नेसनल लिबरेसन फ्रन्टबीचका शान्ति प्रयासहरू सफल भएनन्। मिन्दनाओ क्षेत्रको रक्तपातपूर्ण युद्ध अझै अन्त्य हुन सकेको छैन। सन् १९७२ देखि सन १९९६ सम्ममा अर्गनाइजेसन अफ इस्लामिक कन्फेरेन्सले फिलिपिनी द्वन्द्व व्यवस्थापनको लागि पटक पटक गरेको कूटनीतिक प्रयासले गन्तव्य समात्न सकेको छैन। पछिल्लो पटक फिलिपिनी राष्ट्रपति ग्लोरिया माकापागल ओरियोद्वारा सन् २००० यता मोरो नेसनल लिबरेसन फ्रन्टसँग छिमेकी राष्ट्रहरूसँगको सहयोगमा अघि बढाइएको शान्ति प्रयासले

केही उल्लेख्य सशस्त्र द्वन्द्वहरू २००५

प्रमुख युद्धरत पक्षहरू	सुरु भएको वर्ष
मध्यपूर्व	
अमेरिका र ब्रिटेन विरुद्ध इराक	२००३
इजरायल विरुद्ध प्यालेस्टाइन	१९४८
एसिया	
फिलिपिन्स विरुद्ध मिन्दानाओ पृथकतावादी	१९७१
इन्डोनेसिया विरुद्ध पपुवा पृथकतावादी	१९६९
भारतविरुद्ध कास्मिरी पृथकतावादी	१९४८
	१९९५
अफ्रिका	
अल्जेरिया विरुद्ध सशस्त्र इस्लामिक समूह	१९९१
युगाण्डा विरुद्ध लर्ड रेसिसटेन्स आर्मी	१९८६
सोमालिया विरुद्ध राइभल क्ल्यान्स	१९९१
युरोप	
रुस विरुद्ध चेचेन पृथकतावादी	१९९४
ल्याटिन अमेरिका	
कोलम्बिया विरुद्ध नेशनल लिबरेसन आर्मी	१९७८

हालसालै स्थगित केही सशस्त्र द्वन्द्वहरू	
प्रमुख युद्धरत पक्षहरू	द्वन्द्वरत अवधि
सुडान विरुद्ध सुडानी पिपुल्स लिवरेसन आर्मी	१९८३- २००४
बुरुण्डी : तुत्सी विरुद्ध हुतु	१९८८-२००१
इन्डोनेसिया विरुद्ध पूर्वी टिमोर	१९७५-२०००
इन्डोनेसिया विरुद्ध इरिट्रीया	१९९८-२०००
चाड विरुद्ध मुस्लिम पृथकतावादी	१९९८-२०००

समेत क्वालालम्पुर, ट्रिपोली, मलेसियाको पुत्राजय, सेलानगरसम्म पुग्दा पनि उपयुक्त निकास पाउन सकेन। विज्ञहरूका अनुसार स्वायत्त शासनको माग गरिरहेको बङ्सामोरोका जनतालाई शान्ति प्रक्रियामा सहभागी नगराइनु र तिनीहरूको सामूहिक आवाजलाईसमेत सम्बोधन नगरिनु नै फिलिपिनी द्वन्द्वको समाधानका लागि घातक तत्व मानिएको छ।

मिन्दनाओं शान्ति प्रक्रियाको पटक पटकको असफल प्रयासले द्वन्द्व समाधानमा तेश्रो पक्षको प्रभावकारी संलग्नतालाईसमेत महत्व नदिएको देखिन्छ। यहाँ सञ्चालित सशस्त्र युद्धका कारण सन् १९७० देखि १९९६ को २६ वर्षको अवधिमा झण्डै १ लाख व्यक्तिले ज्यान गुमाइ सकेका छन्। त्यहाँ युद्धविराम पटक पटक गरिएको छ। यद्यपि दीर्घकालीन शान्तिका लागि प्रभावकारी कदम चालिएका छैनन्। यसबाटसमेत नेपालको वर्तमान अन्तरिम शासनकालमा शान्ति प्रक्रिया कसरी अगाडि बढाउने सन्दर्भमा पाठ सिक्न सकिन्छ।

३.२ द्वन्द्व रूपान्तरण विवाद र समाधानको प्रक्रिया

साधारणतया मानिसहरूले द्वन्द्वलाई नकारात्मक अर्थमा बुझ्ने गर्दछन्। यद्यपि द्वन्द्वलाई सामाजिक अन्तरक्रियाको आन्तरिक र आवश्यक तत्व मानिन्छ। यसलाई परिवर्तन र विकासको वाहक शक्तिका रूपमा पनि हेर्ने गरिन्छ। द्वन्द्वको उत्पत्ति कसरी भयो भन्ने कुरा चाही महत्वपूर्ण हो। यदि द्वन्द्वले हिंसा निम्त्याउछ भने त्यो अवश्य नै आमसरोकारको विषय बन्दछ। समग्रमा द्वन्द्व रूपान्तरणको विवादले खास गरी अन्तरिम शासनकालमा विभिन्न पक्षका विचार बुझ्न र आधुनिक युद्ध स्थितिको संस्थागत गतिको प्रक्रिया पहिचान गराई समझदारी सृजना गर्न महत्वपूर्ण भूमिका खेल्दछ।

द्वन्द्व विशेषज्ञ रिमान (Riemann) का अनुसार सशस्त्र राजनीतिक द्वन्द्व समाधानका लागि विभिन्न किसिमका विधिहरू अपनाउन सकिन्छ। उनका अनुसार द्वन्द्व रूपान्तरणको प्रक्रियामा तीनओटा मार्गहरू अभ्यास गर्न सकिन्छ।

पहिलो मार्गको रणनीति अनुसार द्वन्द्व रूपान्तरणको प्रक्रियामा कुटनीतिज्ञ र सरकारी अधिकारीहरू प्रमुख तत्वका रूपमा सहभागी हुन्छन्। यस्तो प्रक्रिया नितान्त औपचारिक रणनीतिमा सीमित रहन्छ। दोश्रो मार्गको रणनीति अनुसार द्वन्द्व रूपान्तरणको प्रक्रियामा गैरसरकारी पक्षहरू सहभागी हुन्छन्। यस्तो रणनीति नितान्त अनौपचारिक प्रयास मानिन्छ, जहाँ प्रशस्त अनौपचारिक छलफल र बहस गर्न सकिन्छ। तेश्रो मार्गअनुसार द्वन्द्व रूपान्तरणको प्रक्रियामा शान्ति स्थापना र द्वन्द्व समाधानका लागि बढी पहल गरिन्छ। यस मार्गले तल्लो स्तरको तालिममा संलग्न व्यक्ति, क्षमता र अभिवृद्धिमा सहभागी र मानवीय तथा विकास सहयोगमा आबद्ध पक्षहरूको संलग्नतामा जोड दिइन्छ। यस तहमा गरिने गतिविधिहरूले राहत कार्य, मानवअधिकारसँग सम्बन्धित विषय र विकास कार्यहरूलाई द्वन्द्व रूपान्तरणको प्रमुख विषय वस्तुको रूपमा समेट्दछ। द्वन्द्व विज्ञ रिमानले यी तीन मार्गहरूलाई एक आपसमा सहयोगी र परिपूरक मार्गका रूपमा विद्यमान द्वन्द्व समाधानका लागि प्रयोग गरिनु पर्ने कुरामा जोड दिएका छन्।

वालेन्स्टन (Wallensteen) का अनुसार कठीन राजनीतिक संकटमा संस्थागत व्यवस्थापन र वार्ता प्रक्रिया केही हदसम्म तोडमोड हुन सक्छन्। उनका अनुसार राजनीतिक संकटको समयमा शक्तिशाली सैन्य पक्षले कुनै निश्चित व्यक्ति वा समूहका लागि आफ्नै किसिमको खेल खेलिरहेका छन्। यस्तो अवस्थामा

मार्ग १, २, ३ तथा संलग्न पक्ष र गतिविधिहरू			
	मार्ग १	मार्ग २	मार्ग ३
संलग्न पक्षहरू	राजनीतिक तथा सैन्य नेताहरू तथा द्वन्द्वरत पक्षका प्रतिनिधिहरू मध्यस्तकर्ता हुन्छन्।	द्वन्द्व रूपान्तरणको प्रक्रियामा व्यक्ति विशेष, शिक्षाविद, व्यवसायी, नागरिक समाज, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कुटनीतिक संस्था र गैर सरकारी संस्थाका प्रतिनिधिहरू सहभागी हुन्छन्।	तल्लो तहका स्थानीय संस्था, मानवअधिकारवादी संस्था र मानवीय तथा विकास सहयोगी संस्थाहरू संलग्न हुन्छन्।
रणनीतिहरू	उपलब्धि सम्बन्धित : बाध्यकारी मापन, जस्तै: नाकाबन्दी, शक्ति।	प्रक्रिया सम्बन्धित: बाध्य नहुने मापनहरू, जस्तै : सहजीकरण, राउण्ड टेबल, गोष्ठी, सेमिनार आदि।	प्रक्रिया तथा संरचना सम्बन्धित : क्षमता अभिवृद्धि, क्षति न्यूनीकरण, विकास, मानवअधिकार कार्यसूची र मानवीय सहयोग।

स्रोत : रिमान २००१

द्वन्द्वरत पक्षहरूले संस्थागत शान्ति प्रक्रियालाई परिवर्तित तरिकाबाट प्रयोग गर्नु उपयुक्त ठहरिन्छ। यहाँ मनन् गर्नुपर्ने तथ्य भनेको संस्थागत पुर्नसंरचनाले सबैखाले तहसम्म सान्दर्भिक तरिकाबाट सम्बोधन गर्नु पर्दछ। यसले संस्थागत परिवर्तनको वातावरण मात्र प्रदान गर्दैन, बरु राम्रो कानूनको विकास, संविधानहरूको परिवर्तन र कार्यदिशा पहिल्याउनमा समेत सहयोग पुऱ्याउँदछ।

नागरिक युद्धले नागरिक संस्थाहरूलाई नै तोडमोड गर्ने भएकाले यसलाई युद्धबाट शान्तितर्फको महत्वपूर्ण तत्वका रूपमा लिइन्छ। त्यसैले शान्ति स्थापना र राज्यको पुनर्संरचनालाई एकअर्काबाट छुट्टयाएर राख्न सकिदैन। यी दुवैका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। यस अर्थमा प्रत्येक समाज सम्झौताको बाटोमा फर्किनु पर्दछ, युद्धमा होइन।

३. अन्तरिमकालमा मानवअधिकार र शान्ति प्रक्रिया

मानवअधिकार र द्वन्द्व समाधानको प्रक्रियाबीच एक अर्कालाई सहयोग गर्ने सन्दर्भमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। सशस्त्र द्वन्द्वले जहिलेपनि मानवअधिकारको हनन्मा वृद्धि गरिरहेको हुन्छ। हत्या, अपहरण, बेपत्ता, काराबास, भौतिक सम्पत्तिको क्षति जस्ता मानवअधिकार हनन्का घटनाहरूले विभिन्न वर्ग, समूह, धर्म र जातिलाई राजनीतिक सहभागिताबाट टाढा राख्दछ। फलस्वरूप त्यस्ता समूहले राज्यको विरुद्धमा आवाज उठाउँछन् र द्वन्द्व चर्किदै जान्छ। तसर्थ मानवअधिकारको संरक्षण गर्नु शान्ति स्थापनाका लागि अनिवार्य छ भने शान्ति स्थापना हुँदा मानवअधिकारको समेत रक्षा गर्न सकिन्छ। यहाँ मानवअधिकार कसरी द्वन्द्व समाधानका लागि सहयोगी हुनसक्छ भन्ने विषयमा चर्चा गर्नु उपयुक्त हुन्छ।

द्वन्द्व समाधानका लागि मानवअधिकारको प्रत्याभूतिबाट दीर्घकालीन स्थायित्व प्राप्त हुने भएकोले मानवअधिकारलाई द्वन्द्व समाधानको महत्वपूर्ण अंशका रूपमा लिइन्छ। मानवअधिकारको प्रभावकारी संरक्षण जहिलेपनि न्यायसँग सम्बन्धित हुन्छ। न्यायसंगत समाजमा मात्र मानवअधिकारको रक्षा हुनसक्दछ। यस अर्थमा मानवअधिकारको रक्षासँग आबद्ध राजनीतिक व्यवस्थापनले मात्र देशमा दीर्घकालीन शान्ति स्थापना गर्न सक्दछ। त्यसैगरी मानवअधिकारवादी विधि अपनाएको खण्डमा द्वन्द्वको प्रमुख कारण पत्ता लाग्न सक्दछ र त्यसले द्वन्द्व समाधानलाई समेत सम्बोधन गर्न सक्दछ। जस्तै : धर्म, वर्ण वा लिङ्गका आधारमा गरिने भेदभावपूर्ण सामाजिक संरचनाको उपस्थितिले यस्ता अधिकारहरूको रक्षा राज्यबाट नभएको पुष्टि गर्दछ जसले द्वन्द्वलाई वढावा दिन सहयोग पुऱ्याउँछ। मानवअधिकारको प्रत्याभूतिले राजनीतिक द्वन्द्व समाधानका लागि संभाव्य संयन्त्र पहिचान गर्नसमेत सहयोग गर्दछ। यसले अल्पसंख्यकका अधिकारबारे निर्वाचन पद्धति र स्वायत्त मापनमार्फत् विभिन्न भेदभाव विरुद्धको कानुन निर्माण गरी सकारात्मक प्रभाव पार्न सक्दछ। व्यक्ति विशेष वा कुनै समूहको दाबीहरूलाई समेत समायोजन गर्न मानवअधिकारको आधारभूत मान्यताले सहयोग पुऱ्याउनुका साथै अरु नागरिक तथा राजनीतिक अधिकार वा सम्बन्धित समूहका अन्य दाबीहरूलाई पनि सम्बोधन गर्दछ। फलस्वरूप द्वन्द्व समाधानको प्रक्रिया सजिलो हुन जान्छ। मानवअधिकारको प्रत्याभूतिले द्वन्द्वलाई छोटो अवधिमै समाधान गर्न सक्ने प्रशस्त आधारहरू छन्। यसले सर्वप्रथम त द्वन्द्वरत पक्षहरूका बीच पुलको काम गरी शान्ति प्रक्रियालाई गन्तव्यमा पुऱ्याउछ। द्वन्द्व समाधानका लागि चालिएका सुरुका अभ्यासहरू तुलनात्मक रूपले बढी संवेदनशील हुन्छन र अतिवादीहरूले यस्ता अभ्यासहरूलाई आफ्नो तर्फबाट नकारात्मक प्रभाव पार्ने प्रयास गरिरहन्छन्। मानवअधिकारको संरक्षणले यस्ता अभ्यासहरूले सही गन्तव्यको खोजी गर्न सक्छन्। जसले द्वन्द्व समाधानका लगि सहयोगी भूमिकासमेत खेल्दछ।

मानवअधिकारको रक्षाले शान्ति प्रक्रियालाई अन्तरराष्ट्रिय समर्थन जुटाउन सजिलो मात्र होइन, राजनीतिक व्यवस्थापन गर्नसमेत सहज पार्दछ। यस्तो अवस्थामा सयुक्त राष्ट्रसंघसँग आबद्ध विभिन्न समितिहरूलेसमेत मानवअधिकारको रक्षाको प्रश्नलाई प्रमुख कार्यसूची बनाउन चाहन्छन्। यसरी मानवअधिकारको प्रत्याभुति गरेर द्वन्द्वरत पक्षहरूले द्वन्द्व समाधानको प्रक्रियामा अन्तरराष्ट्रिय समर्थन समेत जुटाउन सक्छन्। यद्यपि मानवअधिकारका अन्तरराष्ट्रिय मापदण्डहरू द्वन्द्वरत पक्षमध्येको कुनै एक पक्षलाई फरक भू-राजनीतिक अवस्थामा मान्य नहुन पनि सक्छ। यस्तो अवस्थामा समेत मानवअधिकारको तटस्थ तर्कका आधारमा द्वन्द्व समाधानका लागि विभिन्न पक्षबीचको असमझदारी हटाउन सकिन्छ। समग्रमा मानवअधिकार र द्वन्द्व व्यवस्थापन एक आपसमा सम्बन्धित हुन्छन्। यिनीहरू बीच उत्पन्न केही अप्ठ्याराहरूलाई राजनीतिक सीप र संस्थागत दक्षताका आधारमा सम्बोधन गरी शीघ्र राजनीतिक निकासको दिशामा अग्रसर हुन सकिन्छ। यस बाहेक युद्धका विपक्षमा राजनीतिक प्रतिबद्धता र युद्धलाई निस्तेज पार्ने सम्झौता गरी मानवअधिकारको प्रत्याभूति गर्न सकिन्छ। किनभने युद्धले मानवअधिकारको चरम उल्लंघन गर्दछ।

निष्कर्ष

नेपालको एक दशक लामो सशस्त्र द्वन्द्व अहिले शान्ति प्रक्रियाको बाटोमा अघि बढिरहेको छ। दीर्घकालीन शान्ति स्थापना र राज्यको पुनरसंरचना बारे व्यापक छलफल चलिरहेको परिप्रेक्ष्यमा अन्तरराष्ट्रिय जगतका शान्ति स्थापनाका असफल प्रयासहरूबाटसमेत शिक्षा लिंदै द्वन्द्व समाधानका लागि अग्रसर हुनु राज्य र माओवादी दुवैको दायित्व हो। २३७ वर्षदेखि शासन गरिरहेको राजतन्त्रको पुनरसंरचना वा अन्त्य दुवैकाबारे बहस चलिरहँदा नेपाली जन्ताको अभिमत अभिव्यक्त गरिनुपर्ने दिशामा कसैले पनि अवरोध खडा गर्नहुन्न।

माओवादीलाई यसअघिका

द्वन्द्वपश्चात्को न्याय प्रक्रिया : अहिले किन ?*

- नील जे. क्रिट्ज

द्वन्द्वपश्चात्को न्यायको भूमण्डलीय खोजीमा पछिल्ला वर्षहरूमा ठूलो प्रगति भएको देखिन्छ। यो सवालले अभूतपूर्व रूपमा नीतिगत कार्यसूचीमा स्थान पाएको छह नयाँ संस्थाहरू तथा कार्यविधि सिर्जना गरिएका छन् र विद्यमान निकायहरू पनि न्याय र जवाफदेहीप्रतिको सरोकार झल्कने गरी समायोजन गरिएका छन्। द्वन्द्वकालमा भएका मानवअधिकार हननलाई लडाईं सकिएपछि त्यसै बेवास्ता गर्न हुँदैन भन्नेमा संसारभर मतैक्य हुँदैछ।

आफूलाई कट्टर "यथार्थवादी" मान्नेहरूले द्वन्द्वपश्चात्को न्याय प्रक्रियालाई फजूल, खर्चिलो र उत्तम स्वरूपमा पनि शत्रुतालाई निराकरण गर्ने सन्दर्भमा असान्दर्भिक तथा निकृष्ट स्वरूपमा भन्नु पर्दा नाजुक संक्रमणकालीन अवस्थालाई अस्थिर पार्ने भन्ठान्छन्। यद्यपि, यस्तो सोच राख्ने नीति निर्माता र कूटनीतिज्ञहरू क्रमशः अल्पमतमा पर्दैछन्। (मानवअधिकारको) गम्भीर हननका सन्दर्भमा द्वन्द्वपश्चात्को न्यायसम्बन्धमा चासो बढ्नुका कम्तीमा पाँचवटा कारणहरू छन्, जसबारे, तल चर्चा गरिएको छ।

पहिलो कारण विश्वव्यापी समाचार माध्यमहरूको बदलिँदो प्रकृति रहेको छ। कुनै एक स्थानमा गरिएको ज्यादती संसारभरि नै रिपोर्ट गरिने र हेरिने अत्यधिक सम्भावना रहेको अहिले समयमा सम्बन्धित देशको सरकारले कुनै न कुनै रूपमा प्रतिक्रिया दिने आशा (कम्तीमा पनि इतिहासका कुनै पनि काल खण्डमा भन्दा बढी) गर्न सकिन्छ। यही कुरा कम्तीमा पनि विदेशी सरकारहरू र अन्तर्राष्ट्रिय निकायका लागि पनि लागू हुन्छ र ज्यादतीहरू प्रष्टसँग एवं व्यापक रूपमा सार्वजनिक भइरहँदा आफ्नो जवाफदेही स्थापित गर्नु पर्ने ठूलो दबाबमा तत्कालै पर्दछन्।

दोस्रो, विशेषतः मानवअधिकार समुदाय र सामान्यतया गैसस क्षेत्रको आकार र प्रभावमा भएको वृद्धिले न्याय र जवाफदेहीका सवाललाई सम्बोधन गर्नै पर्ने नयाँ दबाब पैदा गरेको छ। जब गठबन्धनहरू विस्तार हुन्छन् र नीति निर्माणका बहसमा गैरसरकारी क्षेत्रको आवाज बढी प्रतिष्ठित हुँदै जान्छ, तब सरकारले यस्ता सवाललाई सहजै रद्दीको टोकरी फाल्न र विगतको हननबारे आँखा चिम्लन सक्दैन। त्यस्ता घटनाहरू प्रेसमार्फत् सार्वजनिक नभएकै अवस्थामा पनि गैससहरूले आफ्ना विस्तीर्ण सञ्जाल र पीडितहरूले इन्टरनेटको प्रयोग गरेर सूचना प्रवाह गर्दछन्। अन्तर्राष्ट्रिय अपराध अदालत (आईसीसी) को स्थापना हुनुमा नयाँ गैरसरकारी शक्तिहरूको कम भूमिका छैन।

तेस्रो, अन्तर्राष्ट्रिय कानुनले प्रष्ट पार्दैछ कि कम्तीमा पनि जातिहत्या, युद्ध अपराध, मानवताविरुद्ध अपराध र यातनाका सन्दर्भमा आममाफी (ब्ल्याङ्केट एम्नेस्टी) निषिद्ध छ र त्यस्ता अपराधलाई अनुसन्धान गर्ने र मुद्दा चलाउने बाध्यात्मक दायित्व सरकारमाथि हुन्छ। परिणाम स्वरूप, हालैका वर्षहरूमा, यस्ता अपराधहरूका सन्दर्भमा आममाफीको निषिद्धतालगायतका निर्देशनलाई संयुक्त राष्ट्रसंघीय मध्यस्थकर्ताहरूले यस संस्थाको मध्यस्थतामा हुने सम्झौताहरूमा नियमित रूपमा समावेश गर्ने गरेका छन्।

चौथो, द्वन्द्वपश्चात्को न्यायको महत्वलाई बढी कदर गर्नुमा कम्तीमा पनि अधिकांश युद्धहरूको बदलिँदो प्रकृति पनि कारक रहेको छ। सन् १९९९ मा संसारमा भइरहेका प्रमुख हिंसात्मक द्वन्द्वहरूमध्ये कम्तीमा पनि ९३ प्रतिशत द्वन्द्व राज्य-राज्यबीचमा होइन कि राज्यभित्रै भएका थिए। द्वन्द्वपश्चात्को न्यायको अनिवार्यतासँग यस तथ्यको अर्थयुक्त सम्बन्ध छ। राज्य-राज्यबीच हुने द्वन्द्व भन्दा फरक कुरा के छ भने यी लडाईंका विभिन्न पक्षहरूसँग भौगोलिक सीमाले छुट्टिने अवसर हुँदैन। प्रत्युत, आन्तरिक द्वन्द्वमा संलग्न पक्षहरू त सँगसँगै बस्नु पर्ने र दैनन्दिन सम्पर्कमा आइरहनु पर्ने हुन्छ। जहाँ द्वन्द्वको विशेषता नै व्यापक ज्यादती एवं छिमेकीको अधिकार र मर्यादाको हनन हुन्छ, त्यहाँ कुनै न कुनै रूपको (द्वन्द्वपश्चात्को) न्याय अनिवार्य हुन्छ। पीडित र पीडकहरूबीच सडकमा वा राजनीतिक मञ्चमा अनिवार्य अन्तर्क्रिया हुने अवस्थामा यदि समाजलाई शान्तिपूर्ण बनाउने उद्देश्य लिने हो भने गतिशील र प्रष्टसँग विद्यमान दुःखद् विगतलाई विचारपूर्वक र सावधानीसहित सामना गर्नु पर्दछ।

अन्त्यमा, राज्यमा हुने आन्तरिक द्वन्द्व सँगसँगै युद्धका क्रममा सर्वसाधारणलाई लक्ष्य गरी आक्रमण गर्ने कार्यको पनि रणनीतिकै रूपमा नाटकीय विस्तार भएको छ। अन्तर्राष्ट्रिय मानवीय कानुनको यस्तो व्यापक उल्लंघन विश्वका प्रायः महादेशमा पछिल्ला वर्षहरूमा भएका लडाईंमा बढ्दो क्रममा रहेको छ। (द्वन्द्वरत पक्षहरूले) सर्वसाधारणलाई जानजान निशाना बनाउने कार्यले त्यस्ता आचरणलाई सजाय दिन र द्वन्द्वपछि बदलाको भावनाले उस्तै कार्य नदोहोरियून् भन्ने सुनिश्चित गर्ने उपायका रूपमा "द्वन्द्वपश्चात्को न्याय प्रक्रिया" बारे व्यापक चासो पनि जगाएको छ।

---

* युनाइटेड इन्स्टिच्युट अफ् पीस, रुल अफ् ल प्रोग्रामका निर्देशक क्रिट्जद्वारा लिखित लेख "प्रोग्रेस एण्ड ह्युमिलिटी : द अनगोइङ्ग सर्च फर पोस्ट-कन्फ्लिक्ट जस्टिस" बाट छानिएका अंशहरूको अनुवाद।

क्रिट्ज, नील जे.; "प्रोग्रेस एण्ड ह्युमिलिटी : द अनगोइङ्ग सर्च फर् पोस्ट कन्फ्लिक्ट जस्टिस"; पोस्ट कन्फ्लिक्ट जस्टिस, एम. चेरिफ बासिओउनी (एडिटर); ट्रान्सनेसनल पब्लिसर्स, सन् २००२

दुईपटकका शान्तिवार्ता असफल पारेको भनी अन्तर्राष्ट्रिय जगतबाटसमेत आरोप लागिरहेको सन्दर्भमा अहिले चलिरहेको शान्तिवार्ता माथि समेत प्रश्न नउठेका होइनन्। माओवादीको हतियार व्यवस्थापन र सात राजनीतिक दलसँग माओवादीले गरेका विभिन्न चरणका समझदारी र सम्झौताको कार्यान्वयन नहुन्जेल अन्तरराष्ट्रिय जगतबाट समेत माओवादीलाई पुरानै आरोप दोहरिन सक्दछ। सयुक्त राज्य अमेरिकाले माओवादीमाथि लगाएको आतंककारी बिल्ला र रेडकर्नर नोटिस यथावतै रहेकोले विषयलेसमेत द्वन्द्व समाधानका लागि तेस्रो विश्वसनीय पक्षको मध्यस्थता र भूमिकाबारे अन्यौल सृजना हुनसक्दछ। तसर्थ दीर्घकालीन शान्ति स्थापनाको लागि खास गरी संविधानसभाको शीघ्र निर्वाचनको यात्रा तय गर्न संयुक्त राष्ट्रसंघजस्तो भरपर्दो निकायबाट तत्काल मध्यस्थता हुनु अनिवार्य छ। भयरहित अवस्थामा संविधानसभाको निर्वाचन भएको खण्डमा मात्र नेपाली जनताले दीर्घकालीन रूपमा शान्तिको श्वास फेर्न सक्छन्।

विगतमा भएका असफल शान्तिवार्ताको समयमासमेत द्वन्द्वरत पक्षहरू गहिरो षडयन्त्रमा लिप्त रहेको भनी आरोप प्रत्यारोप नलागेको होइन। अहिले सबैले संविधानसभाको निर्वाचनका लागि सहमति जनाइसकेको अवस्था भएकाले विगतको भन्दा फरक परिस्थिति छ। त्यसैले शान्तिका मार्गहरू प्रशस्त अभ्यास गर्न सकिन्छ। ती मार्गहरूको कार्यान्वयनमा ढिलाइ गरिएको खण्डमा शान्ति स्थापनाको बाटोमा समस्या देखिन सक्छ। तसर्थ शान्ति स्थापनाका व्यावहारिक मार्गहरू स्पष्ट गरी तुरुन्त संविधानसभाको निर्वाचनतर्फ अघि बढनु नै द्वन्द्वको निकास हुनसक्छ।

सन्दर्भ सामग्री :

अधिकारी, विपीन; *कन्फ्लिक्ट, ह्युम्यान राइट्स् एण्ड पीस च्यालेन्जेज बिफोर् नेपाल*; सन् २००३।

अभोद, सयेद एम. लिङ्गा; "मिन्दानाओ पीस प्रोसेस : द नीड फर न्यू फर्मुला"; *ह्यूमान राइट्स एण्ड पीस स्टडीज*; साफर; सन् २००४।

सरदेसाइ, डी.आर.; *साउथइस्ट एसिया : पास्ट एण्ड प्रिजेन्ट*; न्यू दिल्ली : विकास पब्लिसिङ हाउस; सन् १९८१।

एली, जे.एच.ह *डेमोक्रेसी एण्ड डिस्ट्रस्ट* ।

कहिन, जर्ज म्याक्टर्नान (सं.); *गभर्नमेन्ट एण्ड पोलिटिक्स अफ् साउथइस्ट एसिया*; सन् १९६४।

कुन्जिक, माइकल; *भायोलेन्स एण्ड द मास मिडिया*।

कुमार, रामनारायण; *द कन्स्टिच्युसनल मोनार्की एण्ड द माओइस्ट अफ् नेपाल : सम प्रोब्लम्स अफ पर्सुएसन-बाई-नेमिङ*।

केस्लर, रिचर्ड जे. ; *पोलिटिक्स फिलिपिन स्टाइल, सिर्का १९८४*; एसिएन सर्भे, सन् १९८४।

कोर्फ, बेनेडिक्ट; कन्ट्राक्ट अर् वार ? एन एस्से अन इन्स्टिच्युसनल लजिक इन भायोलेन्ट कक्फ्लिक्ट्स्।

कौर, रविन्दर एण्ड स्टाफ्फान लिण्डबर्ग; *रेलिजस मोबिलाइजेसन एण्ड अर्गनाइज्ड भायोलेन्स इन कन्टेम्पोरेरी साउथ एसिया*; डेनमार्क : ग्राजुएट स्कुल अफ् इन्टरनेसनल डेम्लप्मेन्ट स्टडिज।

जैन, सतीश के. ; *ग्लोबलाइजेसन एण्ड ह्युम्यानराइट्स*।

डिसिल्वा, के.एम.; *म्यानेजिङ्ग इथ्निक टेन्सन्स इन मल्टिइथ्निक सोसाइटिज : श्रीलङ्का १९८०-१९८५* ; सन् १९८६।

नुरानी, ए.जी.; *इन द नेम अफ् फ्री स्पीच* ।

प्याकुरेल, सुशील र कुन्दन अर्याल; *मानवअधिकार र प्रेस*; काठमाण्डौ : नेपाल प्रेस इन्स्टिच्युट, सन् १९९२।

पन्त, लक्ष्मणदत्त; "इस्सेन्सिएल्स फर द सक्सेस अफ् डेमोक्रेसी"; *द राइजिङ नेपाल* सेप्टेम्बर ३०, सन् २००२।

पोवल, जी. बिङ्घम जुनियर; *कन्टेम्पोरेरी डेमोक्रेसिज् : पार्टिसिपेसन, स्टेबिलिटी एण्ड भायोलेन्स* ; क्याम्ब्रिज : हार्वार्ड युनिभर्सिटी प्रेस, सन् १९८२।

फर्निवाल, जे.एस. ; *ट्विलाइट इन बर्मा : इन्डेपेन्डेन्स एण्ड आफ्टर*; सन् २००५।

बेकर, सी.इ.; *ह्युम्यान लिबर्टी एण्ड फ्रीडम अफ् स्पीच*।

मिद्ग्ली, एम.; *द इथ्निकल प्राइमेट : ह्युम्यान्स, फ्रीडम एण्ड मोरालिटी*; सन् १९९४।

मोयेर, के.इ.; *भायोलेन्स एण्ड एग्रेसन*।

रावल्स, जोन; *ए थ्योरी अफ् जस्टिस*; क्याम्ब्रिज : द बेल्क्नाप प्रेस अफ् हवार्ड युनिभर्सिटी, सन् १९९९।

रिड, स्टेभेन; "डेमोक्रेसी एण्ड द पर्सनल भोट : अ कसनरी टेल फ्रम जापान"; *इलेक्टोरल स्टडिज* १३(१), १७-२८।

स्टेन्स, ए.; कन्स्टिच्युसनल प्रोटेक्सन एण्ड द युरोपियन कन्भेन्सन अन ह्युम्यान राइट्स्। सिसोन, कार्मेलो भी. (सं.); *कन्स्टिच्युसनल एण्ड लेगल सिस्टम्स अफ् आसियान कन्ट्रिज*; मनिला : एकेडेमी अफ् आसियान ल एण्ड जुरिस्प्रुडेन्स, सन् १९९२।

सेन्टर फर् ह्युम्यान राइट्स् एण्ड डेमोक्रेटिक स्टडिज; *फ्री एक्स्प्रेसन*।

शान्ति प्रक्रियामा गैसस र नागरिक समाजको भूमिका

केशव सिग्देल

विषय प्रवेश

द्वन्द्व सामाजिक गतिशीलताको संकेत हो। तर द्वन्द्वका कारक र द्वन्द्वको स्वरूपका आधारमा त्यो चलायमानताले प्रगतिशील वा अधोगामी कस्तो परिणाम निम्त्याउँछ भन्ने कुरा निर्भर गर्दछ। नेपाली समाज अहिले एउटा विशिष्ट संक्रमणको अवस्थामा छ। करिब साडे दुई शताब्दी लामो राजतन्त्रात्मक सामन्ती शासकीय संरचनाभित्र नेपाली जनताको आत्म निर्णयको अधिकार सधैं बन्धक बनेको ऐतिहासिक अनुभवका आधारमा नेपाली जनताले आफ्नो सार्वभौम नागरिक अधिकारलाई स्थापित गर्न थुप्रैपटक जनविद्रोहहरू गरेका हुन्। इतिहासका विभिन्न कालखण्डमा त्यस्ता विद्रोहहरूले आंशिक सफलता प्राप्त गरे तापनि पुरातनवादी शासकीय संरचनामा आमूल परिवर्तन नगरी त्यस्ता आंशिक सफलताहरूलाई संस्थागत गर्ने प्रयासहरू सम्पूर्ण रूपमा सफल हुन सकेनन्, जुन अस्वाभाविक होइन। २०४६ को जनआन्दोलनबाट प्राप्त परिवर्तनलाई यसै रूपमा बुझ्न वाञ्छनीय देखिन्छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले २०५२ सालदेखि सुरु गरेको सशस्त्र आन्दोलनले चरम द्वन्द्वको रूप लिँदै जाँदा भएका मानवीय र भौतिक क्षतिले आम मानिसहरूमा निरन्तर त्रास र निराशा पैदा गरिरहेको अवस्थामा देशलाई त्यो मनोविज्ञानले निम्त्याउने पतनबाट जोगाउन आवश्यक थियो। अर्कोतिर माओवादी सशस्त्र विद्रोहको कारकका रूपमा रहेका आर्थिक, सामाजिक विषमताहरूलाई सम्बोधन गर्न र यी विषमताहरूलाई संस्थागत रूपमा मलजल गर्दै शासकीय स्वार्थ सिद्ध गरिरहेको राजतन्त्र विरुद्ध लड्न पनि उत्तिकै आवश्यक थियो। तर राजनीतिक दूरदर्शिता र दृढ इच्छाशक्तिको अभावमा राजनीतिक दलहरूले दरबारको प्रभावबाट आफूलाई मुक्त गर्न सकिरहेका थिएनन्।

२०५८ असोज १८ मा जननिर्वाचित सरकारलाई च्युत गर्ने शाही कदम र २०५९ माघ १९ मा प्रत्यक्ष शासन गर्ने शाही घोषणासँगै इतिहासको एउटा मोडमा देखिएको असामञ्जस्यताले नयाँ स्वरूप लियो र संसदवादी राजनीतिक दल र नेकपा (माओवादी) लाई राजतन्त्रले नेतृत्व गरिरहेको पुरातनवादी सामन्ती सत्ताका विरूद्ध एकीकृत रूपमा संघर्ष गर्ने ऐतिहासिक बाध्यता सृजना गऱ्यो। र त्यसैको परिणामस्वरूप दिल्ली सम्झौता हुँदै २०६२ चैत २४ गतेदेखि सुरु गरिएको शान्तिपूर्ण जनआन्दोलनमा आएर त्यसले साकार रूप प्राप्त गऱ्यो। र त्यो आन्दोलनको शक्तिले अन्ततः २०६३ वैशाख ११ गते नेपालको राजनीति नयाँ मोडमा प्रवेश गऱ्यो, जस्ले देशमा जारी सशस्त्र द्वन्द्वलाई शान्तिर्फ संक्रमण गरायो।

सशस्त्र द्वन्द्व र शान्ति संक्रमणका असजिला

सशस्त्र द्वन्द्व पछिको समयमा पुनर्स्थापित/पुनर्निर्माण र शान्ति प्रक्रियालाई व्यवस्थित गर्न सशस्त्र द्वन्द्वका कारक रहेका राजनैतिक एवम् आर्थिक, सामाजिक विषमताहरूलाई बुझ्न आवश्यक हुन्छ। द्वन्द्वको वास्तविक कारणलाई सम्बोधन नगरिकन थालिने विकास र पुनर्निर्माण प्रक्रियाले समय र स्रोतको अपव्यय मात्र गराउँदैन, द्वन्द्वलाई पुनः निम्त्याउन वातावरण समेत तयार गर्दछ। सामान्यतया द्वन्द्वलाई विभिन्न तीन तहमा वर्गीकरण गरेर हेर्न सकिन्छः

(क) राज्यभित्रको पृथकतावादी आन्दोलन द्वन्द्व। जस्तो साइप्रस, इरिट्रिया, श्रीलंका र सुडान।

(ख) राज्यको केन्द्रीय सत्ता नियन्त्रण गर्ने द्वन्द्व, जस्तो- एङ्गोला, अफगानिस्तान, कम्बोडिया, कोलम्बिया, एल साल्भाडोर, इथोपिया, इराक, लेवनान, पेरू, रुवान्डा र नेपाल।

(ग) सीमा जोडिएका भूमिहरूमा दाबी गर्ने अन्तरराज्य द्वन्द्व, जस्तो- चाड, इजरायल, कस्मिर, कुवेत।

विश्वको इतिहासले देखाएको दृष्टान्त के हो भने दोस्रो वर्गीकरणका देशहरू प्रायः विश्वका गरिबतम् मुलुकहरू मध्येमा पर्छन्। यिनीहरू द्वन्द्वका चक्रमा अल्झिरहन्छन्। नेपालको द्वन्द्व पनि यही कित्तामा पर्दछ, तर सौभाग्यवश हाम्रो द्वन्द्व अहिले शान्ति संक्रमणतर्फ उन्मुख भइरहेको छ। नेपालमा चलेको द्वन्द्वका कारण धार्मिक वा जातीय नभई आर्थिक, सामाजिक असमानता भएकाले पनि यसको राजनीतिक निकास खोज्न तुलनात्मक सजिलो र छिटो भएको अनुभव गर्न सकिन्छ।

महात्मा गान्धीले भनेका छन्- निरंकुश शासकको शक्ति जनताको इच्छामा भर पर्दछ, कुनै पनि मुल्यमा जनता उसलाई मान्न तयार भएनन् भने निरंकुश शासकको शक्ति त्यही समाप्त हुन्छ *(सेपार्ड १९८७ : ४)* । नेपाली जनताले जनआन्दोलनका माध्यमबाट देखाएको त्यही दृढताले नेपाली समाज आज लोकतान्त्रिक रूपान्तरणको प्रक्रियामा पुगेको हो। तर राज्यको पुनर्निमाण देखि संविधानसभाको निर्वाचनका प्रक्रियाहरूमा राज्यका सबै क्षेत्रहरूको लैङ्गिक, भौगोलिक, धार्मिक, क्षेत्रीय आदि सबै रूपमा समानुपातिक प्रतिनिधित्व गराउने चुनौती अहिले राज्य सामु छ।

हुन त द्वन्द्वबाट शान्तिमा संक्रमण हुने प्रक्रिया आफैमा एउटा विशिष्ट अवस्था हो र यो निरन्तर तनाव र सम्मिलनको प्रक्रियाबाट गुज्रिरहेको हुन्छ। तथापि

यसको शतत् प्रक्रियामा यसका सम्वाहक शक्तिहरू आफै बाधक बन्ने अवस्था पनि सृजना हुन्छ। जस्तो राजनीतिक रूपान्तरणमा सहभागी राजनीतिक दल, माओवादी व अन्य पेसागत संस्थाहरू आफैंमा संगठित शक्तिहरू हुन्, जसका आ-आफ्नै राजनीतिक दर्शन, मान्यता, सोच, व्यवहार र मनोदशाहरू छन्। यिनीहरूले संस्थागत रूपमा आन्दोलनमा सहभागिता जनाएकाले यिनीहरूका संस्थागत सोच र अहंकार पनि छन्। एक हिसाबले प्रत्येकको आ-आफ्नै "संस्थापना" छ र त्यसले उनीहरूलाई जड बनाइदिएको छ। फलस्वरूप शान्ति प्रक्रिया सुस्त र अवरूद्ध हुन सक्ने खतरा पनि रहिरहन्छ। त्यसैले संक्रमणलाई व्यवस्थापन गर्न राजनीतिक तहमा "अधिकार" र "शान्ति" मध्ये के कुरालाई प्राथमिकतामा राख्ने भन्ने विषय पनि प्रधान हुन जाने देखिन्छ।

अधिकार वा शान्ति ?

अधिकार र शान्ति कुन प्राथमिक महत्वको विषय हो भन्ने कुराको निरपेक्ष निर्धारण हुन सक्तैन। यो विषय अण्डा र चल्लामध्ये कुन पहिला आयो भन्ने उत्पत्ति आख्यान जत्तिकै जटिल छ। अधिकार नपाएकाले विद्रोहमा उत्रिँदा शान्ति खल्बलिन्छ भने अधिकार सुनिश्चित गर्न शान्ति स्थापना हुन पनि उत्तिकै आवश्यक छ। श्रीलंकाली द्वन्द्वको कुरा गर्दा तामिलहरूको जातीय अधिकार र राष्ट्रिय शान्ति दुवै महत्वपूर्ण हुन्छन्। अधिकार प्राप्तिको उद्देश्य स्थायी शान्ति सुनिश्चित गर्नु नै हो। त्यसैले पहिले शान्ति स्थापना गर्ने र त्यसपछि नागरिकहरूलाई अधिकार दिँदै जाने भन्ने कुरा हुँदैन। त्यसैले अधिकार स्थापित गर्ने र शान्तितर्फ उन्मुख हुने प्रक्रिया साथसाथै अगाडि बढिरहेको हुन्छ। नेपालको शान्ति प्रक्रिया पनि यही मान्यतामा आधारित हुन आवश्यक छ।

शान्ति प्रक्रियामा संलग्न तह

श्रीलंकामा नेसनल पीस काउन्सिल नामक संस्थाले शान्तिका लागि नागरिक आन्दोलनको शुरूवात गऱ्यो र त्यसका लागि आफ्ना कार्यक्रमहरूलाई तीन तहमा लक्षित गऱ्यो।

आम मानिसहरू (तल्लो तह)
बीच तहका उत्प्रेरक
निर्णायक राजनीतिक व्यक्ति/शक्ति

यसको उद्देशय राजनीतिक तहमा इच्छा शक्ति र समझदारिका लागि वातावरण तयार गर्नु, उत्प्रेरक तहलाई शान्तिका पक्षमा जनपरिचालन गर्नु र उनीहरूका आवाजहरूलाई बाहिर ल्याइदिनु र आम मानिसहरूमा शान्तिका लागि चेतना अभिवृद्धि गर्नु र उनीहरूको शान्तिप्रतिको चाहनालाई मुखरित गर्ने अवसर दिनु थियो। *(परेरा : ४१०)*

एकातिर गैरसरकारी संस्थाहरूले सामाजिक पुनर्निमाण बाटो, पानी, बिजुली, विद्यालय, अस्पताल आदिको निर्माण एवं सञ्चालनमा आर्थिक एवं अन्य प्राविधिक सहयोग जुटाउन सक्छन् । यसका साथै द्वन्द्वबाट प्रभावित विस्थापितहरूलाई लक्ष्य गरी पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्न सक्दछन्, जसले समुदायका विभिन्न वर्ग बीचको कटुतालाई समन्वय गर्न सहयोग पुऱ्याउनुका साथै उनीहरूलाई सामान्य जीवनमा फर्कन वातावरण तयार गर्न सक्छ ।

मुलुकले राजनीतिक रूपमा स्थायित्व पाइनसकेको यो संक्रमणकालीन अवस्थामा शान्ति प्रक्रियालाई व्यवस्थित गर्दै लक्ष्यसम्म पुऱ्याउन राष्ट्रिय परिचालनको माथि उल्लेखित ढाँचा सहयोगी हुने देखिन्छ।

राजनीतिक तहमा राजनीतिक व्यक्ति र संस्थाको अस्तित्वको प्रश्न शान्ति सम्झौताका विभिन्न चरणहरूमा अहम् चुनौती बनेर आउँछन्। त्यसैले उच्च राजनीतिक तहमा नागरिक अधिकारलाई व्यवस्थित गर्ने दिशामा र शान्ति प्रक्रियालाई सुचारु बनाउन राजनीतिक दलहरूबीच राष्ट्रिय मुद्दाहरूमा साझा सहमति निर्माण गर्न र संरचनागत परिवर्तनका लागि दृढ इच्छा शक्ति प्रदर्शन गर्न पेसागत संस्था, नागरिक समाज, प्रेसले निरन्तर दबाब दिनुका साथै त्यसका पक्षमा जनमत सृजना गर्नु पर्दछ। यस्तो समयमा बीचको उत्प्रेरक तहको भूमिका समन्वयात्मक हुन सक्नु पर्दछ। एकातिर यसले राजनीतिक तहको प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नु पर्दछ भने अर्कोतर्फ आम जनताका भावनाहरू समेटिएका छन् कि छैनन् भन्नका लागि चनाखो हुनु पर्दछ। साथसाथै शान्ति प्रक्रियामा हुने प्रक्रियागत ढिलासुस्तीका कारण आम मानिसहरूको शान्ति प्रक्रिया प्रतिको भरोसा नघटोस् भन्नका लागि आम मानिसहरूलाई शान्ति प्रक्रियाको अङ्गको रूपमा व्यवहार गरिनु पर्दछ। एक त उनीहरूलाई परिवर्तनप्रति सकारात्मक तुल्याउँदै यो किन आवश्यक छ भन्ने कुराको चेतना विकसित गर्न आवश्यक छ। अर्को यस प्रक्रियामा उनीहरूको पनि भूमिका छ भन्ने कुरामा उनीहरूलाई विश्वस्त गराउँदै उनीहरूको सक्रिय भूमिकालाई वाञ्छनीय तुल्याउँदै लानु पर्दछ।

कहिले काही राजनीतिक तहमा बस्ने व्यक्तिहरूले आफूलाई जनताका प्रतिनिधिको रूपमा प्रस्तुत गरिरहँदा जनताका वास्तविक विचारहरू प्रतिबिम्बित नगरी आरुनो दल वा व्यक्तिगत स्वार्थलाई राष्ट्रिय भावनाको रूपमा प्रस्तुत गर्ने गरेका हुन्छन् भने बीच तहका पेसागत संस्था वा प्रेसले जनताका वास्तविक विचारलाई सम्प्रेषण नगर्दा शान्ति प्रक्रिया अन्तर्गत

खोजिएका समाधानहरूले वास्तविक चाहनालाई अभिव्यक्त नगर्न पनि सक्छन्। त्यसैले यस्तो अवस्थामा सबै विषयहरू खुला र पारदर्शी हुनुपर्दछ र नागरिक बहसको हिस्सा बन्नु पर्दछ। स्वतन्त्र र निष्पक्ष सञ्चारका माध्यमबाट आम मानिसहरूका विचार राजनीतिक तहसम्म पुग्ने र राजनीतिक तहमा गरिने कुनै पनि निर्णय पूर्व त्यस्ता विषयहरूमा आम मानिसहरूको अभिमत बुझ्ने प्रक्रियालाई सरल र व्यवस्थित गर्न आवश्यक हुन्छ। आम नागरिकहरूले आरुनो भनाइको पनि माथिल्लो तहमा सुनुवाइ भइरहेको छ भन्ने विश्वास गर्ने अवस्था सृजना नभएसम्म शान्ति प्रक्रियाले गति लिन सक्तैन र त्यसले स्थायित्व पनि प्राप्त गर्दैन।

शान्ति निर्माणका सर्तहरू

शान्ति निर्माण आफैँमा क्लिष्ट र संवेदनशील प्रक्रिया हो। राष्ट्रिय जीवनको समग्र पक्षमा सम्बोधन नगरिकन यो प्रक्रिया सम्भव पनि हुँदैन। शान्ति निर्माणलाई व्यवहारमा अनुभूत गर्न यसले केही सर्तहरूको माग गर्दछ जसलाई सामान्यतया निम्नानुसार व्याखया गर्न सकिन्छ :

(क) सुरुवात (आइस ब्रेकिङ्ग) : शान्ति निर्माणको पहिलो शर्त यसको वस्तुगत थालनी हो। अङ्ग्रेजीमा एउटा प्रचलित भनाइ छ- राम्रो सुरुवात आधा सम्पन्न सरह हो। नेपालको सन्दर्भमा यो सर्त पूरा भएको मान्न सकिन्छ। किनभने राजनीतिक दल र सशस्त्र विद्रोह गरिरहेको नेकपा (माओवादी) बीच राजनीतिक सहमतिका आधारमा जनआन्दोलन सम्पन्न भएको छ। संविधानसभामा जान प्रारम्भिक सहमतिका साथ वार्ता प्रक्रिया अगाडि बढेको छ।

(ख) लामो र अप्ठेरो यात्राका लागि प्रतिबद्धता : लामो समयको द्वन्द्वलाई केही दिनमै शान्तिमा रूपान्तरण गर्ने कुरा सोच्न सकिँदैन। सशस्त्र द्वन्द्वले आर्थिक, सामाजिक एवं सांस्कृतिक रूपमा धेरे असरहरू पुऱ्याएको छ। त्यसका सकारात्मक र नकारात्मक दुवै प्रभावहरूलाई व्यवस्थित गर्न समय लाग्छ नै। त्यसमाथि बहुजातीय, बहुभाषिक एवं बहुलवादी समाजमा सबैलाई एउटै मतमा सहमत गराउन सजिलो कुरा होइन। वार्तामा संलग्न पक्षका आ-आरुनै उद्देश्य, अपेक्षा र योजनाहरू हुन्छन्, जसको एउटा साझा सहमति खोज्नु पर्ने हुन जान्छ। त्यसमाथि यस प्रक्रियालाई बिथोल्न केही शक्तिहरू लागिरहेका पनि हुन्छन्। यस्तो अवस्थामा शान्ति निर्माणको लामो र असजिलो यात्राका लागि राजनैतिक प्रतिबद्धता आवश्यक हुन्छ।

(ग) स्वामित्व : राष्ट्रिय जनजीवनका सबै पक्ष र क्षेत्रलाई शान्ति निर्माणको प्रक्रिया सहभागी गराइनु पर्दछ। समावेशी लोकतन्त्रको मुख्य अभीष्ट र सर्त पनि यही नै हो। यसो गर्न सकिएमा मात्र शान्ति निर्माणमा सबै पक्षले आफूलाई बराबर हिस्सेदार र मालिकको रूपमा लिन्छ। यसले शान्ति निर्माणमा सहयोग र समर्थन बढ्ने मात्र होइन यसलाई दिगो बनाइराख्न पनि टेवा पुग्दछ।

(घ) सही सूचना : शान्ति निर्माण प्रक्रियालाई विश्वसनीय र सर्वमान्य बनाउन नागरिकहरूले प्रक्रियाका बारे तत्काल र सही सूचना प्राप्त गर्न आवश्यक छ। अन्यथा यसले मानिसहरूमा अनावश्यक भ्रमण सृजना गर्न र शान्ति प्रक्रियाप्रति विश्वास घटाउन सक्छ। त्यसैगरी आम मानिसहरूको वास्तविक चाहनाहरू राजनीतिक तहमा पुगेका छन् भन्ने सुनिश्चित गर्न पनि आवश्यक छ। सरकारले संयुक्त राष्ट्र संघलाई लेखेको चिठीबारे सही सुचना प्राप्त गर्न नसकेर जुन अविश्वास सर्वत्र देखा पऱ्यो, त्यसलाई एउटा उदाहरणका रूपमा लिन सकिन्छ।

(ङ) समग्र तस्विर : शान्ति निर्माणको प्रक्रियामा द्वन्द्वको समग्र तस्विरलाई बुझ्न र सम्बोधन गर्न आवश्यक छ। शान्ति प्रक्रियामा माओवादीका सशस्त्र सैनिकहरूलाई निशस्त्र गर्ने र राष्ट्रिय सेनामा एकीकृत गर्ने विषय, अन्तरिम सरकारमा माओवादीलाई समावेश गराउने विषय र संविधानसभामा जाने विषय मात्र उठेर द्वन्द्वबाट विस्थापित भएका, घाइते भएका वा आर्थिक, सामाजिक वा अन्य रूपमा प्रभावित भएकाहरूको समस्यालाई सम्बोधन गर्न सकिएन भने त्यस्तो शान्ति निर्माण प्रक्रिया अपूरो हुन पुग्दछ।

(च) शासनमा सहभागिता : महत्वपूर्ण कुरा समावेशी संरचना हो। सशस्त्र द्वन्द्व सञ्चालन गर्ने सीप र क्षमता र राज्य सञ्चालनका लागि आवश्यक दक्षता एउटै हुँदैनन्। खासगरी आधारभूत सामाजिक सेवा प्दान गर्ने प्रशासनिक संयन्त्रहरूमा खास विशेषता आवश्यक पर्दछ। त्यसैले सहभागितामूलक र समावेशी बनाउने नाममा संरचनाहरू पङ्गु र अकर्मण्य नबनून् भन्ने तर्फ उत्तिकै राजनीतिक सतर्कता आवश्यक छ।

(छ) समन्वय : सशस्त्र द्वन्द्वको लगत्तैको अवस्था झनै तनावपूर्ण हुन्छ। कतिपय व्यक्ति र समूह द्वन्द्वको समयमा हतियारको चेप परेर चुप लागेका हुन सक्छन् जसमा अहिले प्रतिशोधको भावना आएको हुन सक्छ। त्यसैले त्यस्ता समुदायहरू बीच आपसी सम्बन्धलाइ सुधार गर्न र द्वन्द्वले दिएका पीडाहरूलाई बिर्साउन पुनर्स्थापना र पुननिर्माणका कामहरूलाइ पनि सँगसँगै सुरू गर्नुपर्दछ।

(ज) शान्ति-सूचक : द्वन्द्वको समाप्तिमात्रै अन्तिम लक्ष्य होइन। त्यसैले सामाजिक, आर्थिक जनजीवनलाइ सामान्य तुल्याउने महत्वपूर्ण शान्ति सुचक भनेको निजी एवं सार्वजनिक लगानीको शुरुवात पनि हो। साथसाथै भत्काइएका वा अवरुद्ध पारिएका पूर्वाधार/संरचनाहरू जस्तो सडक, पुल, स्कूल, अस्पताल आदिको पुनसञ्चालन पनि महत्वपूर्ण हुन जान्छ।

(झ) दूरदर्शी नेतृत्व : मानिसहरूका अपेक्षा असीमित छन् र स्रोतहरू सीमित। त्यसैले शान्ति निर्माणको यात्रा सधैँ कठिन हुने निश्चित छ। त्यसैले शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन दूरदर्शी नेतृत्वको आवश्यकता हुन्छ जसले यसको नेतृत्व गर्न र उत्प्रेरक बन्न सकोस्।

सामाजिक पुनर्निमाण र गैसस

स्थानीय व्यक्ति र सामाजिक संस्थाहरूलाई स्रोत उपलब्ध गराउन र सहयोग गर्न अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था (गैसस) को भूमिका महत्वपूर्ण हुन जान्छ। यद्यपि यस्ता सहयोगहरू खासगरी वैदेशिक सहयोगहरू निश्चित राजनीतिक स्वार्थका लागि प्रयोग

गरिन्छन् भन्ने विवादहरू पनि सँगसँगै उठिरहेका छन्। निजी क्षेत्र र सरकारले सम्बोधन गर्न नसकेका समाजका चुनौतिहरूको सामना गर्न र ती चुनौती तथा समस्याहरूका बारेमा जनता, सरकार तथा अन्य क्षेत्रलाई सचेत बनाउन गैर सरकारी संस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्छ भनने मान्यता यस खाले संस्थाहरूको विकासक्रममा उठेको थियो। विस्तारै यसको क्षेत्र विकास निर्माणमा मात्र सीमित रहने बरू जनतासँग प्रत्यक्ष सरोकार राख्ने सबैखाले विषय, जस्तै मानवअधिकार, कानुन, शिक्षा, स्वास्थ्य, महिला, बालअधिकार, वातावरण तथा जातीय, क्षेत्रीय र लैङ्गिक विभेद जस्ता थुप्रै विषयहरूमा सहयोग गर्न, आवाज उठाउने जनतामा सचेतना फैलाउने र संस्थागत हिसाबले आवश्यक सहयोग गर्न वा उक्त सहयोगका लागि सरकार वा अन्तर्राष्ट्रिय स्तरमा लविङ्ग गर्नेतर्फ पनि लम्कियो। *(अर्याल : २६)*

शान्ति निर्माणका पूर्व सर्तहरूमा माथि उल्लेख गरिएका विषयहरूलाई हेर्ने हो भने एकातिर गैरसरकारी संस्थाहरूले सामाजिक पुनर्निमाण बाटो, पानी, बिजुली, विद्यालय, अस्पताल आदिको निर्माण एवं सञ्चालनमा आर्थिक एवं अन्य प्राविधिक सहयोग जुटाउन सक्छन्। यसका साथै द्वन्द्वबाट प्रभावित विस्थापितहरूलाई लक्ष्य गरी पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्न सक्दछन्, जसले समुदायका विभिन्न वर्ग बीचको कटुतालाई समन्वय गर्न सहयोग पुऱ्याउनुका साथै उनीहरूलाई सामान्य जीवनमा फर्कन वातावरण तयार गर्न सक्छ।

अर्को महत्वपूर्ण भूमिका भनेको गैरसरकारी संस्थाहरूले स्थानीय सामाजिक संस्था, गुठी, क्लब र व्यक्तिहरूलाई परिचालन गरेर उनीहरूलाई सामाजिक जनजीवनको विभिन्न क्षेत्रमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न सक्दछन्। साथै शान्ति निर्माणका प्रक्रियामा उठ्ने विभिन्न विषयहरू जनतालाई जानकारी गराउन, धारणा निर्माण गर्न र उनीहरूका भनाइलाई सुनिने बनाउन सचेतना एवं बहसहरू सञ्चालन गर्न सक्दछन्। यिनीहरूले आम जनता र सरकारबीच सेतुको रूपमा कार्य गर्न सक्दछन्। सामाजिक पुनर्निमाणमा गैरसरकारी संस्थाको भूमिकालाई तल दिएको चित्रबाट व्याख्या गर्न सकिन्छ।



चित्रले स्थानीय समुदायलाई सामाजिक पुनर्निर्माणको मुख्य केन्द्र मानेको छ। र सामाजिक संरचनाको प्रत्येक तह (स्थानीय, क्षेत्रीय र राष्ट्रिय) मा त्यो समुदायको प्रतिनिधित्वलाई अनिवार्य मानिएको छ। जसलाई नागरिक समाज, सामाजिक संस्थाहरूले विभिन्न रूपमा प्रतिनिधित्व गरिरहेका हुन्छन्। (यद्यपि जनताबाट अनुमोदित हुन नसक्नेहरूले आफूलाई नागरिक समाजको प्रतिनिधिको रूपमा दावा गरिरहेका छन् भनी हाम्रो सन्दर्भमा आलोचना भएका पनि छन्। र अब गैरसरकारी संस्थाहरूले विभिन्न संरचना सोपानहरूमा सरकारी संरचना र सामुदायिक संरचनाबीच सम्वाद र समन्वय गराउने, समुदायका अपेक्षा र सरकारले सम्बोधन गर्न नसकेका क्षेत्रमा विकास कार्यमा सहयोग पुऱ्याउने आदि कार्य गर्न सक्दछ। गैरसरकारी संस्थाहरूले विकास निर्माणमा छुट्टै र स्वतन्त्र भूमिका खोज्नु दूरगामी दृष्टिकोणले राम्रो मानिदैन। त्यसैले उनीहरूको भूमिका 'पूरक' र 'सेतु' को रूपमा हुनु पर्दछ भन्ने मान्यता पाइन्छ। नेपालको शान्ति प्रक्रियामा गैरसरकारी संस्थाले सचेतना र विकास निर्माण दुवै क्षेत्रमा योगदान गर्नुपर्ने अवस्था विद्यमान छ।

नागरिक समाजको भूमिका

एरिस्टोटलले परिभाषित गरेअनुसार नागरिक समाज भनेको त्यो सार्वजनिक नैतिक-राजनैतिक समुदाय हो जहाँ कानुनी रूपमा परिभाषित नियम व्यवस्थाभित्र स्वतन्त्र र समान नागरिकहरू रहेका हुन्छन् *(कोहेन र अरातो १९९२ : ८४)* । यो परिभाषा आफैले नागरिक समाजको दुईओटा महत्वपूर्ण भूमिकालाई स्पष्ट पारेको छ। पहिलो राजनैतिक सचेतकको भूमिका र दोस्रो सामाजिक आचरण, मर्यादा एवं नैतिकताका पृष्ठपोषकको भूमिका। नागरिक समाज सामाजिक जनजीवनका व्यक्तिहरूको स्वत:स्फूर्त संरचित मण्डली अथवा समूह हो जो समाजमा व्याप्त हुने राजनैतिक, आर्थिक, सामाजिक भ्रष्टाचार एवं

विसंगतिका विरूद्ध सचेतकका रूपमा कार्य गर्दछन्। यिनी गैरसरकारी संस्था जस्तो निश्चित उद्देश्य र कार्य क्षेत्रभित्र रही कार्य गर्ने नभई सामाजिक जनजीवन वा राष्ट्रिय जनजीवनका समग्र पक्षलाई होशियारी पूर्वक अवलोकन गर्ने र आम मानिसहरूका आवाजलाई राष्ट्रिय बहस र छलफलमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन्।

तर विभिन्न देशको विभिन्न राजनैतिक र सामाजिक, सांस्कृतिक बनोट अनुसार नागरिक समाजले सबै ठाउँमा एकै प्रकारको भूमिका निर्वाह गर्छ अथवा गर्न सक्छ भन्ने चाहिँ होइन। कतिपय अवस्थामा सामाजिक सुधारक र भूमिका प्रभावकारी भने हामीकहाँ पछिल्लो चरणमा आएर राजनैतिक सचेतकको रूपमा नागरिक समाजको भूमिका महत्वपूर्ण रह्यो।

एसियामा सशस्त्र द्वन्द्व र शान्ति पुनर्स्थापना सम्बन्धी विशेष अध्ययन गरेका सिनसुक होराइचीको अनुभवमा द्वन्द्वरत समूहहरूलाई द्वन्द्व समाधानमा सहभागी हुन कठिन हुन्छ। त्यसैले प्राय: नेतृत्वमा रहेका मानिसहरूले त्यसतर्फ कुनै कदम चाल्दैनन् जसबाट उनीहरू आफैँलाई कुनै फाइदा हुँदैन। त्यसैले द्वन्द्व समाधानलाई राजनैतिक इच्छा शक्तिको अभाव हुन जान्छ। हिंसाको अन्त्य भइसकेर पुनर्मिलनको प्रक्रियामा पनि अन्तरचेतना यस्तो विचार रहिरहेको हुन्छ। *(होरिउची : ४३९)*

होरिउचीले उल्लेख गरेको राजनीतिक इच्छा शक्तिको अभाव शान्ति वार्ताका क्रममा देखिने स्वाभाविक भावदशाहरू हुने वा जसका कारण समग्र शान्ति प्रक्रिया अवरुद्ध हने वा सुस्त हुन जाने हुन्छ । यस्तो समयमा राष्ट्रिय महत्वको कार्यसूचीमा जनमत सृजना गर्न र वार्ता प्रक्रियामा संलग्न नेतृत्वलाई शान्ति निर्माणका लागि साझा सहमति पहिल्याउन दबाव सृजना गर्ने काम नागरिक समाजको हुन्छ।

नेपाली राजनीति संविधानसभाको निर्वाचन गर्नेतर्फ उन्मुख छ। नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचन गर्ने कुरा आफैँमा नयाँ अनुभव भएकाले यसको ढाँचा र प्रक्रिया बारे आम मानिसहरूमा प्रशस्त अन्यौल कायम छ। साथै यसको कुन ढाँचाले संविधानसभाको प्रतिनिधित्वलाई अधिकतम समावेशी बनाउन सक्छ भन्ने विषयमा आम तहमा बहस र छलफल हुन आवश्यक हुन्छ र त्यसपछि मात्रै त्यसको निश्चित ढाँचा बारे राजनीतिक तहमा निर्णय गर्न सकिन्छ। त्यसैले यो बहसलाई स्थानीय तहसम्म पुग्ने गरी राष्ट्रिय स्वरूप दिन र त्यसमा निश्चित जनमत निर्माण गर्ने दायित्व पनि नागरिक समाजको हुन जान्छ। विभिन्न गैरसरकारी संस्थासँग मिलेर द्वन्द्वरत विभिन्न समूहहरूबीच सामाजिक समन्वय गर्ने काममा पनि नागरिक समाजको योगदान र भूमिका अपेक्षित हुन्छ। शान्ति निर्माण प्रक्रियाको महत्वपूर्ण पक्षको रूपमा नागरिक समाजले यो भूमिकालाई प्रभावकारी रूपमा कसरी वहन गर्नेछ भन्ने कुरा अहिले अर्को प्रधान विषय बनेको छ।

उपसंहार

नेपाल अहिले द्वन्द्व समाधानको प्रक्रियामा अगाडि बढिरहेकाले यसलाई ठोस निष्कर्षमा पुऱ्याउन वार्ता प्रक्रियाका सम्वद्ध पक्षहरू गैरसरकारी संस्था र नागरिक समाजको भूमिका अझ बढी जिम्मेवार, सशक्त र पारदर्शी हुन आवश्यक छ। शान्ति निर्माणका लागि राज्य र माओवादीको खरो प्रतिबद्धता व्यवहारमा देखिन उत्तिकै आवश्यक छ। सशस्त्र द्वन्द्वले उब्जाएका समस्याको हल द्वन्द्वबाट प्रभावित समग्र पक्षलाई सम्बोधन गरेर मात्र खोज्नु पर्दछ। राजनीतिक वृत्तमा प्रमुख शक्तिका रूपमा स्थापित भएकै आधारमा सात दल र माओवादीले अन्य क्षेत्र समुदायहरूलाई बेवास्ता गरेको महसुस कसैले गऱ्यो भने स्थायी शान्ति बहालीका लागि त्यो प्रत्युत्पादक हुन जान्छ। द्वन्द्वबाट क्षतविक्षत भएका व्यक्ति, परिवार र समुदायलाई पुनर्स्थापना गर्ने, दैनिक जीवनलाई सामान्य तुल्याउन अत्यावश्यकीय सेवा सुविधा, बाटो, पानी, अस्पताल, विद्यालय आदिलाई सुचारु हुने अवस्था सृजना गर्न र विस्थापित भएकाहरूलाई उनीहरूको आफ्नो घर फिर्ता गराएर सामाजिक पुनर्मिलनलाई व्यवस्थित गर्न त्यत्तिकै जरुरी र महत्वपूर्ण हुन्छ, जति हतियार व्यवस्थापन र संविधानसभाका विषयहरूमा टुङ्गो लगाउन आवश्यक हुन्छ। त्यसैले राजनीतिक सहमति आर्थिक-सामाजिक पुनसंरचना र व्यवस्थापन सँगसँगै एकीकृत रूपमा अगाडि लैजान आवश्यक छ।

सन्दर्भ सामग्री

१. कोहेन, जीन एल. एण्ड एन्डँ अरालो; "कन्सेन्चअल हिस्ट्री एण्ड थियोरेटिकल सिन्थेसिस"; *सिभिल सोसाइटी एण्ड पोलिटिकल थ्योरी*; क्याम्ब्रिज : एमआईटी प्रेस, सन् १९९२।

२. होरिउची, सिन्सुके; "डाइभर्सिटी, स्टेबिलिटी एण्ड अर्डर इन एसिया"; *सोसल कोहेसन एण्ड कन्रिलक्ट प्रिभेन्सन् इन एसिया;* सं. नाट जे. कोलेट्टा, टेक घी लिम एण्ड अनीता. केलेस. भिटानेन; वासिङ्टन डिसी; द वर्ल्ड ब्याङ्क, सन् २००१।

३. मिज, नी; "द सोसल कन्सेक्वेन्सेज अफ बार एण्ड पीस इन कम्बोडिया : एन लेसन्स; *सोसल कोहेसन एण्ड कन्रिलक्ट प्रिभेन्सन इन एसिया;* सं. नाट जे. कोलेट्टा, टेक घी लिम एण्ड अनीता. केलेस. भिटानेन; वासिङ्टन डिसी; द वर्ल्ड ब्याङ्क, सन् २००१।

४. परेरा, जेहान; "एप्रोचेज टु इन्डिङ्ग द सिभिल वार इन श्रीलङ्का : द रोल अफ् द स्टेट एण्ड सिभिल सोसाइटी; *सोसल कोहेसन एण्ड कन्रिलक्ट प्रिभेन्सन इन एसिया;* सं. नाट जे. कोलेट्टा, टेक घी लिम एण्ड अनीता केलेस भिटानेन; वासिङ्टन डिसी; द वर्ल्ड ब्याङ्क, सन् २००१।

५. सेपार्ड, मार्क; *गान्धी टुडे : द स्टोरी अफ् महात्मा गान्धीज् एक्सेसर्स;* वासिङ्टन डीसी : सेभेन लक्स प्रेस, सन् १९८७।

६. अर्याल, दीपक; "गैससको अभियान : सर्वसत्तावाद विरूद्धको संघर्ष र विजय"; *प्राची*; काठमाण्डौ : अनौपचारिक क्षेत्र सेवा केन्द्र, जेठ २०६३ : २६-३३।

हिंसात्मक द्वन्द्वपछिको मेलमिलाप प्रक्रिया*

परिचय : मेलमिलाप र लोकतन्त्र

द्वन्द्वपश्चात्को प्रभावकारी लोकतन्त्र दुईवटा आधारमा निर्माण हुन्छ- पहिलो, समाजलाई विभाजन गर्ने मुद्दाहरूलाई शान्तिपूर्ण ढङ्गले चलाउने ढाँचा र कार्यविधिहरू, र दोस्रो, सम्बन्धित समूहहरूबीच कार्यात्मक वा व्यावहारिक सम्बन्ध। यस्ता ढाँचाहरू निष्पक्ष भएनन् भने सम्बन्धित समूहहरूबीच कार्यात्मक वा व्यावहारिक सम्बन्ध विकास हुन सक्दैन। अर्कोतिर, नागरिकहरूबीचमा न्यूनतम सहकार्य गर्न सक्ने अन्तर्सम्बन्ध छैन भने जतिसुकै निष्पक्ष र उचित भए तापनि ती ढाँचाहरूले उपयुक्त किसिमले काम गर्न सक्दैनन्।

लोकतान्त्रिक सम्झौताले द्वन्द्वसम्बन्धी मुद्दाको समाधान प्रस्तुत गर्छ भने मेलमिलाप प्रक्रियाले उक्त समाधानलाई लागू गर्ने पक्षहरूबीचको सम्बन्धलाई सम्बोधन गर्दछ। यो सम्झौतामा संलग्न राजनीतिकर्मी र सम्झौताकर्ता (मध्यस्थकर्ता) हरूका लागि मात्र लागू हुने कुरा होइन, मेलमिलाप त समष्टि जनताका लागि नै लागू हुने कुरा हो। यदि व्यवस्था (प्रणाली) लाई विश्वास गर्न, एक-अर्कालाई पनि आपसी विश्वास गर्न र व्यवस्थालाई कम्तीमा पनि प्रयोग गरी हेर्न सर्वसाधारणहरू न्यूनतम हदमा पनि तयार छैनन् भने सर्वाधिक दक्ष लोकतन्त्रवादीहरूले तयार गरेको संसारकै सर्वोत्तम लोकतान्त्रिक व्यवस्था पनि बाँच्न सक्दैन।

मेलमिलापले लोकतन्त्रको सफल कार्यान्वयनका लागि आवश्यक व्यावहारिक सम्बन्ध विकास गरी यस प्रणालीलाई सुदृढ गराउँछ। साथै, मेलमिलाप प्रक्रियालाई पनि आर्थिक न्याय र राजनीतिक तथा सामाजिक शक्ति-साझेदारीलगायतको लोकतान्त्रिक आड आवश्यक पर्दछ। मेलमिलापका पक्षमा नैतिक युक्तिका साथै सशक्त यथार्थपरक तर्कहरू पनि छन्- सकारात्मक व्यावहारिक सम्बन्धले सुशासन मौलाउने वातावरण पैदा गर्छ भने नकारात्मक सम्बन्धले सर्वोत्तम शासनलाई पनि हानि गर्न सक्दछ।

१. मेलमिलाप : साधारण नीतिगत सवाल

मेलमिलाप एक उद्देश्य (हासिल गर्नु पर्ने केही चीज) र एक प्रक्रिया (उद्देश्यप्राप्तिको विधि) दुवै हो। यी दुई अवधारणालाई बुझ्नमा अलमलिएको खण्डमा विवाद उत्पन्न हुन्छ। यहाँ हामी मेलमिलापलाई एक प्रक्रियाको रूपमा हेर्दैछौं। यहाँ मेलमिलाप भन्नाले समाजलाई विभाजित विगतबाट साझा भविष्यतर्फ लाने समावेशी प्रक्रिया हो, जसमा न्याय, सत्य र क्षतिपूर्तिलगायत समाविष्ट हुन्छन्।

- मेलमिलाप दीर्घकालीन प्रक्रिया हो।

मेलमिलाप प्रक्रियाले समय लिन्छ। यसले आफ्नै समय लिन्छ र यसको गति कसैबाट निर्देशित हुँदैन।

- मेलमिलाप गहन प्रक्रिया हो।

(हिंसात्मक द्वन्द्वपछिको) मेलमिलापका क्रममा धारणा, आकांक्षा, भावना र अनुभूति तथा सम्भवतः आस्थामासमेत परिवर्तन ल्याउनु पर्ने हुनाले यस्तो गूढ परिवर्तन चटारोमा वा जबर्जस्ती गरेर हुन सक्दैन।

- मेलमिलाप निकै व्यापक प्रक्रिया हो।

यो सबैका लागि लागू हुन्छ। मेलमिलाप प्रक्रिया पीडित वा पीडकहरूका लागि मात्र होइन, यद्यपि उनीहरू नै यस प्रक्रियाका मुख्य सरोकारवाला हुन्। हिंसात्मक द्वन्द्वलाई बढावा दिने धारणा र आस्थाहरू समुदायमा व्यापक रूपमा फैलिएको अवस्थामा मेलमिलाप प्रक्रियाले पनि बृहद् स्तरमा सम्बोधन गर्नु पर्दछ।

- मेलमिलाप प्रक्रियाको सफलताको कुनै एक विशेष उपाय छैन।

प्रत्येक द्वन्द्व र तत्पश्चात्को लोकतान्त्रिक समाधान निजात्मक विशेषतायुक्त हुने हुनाले सम्बद्ध मेलमिलाप प्रक्रिया पनि अन्यत्रका प्रक्रियासँग केही समानता भए तापनि मुख्यतया ती भन्दा फरक हुन्छ।

- मेलमिलापलाई सघाउन दातृ समुदाय तत्परता बढ्दो छ।

द्विपक्षीय तथा बहुपक्षीय दाताहरूका साथै बहुपक्षीय तथा क्षेत्रीय पात्रहरूले द्वन्द्व निरोध, मानव विकास, मानव सुरक्षा, गरिबी निवारण तथा शान्ति-बहालीको प्रक्रियामा एक अवयवका रूपमा मेलमिलापको महत्वलाई महसुस गरेका छन्।

२. मेलमिलापको विधि :

मेलमिलापको विधिलाई यहाँ तीन चरणमा प्रस्तुत गरिएको छ। यद्यपि मेलमिलापलाई कुनै निश्चित चरणबद्ध क्रममा राख्नु उपयुक्त हुँदैन। तल उल्लेख गरिएका कुराहरू यहाँ राखिएकै क्रममा हुन्छन् भन्ने छैन, प्रत्युत ती उल्टिन पनि सक्छन्। तथापि, दिगो मेलमिलापका लागि यी कुराहरू अनिवार्य छन्।

पहिलो चरण : त्रासको स्थानमा

* "This is a direct and unofficial translation of selected parts of *Reconciliation after Violent Conflict: A Handbook*, International Institute for Democracy and Electoral Assistance (IDEA), Stockholm, Sweden, 2003. This translation was undertaken by "Prachi" bi-monthly journal. The accuracy of the translated text was not verified by International IDEA. In case of doubt, the original English version prevails (ISBN 91-89098-91-9).

That IDEA copyright is acknowledged as follows *Reconciliation after Violent Conflict: A Handbook,* International Institute for Democracy and Electoral Assistance (IDEA) **copyright © International Institute for Democracy and Electoral Assistance.**

अहिंसात्मक सहअस्तित्वको प्रतिस्थापन

जब लडाइँ स्थगन हुन्छ, तब वैमनस्य हटाउनका लागि विभाजितहरूका बीचमा आधारभूत सञ्चार पुन: प्रारम्भ गरी "बाँच र बाँच्न देऊ" को भावनायुक्त अहिंसात्मक सहअस्तित्व कायम गर्नु पहिलो आवश्यकता हो। राजनीतिक तथा सामुदायिक नेताहरू, गैसस तथा धार्मिक संस्थाहरूले त्यस्तो सम्वादलाई प्रवर्द्धन गर्नै पर्दछ। न्यूनतम शारीरिक सुरक्षाको प्रत्याभूति गराउनु स्थानीय र/वा अन्तर्राष्ट्रिय राजनीतिक निर्णयकर्ताहरूको दायित्व हुन्छ।

दोस्रो चरण : विश्वास र भरोसा निर्माण

पीडित र पीडक दुवैथरीमा आत्मविश्वास र एक-अर्काप्रति विश्वास हुनुका साथै अरुको मानवतालाई स्वीकार गर्नु आपसी भरोसाको आधार हो। यस चरणमा पीडितहरूले पीडकहरूबीचमा उनीहरूको अपराधको मात्रा अनुसार पनि फरक छुट्ट्याउन र प्रतिस्पर्धी समूहका समग्रमा दोष नलगाई वास्तविक वा सम्भावित अपराधी व्यक्तिहरू पहिचान गर्न सुरु गर्छन्। शारीरिक सुरक्षा, हिंसारहित अवस्था र राजनीतिक विकासको प्रारम्भ भरोसा निर्माणका पूर्वसर्त हुन्।

तेस्रो चरण : अन्तर्भावतर्फ

आफूलाई पीडा दिनेहरूका कुरा सुन्नका लागि पीडितपक्ष राजी हुने तथा पीडितहरूमाथि परेको आघातलाई पीडकपक्षले महसुस गर्ने भएपछि अन्तर्भाव (इम्प्याथी) को अवस्था आउँछ। मेलमिलापका लागि सत्य-कथन (ट्रुथटेलिङ) पूर्वसर्त हो, जसले मानिसहरूले विगतलाई साझा पीडा र सामूहिक जिम्मेवारीको रूपमा हेर्ने अवस्था बनाउने वस्तुगत अवसर पैदा गर्न सक्दछ।

तर जबसम्म राजनीतिक, कानुनी तथा आर्थिक संरचनात्मक अन्याय रहिरहे भने शान्तिपूर्ण सहअस्तित्व, भरोसा र अन्तर्भाव दिगो ढङ्गले विकास हुँदैनन्। त्यसैले मेलमिलाप प्रक्रियाको पूरकका रूपमा शक्तिको क्रमिक साझेदारी, एक-अर्काको राजनीतिक प्रतिबद्धताप्रतिको सम्मान, मानवअधिकार संरक्षण र आर्थिक न्याय गर्ने अवस्था र विगत र भविष्यप्रतिको सामूहिक उत्तरदायित्व पनि रहनु अत्यावश्यक छ।

मेलमिलाप प्रक्रियाको स्वामित्व :

मेलमिलापका कार्यक्रमहरू तलदेखि माथि (बटम्-अप्) वा माथिदेखि तल (टप्-डाउन्) उपागम (एप्रोच) अनुसार खडा गर्न सकिन्छ। तलदेखि माथि उपागमले समुदायका सदस्यहरूबीचको अन्तरव्यक्ति सम्बन्धलाई ध्यान दिन्छ। यसमा स्थानीय, मौलिक मेलमिलाप र जनस्तरबाटै भएको अग्रसरतालाई सफलताको कुञ्जी मानिन्छ। माथिदेखि तल उपागममा राष्ट्रिय स्तरका कार्यहरूलाई प्राथमिकता दिइन्छ, र तिनलाई क्रमैसँग स्थानीय तहसम्म प्रोत्साहन गरिन्छ। एक-अर्कासँग नबाझ्ने गरी, अर्थात् परिपूरकका रूपमा, यी दुवै उपागम आवश्यक छन्। (मेलमिलाप प्रक्रियामा) अन्तर्राष्ट्रिय समुदायको पनि महत्वपूर्ण भूमिका रहन्छ, तर त्यस्तो भूमिका सचेत र सीमित हुनु पर्दछ। मौलिक मेलमिलाप (होमग्रोन रिकन्सिलिएसन) मात्र दिगो हुन्छ। यद्यपि, स्थानीय मेलमिलाप कार्यक्रमहरूलाई समर्थन र अनुगमन गर्ने, सल्लाह, विशेषज्ञता र तालिम दिने र भौतिक सामग्रीहरू उपलब्ध गराउनेमा अन्तर्राष्ट्रिय समुदायले सहयोग गर्न सक्दछ।

उपयुक्त समय :

द्वन्द्व प्रतिरोधका लागि मेलमिलापलाई एक निर्णायक आयाम मानिन्छ।

मेलमिलाप प्रक्रियाको लागि उपयुक्त समय कुन हो ? यस्तो कठिन समस्याबारे निर्णय गर्दा नीति निर्माताहरूले निम्नानुसारका कुराहरूलाई ख्याल राख्नु पर्दछ :

- राजनीतिक प्राथमिकताका कारणले मेलमिलाप प्रक्रियामा ढिलाइ गर्नु हुँदैन।

संक्रमणकालीन अवस्थामा मेलमिलाप भन्दा पनि प्राय: राजनीतिक तथा आर्थिक मुद्दालाई प्राथमिकता दिनु पर्ने दबाव हुन्छ। जानेर वा नजानेर अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले त्यस्तै सोचलाई बल पुऱ्याइरहेका हुन्छन्। तर अनुपयुक्त राजनीतिक तथा आर्थिक ढाँचाहरू स्थापना गरेर वा मेलमिलापको कार्यसूचीलाई पाखा पारेर दीर्घकालीन मेलमिलापको आशालाई हानि पुग्ने काम हुन नपाओस् भन्नेमा सचेत हुनै पर्दछ। बेवास्ता गरिएका पीडा र अन्यायहरू उकुच पल्टिन्छन् र अन्ततोगत्वा सर्वोत्तम भन्ठानिएका राजनीतिक वा आर्थिक सुधारलाईसमेत हानि पुऱ्याउँछन्। परिस्थितिले गर्दा मेलमिलाप प्रक्रिया तत्कालै सुरु हुन नसक्ने अवस्था छ भने पनि अन्तरिम मेलमिलापका उपायहरू चाहिँ ग्रहण गर्नै पर्दछ।

- दूरदर्शी सोच राख्नु पर्दछ।

मेलमिलाप तत्काल वा केही समयसम्मका लागि मात्र सफल भएर हुँदैन, प्रत्युत दीर्घकालीन र पुस्तौंसम्म दिगो हुने गरी गर्नु पर्दछ। यस सन्दर्भमा तीनवटा कुरामा ध्यान दिनु पर्दछ :

(क) शिक्षा – (द्वन्द्व र यसको समाधानबारे समझदारीका साथै अनुभूति र जातीय, धार्मिक एवं राजनीतिक आस्थामा हुने मतभेदका सन्दर्भमा सहनशीलतालाई प्रवर्द्धन गर्ने आदि।)

(ख) स्मृति – (उदाहरणका लागि पीडितहरूको स्मृतिमा स्थायी स्मारक तथा सम्झना स्थलहरू बनाउने, स्मृति दिवस मनाउने, नाटक मञ्चन गर्ने, कविता वाचन गर्ने, जसले पीडितका निजी पीडालाई सामूहिक अभिव्यक्ति दिई दिगो आरोग्यताको लागि मद्दत गर्छन्।)

(ग) दोष स्वीकार /क्षमायाचना – (विगतमा भएका दोष स्वीकार गर्दै परिवर्तनका लागि प्रतिबद्धता।)

- समय एक्लैले मात्र मेलमिलाप ल्याउन सक्दैन भन्नेमा सचेत हुनु पर्दछ।

मेलमिलापका अवयवहरू– सत्यको अन्वेषण, न्याय र क्षतिपूर्ति – समय बित्दैमा हराएर जाँदैनन्। सम्बोधन गर्न नसकिएको (बेवास्ता गरेर छाडिएको) हिंसात्मक विगत भूसको आगो जस्तै हो।

शान्ति प्रक्रिया र विष्फोटक पदार्थ व्यवस्थापन

प्रसन्नता वस्ती

विषय प्रवेश

नेपाल सरकार र माओवादीबीचका समझदारीसँगै देश विगत १० वर्षको आन्तरिक द्वन्द्वलाई बिसाएर पूर्ण शान्ति बहालीतर्फ उन्मूख भएको आभाष भएको छ। शान्ति प्रक्रियाको प्रमुख मुद्दाहरूमध्ये एक मुद्दाका रूपमा हतियार व्यवस्थापनको मुद्दा रहेको छ। साथै युद्धका चिह्न पनि क्रमश: धमिलिएर जाने आशा सबैको रहेको छ। के यस्तो हुन सक्ला ?

कुनै किसिमको आन्तरिक द्वन्द्व वा गृहयुद्ध भएको हरेक राष्ट्र कुनै किसिमको संक्रमणकालबाट स्थायी शान्तिको स्थितिमा प्रवेश गरेको देखिन्छ। तर कतिपय अवस्थामा स्थायी शान्ति बहाली र केही महत्वपूर्ण सवालमा सम्पूर्ण ध्यान केन्द्रित हुन पुग्दा देशका विभिन्न स्थानमा शान्तिकालमै पनि मानिसहरू घाइते भइरहेका वा मरिरहेका हुन सक्छन्। युद्धको अन्त्यपछि त्यहाँ त्यस्ता केही चिज बाँकी रहन्छन्, जसले पछिसम्म पनि मानिसलाई हताहत गराएर विगतको सम्झना गराइरहन्छन्।

त्यस्ता चिज साधारणतया विष्फोटक पदार्थ हुन्, जो युद्धका समयमा अन्य हतियारसँगै प्रयोगमा आउँछन्। विष्फोटक पदार्थ जस्तै कि घरेलु विष्फोटक पदार्थ (क्रउचयखष्कभम भ्हउयिकष्खभ म्भखष्अभ(क्ष्भ्म), वेवारिसे विष्फोट पदार्थ, छोडिएका विष्फोटक पदार्थ, र ल्याण्डमाइन। यस्तै विष्फोटक पदार्थका कारण नै युद्धको अन्त्यपछि यसको कारणले मानिस हताहत हुने क्रम जारी रहन्छ। नेपालमा यस्ता विष्फोट पदार्थ प्रशस्त मात्रामा रहेका छन्, जसले समयसमयमा मानिसको ज्यान लिएर वा घाइते तुल्याई द्वन्द्वको याद दिलाइराख्छन्।

नेपालको विष्फोटक पदार्थको समस्या

युनिसेफले सन् २००५ मा सञ्चार माध्यममा आएका समाचारको आधारमा तयार गरेको मिडिया रिपोर्ट २००५ र इन्सेक अनलाइनमा प्रकाशित सामाग्रीका आधारमा नेपालमा गत वर्ष १४२ सर्वसाधारण र ५८ युद्धरत पक्षका व्यक्तिहरू विष्फोट पदार्थका कारण हताहत भएका छन्। यिनीहरू आक्रमण र दुर्घटनापूर्ण विष्फोटनबाट प्रभावित भएका हुन्। यसैगरी २००६ को जुनसम्मको आँकडा हेर्दा पनि ५७ वटा घटनामा ९७ सर्वसाधारण हताहत भएका छन्। यी सबै मुख्य गरी घरेलु विष्फोटक पदार्थबाट नै हताहत भएका हुन्। प्राय: सबै नै बेवारिसे विष्फोटक पदार्थ छुँदा चलाउँदा वा अन्य कुनै क्रियाकलापमा संलग्न रहँदा नै हताहत भएका थिए।

देशमा राजनीतिक तथा सुरक्षा स्थिति सहज बन्दै जाँदा मानिसहरूको निस्फिक्री यात्रा गर्ने क्रममा वृद्धि हुन्छ। उनीहरूको घाँसपातका लागि जंगल जाने वा पछिल्ला स्थितिमा जान आँट नगर्ने स्थानमा पनि आवतजावत गर्ने क्रम बढ्छ। तर यस्ता स्थानमा विभिन्न कारणले विभिन्न अवस्थामा विष्फोट पदार्थ छरिएका वा राखिएका हुनसक्छन् जुन चिन्ताको विषय हो। अज्ञानतावश वा जिज्ञासाका कारणले कसैले यस्ता वस्तु चलाएको खण्डमा दुर्घटना निम्तिन सक्छ। ओटावा सन्धि १९९२ ले विष्फोटक पदार्थ राखिएका स्थानमा विशेष चिह्नहरू राखी र अन्य सुरक्षाका उपाय अपनाई नागरिकलाई हताहत हुनबाट जोगाउन जोड दिएको छ। तर घरेलु विष्फोटक पदार्थहरूले मानिसलाई सजिलै झुक्याउन सक्छ र छोडिएका, छुटेका विष्फोट पदार्थको अभिलेख राख्न सम्भव पनि हुँदैन। अनि वर्षौंसम्म उत्तिकै घातक रहनसक्ने यस्ता विष्फोट पदार्थ भविष्यमा पनि, शान्ति बहाली भइसकेको अवस्थामा पनि युद्धको सम्झना गराइरहनसक्छ।

प्रभावकारी व्यवस्थापनका उपायहरू

दुवै युद्धरत पक्षहरू आफ्ना हातमा भएका विष्फोटक पदार्थका लागि जिम्मेवार छन्। साथै उनीहरू छुटेका र छोडिएका विष्फोटक पदार्थका बारेमा पनि उत्तिकै संवेदनशील हुनुपर्दछ। दुवै पक्षले त्यस किसिमका विष्फोटक पदार्थको व्यवस्थापन गरेर सर्वसाधारणमा पर्न सक्ने प्रभाव हटाउनुपर्दछ। दुवै पक्षका सेनासँग तालिमप्राप्त र संसाधनयुक्त कार्यदल हुनुपर्दछ जसलाई मानवीय कारणका लागि विष्फोटक पदार्थहरू नष्ट गर्ने अभिभारा सुम्पिएको हुनुपर्दछ।

विष्फोटक पदार्थबाट हुने नोक्सानीबाट बचाउन मुख्यत: घरेलु विष्फोटक पदार्थ निर्माण गर्न आवश्यक पर्ने डिटोनेटर जस्ता सामाग्रीको आयात रोक्नुपर्दछ। दुवै सेनाले ल्याण्डमाइन, सुरक्षात्मक घरेलु विष्फोटक पदार्थको प्रयोग बन्द गर्नुपर्दछ, किनकि यस्ता हतियार सर्वसाधारणका लागि सधै खतरनाक हुन्छन्।

हाल स्वामित्वमा रहेका विष्फोटक पदार्थलाई बिस्तारै कम गर्दै लैजानुपर्दछ। नेपालमा विष्फोटक पदार्थमा मुख्य समस्या भनेको छोडिएका विष्फोटक पदार्थ हुन्। यस्ता पदार्थ देशका विभिन्न भागमा छरिएर रहेका छन् जुन नियमित रूपमा सर्वसाधारणले प्राप्त गरी क्रियाशील गराउँदा दुर्घटना हुँदै आएको छ।

छोडिएका विष्फोटक पदार्थको स्थिति पत्ता लगाउन स्थानीय स्तरमा, विशेषगरी त्यस्ता स्थानमा जहाँ विगतमा माओवादी र सुरक्षाकर्मीबीच भिडन्त भएको छ वा जहाँ पहिला पनि यस्ता विष्फोटन भएका छन्,सर्वेक्षण नै गर्नुपर्ने हुन्छ। स्थानीय बासिन्दाले यस्तो सर्वेक्षणमा सहयोग पुऱ्याउन सक्छन्। एकचोटी यी विष्फोटक पदार्थ रहेको स्थान पत्ता लागेपछि सेना यिनलाई नष्ट गर्नेतर्फ जानसक्छ। विष्फोटक पदार्थ नष्ट गर्दा सार्वजनिक स्थान, गाउँ वा सर्वसाधारणका घरमा वा वरिपरि रहेका विष्फोटक पदार्थबाट सुरु गर्न सकिन्छ।

बालबालिक

सशस्त्रद्वन्द्वका अवधिमा बालबालिकाहरूमाथि पनि प्रत्य
सय ४६ जनाले अनाहकमा ज्यान गुमाएका छन् । करिब २ स
बनाउने, विद्यार्थी अपहरण गर्ने तथा बालसैन्य भर्ती गर्ने जस्ता का
बालबालिकालाई सुराकीको काममा लगाउने तथा विद्यालय

बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियानले हालै एक
वैशाख ११ गतेपश्चात् पनि काठमाण्डौलगायतका स्थानमा करिब
छ । कतिपय विद्यालयमा हरेक विद्यार्थीले सुरक्षा निकायको तारव
पर्ने अवस्था रहेको पनि अभियानले जनाएको छ ।

बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियानले विद्यालय
विभिन्न समयमा अनुमोदन गरिसकेका सशस्त्र द्वन्द्व सम्बन्धी १९
१९८९ तथा यसको बालबालिकाहरूको सशस्त्र संघर्षमा प्रयोग
मानवीय कानुनहरूको ठाडो उल्लंघन भएको ठहर गरेको छ। ब
राजनितिक दलहरूबाट बारम्बार सार्वजनिक रूपमा व्यक्त प्रति
विद्यालयहरूमा रहेका सुरक्षाकर्मीहरूको उपस्थिति तथा गतिविधिह
नेपालले सरकारसमक्ष जोडदार माग गरेको छ ।

विद्यालयहरूमा बिना अवरोध नियमितरूपमा पठनपाठन
तथा यस सवालमा दबाब सिर्जना गर्न अन्तर्राष्ट्रिय समुदाय, रा
क्रियाशील संघ/संस्था, अन्य सरोकारवालाहरू तथा विशेषगरी आ
हार्दिक अनुरोध गरेको छ ।

धुम्रबाराही निमावि सुकेधारा, काठमाडौंको हाताभित्र रहेको प्रहरी पोष्ट अगाडि खेल्दै विद्यार्थीहरू ।

बाजुराको कोल्टी गाविसस्थित बाँधु निमाविमा २०६० मा शिक्षकहरू विस्थापित भएका कारण विद्यार्थीलाई पढाइ नहुने जानकारी गराउँदै प्रधानाध्यापक ।

०६२ असार १३ मा सुर्खेतबाट जुम्ला फर्किंदै गरेका विस्थापित बालबालिकाहरू ।

०५७ कार्तिक ४ गते सर्लाहीको हरिऔनमा माओवादी
बसमा प्रहार गरेको पेट्रोल बमबाट घाइते रविन

०५८ फागुन १० गते चितवनको भण्डारामा माओवादीले आग
पारेको बस, जसमा ८ वर्षीया काजोल खातुनको मृत्यु भ

ा शान्ति क्षेत्र

रूपमा असर परेको छ । देशमा भएको सशस्त्रद्वन्द्वमा ३
य ओटा विद्यालयहरूमा क्षति पुगेको छ । विद्यालयमा बंकर
र्ई नेकपा (माओवादी) ले गरेको थियो भने सुरक्षा निकायबाट
हातामा सुरक्षा पोष्ट राख्ने काम गरिएको थियो ।
त्रकार सम्मेलनमार्फत् एक प्रतिवेदन सार्वजनिक गर्दै ०६३
१ ओटा विद्यालयहरूमा सुरक्षा पोष्ट कायमै रहेको जनाएको
र पार गरेर कडा निगरानी पश्चात्मात्र विद्यालय प्रवेश गर्नु
।

रिपरि रहेको सुरक्षाफौजको गतिविधिबाट नेपाल सरकारले
४९ का जेनेभा महासन्धिहरू, बालअधिकार सम्बन्धी महासन्धि
सम्बन्धी ऐच्छिक सन्धिपत्र २००० जस्ता विभिन्न अन्तर्राष्ट्रिय
लबालिका शान्ति क्षेत्र हुन् भनी नेपाल सरकार तथा विभिन्न
बद्धता तथा घोषणाहरूको अविलम्व कार्यन्वयन गर्दै विभिन्न
तत्काल हटाउन बालबालिका शान्ति क्षेत्र - राष्ट्रिय अभियान,

हुने भयरहित वातावरण बनाउने अभियानलाई सहयोग गर्न
ट्रसंघीय निकाय, मानवअधिकार तथा बालअधिकारका क्षेत्रमा
म सञ्चार जगतको साथै राजनैतिक दलसमक्ष पनि अभियानले

● बिमलचन्द्र शर्मा

०५८ फागुन १० गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त भएको डोटीको मुडभरा उच्चमावि ।

०६३ असार २२ गते बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले आयोजना गरेको पत्रकार सम्मेलन ।

यात्रुवाहक
रविना ।

०६३ जेठ १९ गते माओवादीले काठमाडौंमा आयोजना गरेको आमसभाको अग्रपंक्तिमा देखा परेका बालबालिका ।

०५८ फागुन १० गते डोटीको मुडभरा उच्चमाविमा सुरक्षाकर्मी र माओवादीबीच भिडन्तमा सुरक्षाकर्मीको गोली लागी घाइते विद्यार्थी विष्णु जोशी शर्मा ।

गाई ध्वस्त
थियो ।

०६२ जेठ ३० गते चितवनको माडीमा माओवादीको विद्युतीय धरापमा परी घाइते भएकी डेढ वर्षीया अञ्जली सुवेदी, जसको एक हप्तापछि मृत्यु भएको थियो ।

०६२ जेठ ३० गते चितवनको माडीमा माओवादीको विद्युतीय धरापमा परी घाइते भएका आमाछोरी ।

सर्वसाधारणबाट जानकारी प्राप्त भएपछि यथाशीघ्र ती विष्फोटक पदार्थ नष्ट गरिनु पर्दछ, अन्यथा भविष्यमा स्थानीय बासिन्दा सम्बन्धित निकायलाई विष्फोटक पदार्थ पाइएको अवस्थामा खबर गर्न उत्साहित हुने छैनन्।

सार्वजनिक स्थान, गाउँ वा सर्वसाधारणका घरनजिकै भण्डार गरी राखिएका विष्फोटक पदार्थ जतिसक्दो चाँडो नष्ट गरिनु पर्दछ, किनकि त्यस्ता पदार्थ विष्फोटन भएका खण्डमा ठूलो संख्यामा सर्वसाधारण हताहत हुन सक्छन्।

सुरक्षा कारणले माइन र विष्फोटक पदार्थ राखिएका क्षेत्रहरू ती पदार्थको उपयोगिता समाप्तिसँगै नष्ट गर्नु पर्दछ। विभिन्न शिविर, विद्यालय तथा अन्य स्थानहरू जहाँ स्थायी वा अस्थायी सुरक्षा शिविर खडा गरिएको थियो, सुरक्षास्थिति सुधिदै आएपछि ती स्थानबाट सुरक्षाकर्मी हट्ने गर्छन्। तर छोड्ने क्रममा ती स्थान सर्वसाधारणले पुन:प्रयोग गर्नका लागि सुरक्षित हुने अवस्थामा ल्याएर नै छोड्नुपर्दछ।

भण्डारण गरिएका तर युद्धसँगै प्रयोगको औचित्य समाप्त भइसकेका विष्फोटक पदार्थ (नेपालको परिप्रेक्ष्यमा विशेषगरी सकेट बम) लाई नष्ट गर्नु पर्दछ। त्यस्ता विष्फोटक पदार्थ भविष्यमा कुनै आपराधिक गतिविधिका लागि किनबेच गर्न नसकियून् भनेर तिनलाई नष्ट गर्नु परेको हो।

यदि कुनै सामरिक कारणले आत्मसुरक्षाका लागि ल्याण्डमाइन र अन्य प्रकारका विष्फोटक पदार्थ प्रयोग गर्नै पर्ने स्थिति रहृयो भने सुरक्षा निकायले त्यस्ता क्षेत्र विद्यालय, सडक र नागरिकका बासस्थानलगायत अन्य सार्वजनिक स्थानबाट टाढा पर्ने क्षेत्रमा प्रयोग गर्नुपर्दछ। यसले गर्दा विष्फोटक पदार्थ दुर्घटनावश विष्फोट भई सर्वसाधारणलाई पर्न आउने क्षतिबाट टाढै राख्न सकिन्छ।

सुरक्षा कारणले ल्याण्डमाइन र अन्य विष्फोटक पदार्थ बिच्छ्याइएका स्थानहरू प्रष्ट रूपमा खतरा चिह्न राखी जनाउ दिनुपर्दछ र सर्वसाधारण त्यस्ता क्षेत्रमा प्रवेश गर्न नसक्ने गरी तारबार गर्नुपर्दछ। खतरा चिह्नहरू राष्ट्रिय मापदण्डमा मिल्ने गरी, सजिलै चिन्न र पढ्न सकिने गरी राखिनुपर्दछ र तिनको नियमित रूपमा हेरचाह हुनुपर्दछ। कुनै व्यक्ति या जनावरले ती विष्फोटक पदार्थ सक्रिय गराउन नसकोस् भन्ने उद्देश्यले सुरक्षा तारबार विष्फोटक पदार्थबाट टाढा हुनु पर्दछ।

विष्फोटक पदार्थबाट प्रभावित क्षेत्रमा सर्वसाधारणलाई विशेषज्ञबाट सान्दर्भिक माइन जोखिम न्यूनीकरण शिक्षा दिलाउनुपर्दछ। माइन जोखिम न्यूनीकरण शिक्षा युनिसेफको संयोजनमा रहेको माइन जोखिम न्यूनीकरण शिक्षा कार्यसमूहको सहयोगमा सञ्चालन गर्न सकिन्छ। यसै क्रममा उनीहरूलाई बेवारिसे विष्फोटक पदार्थ कसरी चिन्ने र कहाँ खबर गर्ने आदि जानकारी दिएमा जनधनको क्षति हुनबाट बचाउन सकिन्छ।

माथि उल्लेखित नियम अपनाइएको खण्डमा हालको अवस्थामा र भविष्यमा विष्फोटक पदार्थबाट हुने जनधनको क्षतिबाट बच्दै सहज संक्रमणकालबाट पूर्ण शान्तितर्फ राष्ट्र अग्रसर हुन सक्छ।

✦

ब्यारेक हटेको एक वर्षपछि पनि खेतभरी ल्याण्डमाइन यथावत

घनश्याम खड्का

म्याग्दी । पिप्ले गाविसको घुमाउने तालमा रहेको सैनिक ब्यारेक हटेको एक वर्ष पुग्दासम्म त्यहाँ बिच्छ्याइएको माकुराको जालो जस्तो तार र ल्याण्डमाइन नहटाइदा स्थानीयबासी त्रसित छन्।

बाग्लुङ-बेनी-जोमसोम राजमार्गको निर्माण जिम्मा पाएको सेनाको कालीप्रसाद गण (ई) ले ०४८ सालमा त्यहाँ साइड बेसक्याम्पको रूपमा ब्यारेक स्थापना गरेको थियो। माओवादी अवरोधपछि सेनाले सडकको निर्माण रुट परिवर्तन गरी मुस्ताङ गएपछि ०६२ वैशाखदेखि ब्यारेक हटेर राजधानी फर्केको थियो।

ब्यारेक फर्के पनि ब्यारेक क्षेत्र र वरपर सुरक्षाको लागि बिच्छ्याइएका तारहरू र ल्याण्डमाइन भने अझै उठाइएको छैन्। अहिले पनि मुस्ताङ जाने जो सुकै यात्रुले ब्यारेक छेउको सडक किनारामा "ल्याण्डमाइन क्षेत्र, खतरा" लेखिएका साइनबोर्डहरू देख्न सक्छन्। उर्वर खेतीयोग्य जग्गामा बिच्छाइएका तारबार र माइन क्षेत्र वरपर बस्ती रहेको छ। केटाकेटी त्यहीँ खेलिरहेका देखिन्छन्। बारमा राखिएका कतिपय काठका खम्बाहरू सडेर ढलेकाले गाईवस्तु उक्त क्षेत्रमा पस्ने डर पनि त्यत्तिकै छ।

सेनाले चक्रप्रसाद शेरचन, डम्बरकुमारी शेरचन र बलबहादुर शाहीसमेत केही सर्वसाधारणको जग्गामा बिना मुआब्जा बलपूर्वक ब्यारेक राखेको स्थानीयबासीले बताएका छन् । "सेनाले जग्गा प्रयोग गरेको मुआब्जा वा भाडा त दिएन नै त्यहाँ बिच्छ्याएको माइन र तारसमेत नहटाइदिँदा समस्या भएको छ" प्रमुख जिल्ला अधिकारीसँग निवेदन गर्न आएका चक्रप्रसाद शेरचनले बताए। "हामीले तारबार हटाइदिन र जग्गाको भाडाका लागि सेना र प्रमुख जिल्ला अधिकारीसमक्ष यस्ता दर्जनौं निवेदन चढायौं तर सुनुवाइ भएन। अहिले त लोकतन्त्र आएको छ, युद्धविरामको अवस्था भएकोले कसैले हाम्रो कुरा पनि सुन्छन् कि भनेर फर्केर आएको छु" शेरचनले आशावादी स्वरमा थपे।

"बस्ने बेलामा लगाएको बाली मासेर सेनाले ब्यारेक बसेको हो। जग्गाको प्रतिरोपनी मासिक ९ हजार रूपैयाँ दिने मौखिक आश्वासन पनि सैनिक अधिकारीले दिएका हुन् । तर, न रकम दिए न खेतीपाती गर्ने जग्गा नै खाली गरिदिए।" बिच्छ्याइएको काँडेतारबार र ल्याण्डमाइन एरियाको तस्वीर खिच्दै गर्दा एकजना महिलाले आक्रोशित हुँदै "तुरुन्त हटाई देऊ र पैसा पनि लेऊ" भनिन् ।

✦

पुनर्स्थापित प्रतिनिधिसभा र अन्तरिम संविधान

सुशील प्याकुरेल

२०६३ साल वैशाख ११ गते राजाले घुँडा टेकेपछि नेपाल द्रुत गतिमा परिवर्तनको दिशातर्फ उन्मुख भएको छ। "संसद भित्र राजा" को मान्यतामा निर्माण गरिएको संवैधानिक व्यवस्थाबाट अब "राजाबिनाको संसद" तर्फ संक्रमणको अवस्थामा नेपाल रहेको छ।

राजालाई पूर्णरूपमा संसद बाहिर झिक्न राजामा निहित राज्य सञ्चालन सम्बन्धी अधिकारहरू जनताका प्रतिनिधि वा संस्थामा हस्तान्तरण गर्ने प्रक्रियाबाट अगाडि बढ्दै जनआनदोलनको मुख्य मागको रूपमा स्थापित भएको संविधानसभाको माध्यमबाट नयाँ संविधान निर्माण गर्ने कार्यभार पूरा गर्ने दायित्व राजनैतिक दलहरू निर्वाह गर्न सक्रिय भएका छन्।

प्रतिनिधिसभा

२०४६ सालको उपलब्धिको संरक्षण गर्दै संविधानसभाको चुनावको लागि वातावरण निर्माण गर्ने नेपाली राजनीतिको प्रमुख अभिभारा पुनर्स्थापित प्रतिनिधिसभामा निहित भएको अवस्था सृजना भएको छ। लामो समयदेखि विद्यमान हिंसात्मक द्वन्द्वको अन्त्य गरी राष्ट्रलाई शान्तिपूर्ण ढङ्गबाट अग्रगमनतर्फ उन्मूख गराउने चुनौतीको दायित्व निर्वाह गर्दै प्रतिनिधिसभाले जेठ ४ गतेको घोषणा तथा त्यसपछिका कतिपय कामहरूको माध्यमबाट प्रयत्न गर्दैछ।

यसै क्रममा जनआन्दोलनको एउटा हिस्सा र १२ वर्षदेखि परिवर्तनको लागि भनी राज्यसित सशस्त्र युद्धमा संलग्न नेकपा (माओवादी) को प्रतिनिधित्वबिनाको प्रतिनिधिसभाले संविधानसभाको चुनावसम्म नेपाललाई पुऱ्याउने "राजनैतिक वैधानिकता" मा भने प्रश्न गर्ने स्थान रहेको छ। जनआन्दोलनपछि देशको राजकीय सत्ताको जनतामा हस्तान्तरण र तत्कालै राजामा निहीत शक्तिको कटौतीको काम प्रायः पूरा भएको अवस्थामा नेकपा (माओवादी) को वैधानिक प्रतिनिधित्वसहित राज्य सञ्चालनको माध्यमबाट संविधानसभातर्फ संक्रमण गराउने कार्यभार पनि पुनर्स्थापित प्रतिनिधिसभासमक्ष उपस्थित भएको छ।

सातदलको मार्गचित्र अनुसार देशमा शान्ति स्थापना गर्ने अभिभारा सहित पुनर्स्थापना भएको प्रतिनिधिसभा सातदल र माओवादीबीच सम्पन्न राजनैतिक समझदारीहरूलाई वैधानिकता प्रदान गर्दै लागू गराउने दिशामा अग्रसर हुनु उसको दायित्व हो। यसै क्रममा सम्पन्न भएको आठ बुँदे बालुवाटार समझदारीको कार्यान्वयनको लागि वैधानिक आधार तयार पार्ने काममा प्रतिनिधिसभाको अग्रसरता वाञ्छनीय हुन्छ। आठ बुँदे सहमतिमा "..... सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने ..." प्रावधानलाई व्यवहारमा लागू गर्ने दिशातर्फ पुनर्स्थापित प्रतिनिधिसभाको अग्रसरता अपेक्षित छ। एकातिर राष्ट्रमा विधायिका विनाको अवस्था रहन नदिने र अर्कोतिर सातदलले स्वीकार गरेको वर्तमान प्रतिनिधिसभाको विकल्प सहित देशलाई अग्रगति प्रदान गर्ने आधार तयार गर्नु पर्दछ। वर्तमान प्रतिनिधिसभाका कतिपय सदस्यले प्रतिनिधिसभा विघटन गर्न नहुने कुरा मात्र गर्नु वर्तमान प्रतिनिधिसभाको ऐतिहासिक दायित्वलाई नबुझ्नु हुन्छ। वर्तमान प्रतिनिधिसभा जनआन्दोलनको आदेश तथा सातदलका निर्णयहरूलाई प्रक्रियागत रूपमा वैधानिकता प्रदान गर्ने निकाय हो भन्ने कुरा प्रतिनिधिसभाका सदस्यहरूले बुझ्नु पर्दछ।

विभिन्न घोषणाबाट राजाको शक्तिलाई वैधानिक रूपमै जनतामा हस्तान्तरण गरेको प्रतिनिधिसभाले अब "अन्तरिम संविधान" को निर्माण र आफ्नो विकल्पको मान्य संरचनाको खोजीको प्रयत्न गर्नु आवश्यक भइसकेको छ। त्यसैले प्रतिनिधिसभाका सदस्यहरूले "अन्तरिम संविधान" को मस्यौदालाई वैधानिकता प्रदान गर्दै मान्य विकल्प अर्थात् वैकल्पिक प्रतिनिधिसभालाई आफ्नो शक्ति हस्तान्तरण गरी आफ्नो विघटनको घोषणा गर्ने तयारीमा लाग्नु पर्दछ यो नै प्रतिनिधिसभाको दायित्व र चुनौति पनि हो। पुनर्स्थापित प्रतिनिधिसभाले आफू

वर्तमान आन्दोलनको एक घटक नेकपा (माओवादी) को संलग्नताबिनाको संविधासभाको चुनाव वा अन्य कुनै राजनैतिक निर्णयले देशको शान्तिपूर्ण परिवर्तन सम्भव छैन । यसै परिप्रेक्ष्यमा असार २ गतेको "बालुवाटार सहमति" ले माओवादीकोसमेत संलग्नताको लागि वर्तमान प्रतिनिधिसभाको विकल्पको प्रस्ताव अगाडि सारेको हो र यसको वैधानिक व्यवस्था अन्तरिम संविधानमा गरिनु पर्दछ ।

अग्रगमनको बाहक बनेको तथ्य जनतामा स्थापित गराउन सफल हुनु नै लोकतन्त्र र जनप्रतिनिधि व्यवस्थाप्रति जनताको विश्वास पुनर्स्थापित गर्नु हो।

अन्तरिम संविधान

पुनर्स्थापित प्रतिनिधिसभाले जतिसुकै अग्रगमनकारी निर्णय लिए पनि, विभिन्न घोषणाको माध्यमबाट पुरानो प्रणालीमा परिवर्तन गरे पनि २०४६ सालको संविधानको माध्यमबाट स्वतन्त्र र निष्पक्ष "संविधानसभा" को चुनाव हुन सक्दैन। वर्तमान आन्दोलनको एक घटक नेकपा (माओवादी) को संलग्नताबिनाको संविधासभाको चुनाव वा अन्य कुनै राजनैतिक निर्णयले देशको शान्तिपूर्ण परिवर्तन सम्भव छैन। यसै परिप्रेक्ष्यमा असार २ गतेको "बालुवाटार सहमति" ले माओवादीकोसमेत संलग्नताको लागि वर्तमान प्रतिनिधिसभाको विकल्पको प्रस्ताव अगाडि सारेको हो र यसको वैधानिक व्यवस्था अन्तरिम संविधानमा गरिनु पर्दछ।

निष्पक्ष, स्वतन्त्र र भयरहित अवस्थामा संविधानसभाको चुनाव सम्पन्न गर्ने वैधानिक आधारहरू तयार पार्ने प्रमुख अभिभारासहित निर्माण गर्न लागिएको अन्तरिम संविधानले नेपाली राजनैतिक परिवर्तनको मार्ग प्रशस्त गर्ने मात्र नभई यसले भविष्यको मार्ग निर्देश पनि गर्ने छ। अन्तरिम संविधानले राष्ट्रलाई संविधानसभामा जनताको पूर्ण र स्वतन्त्र अभिमत प्रकट हुन सक्ने र त्यसै अभिमतको आधारमा राष्ट्रको भविष्य निर्माण गर्न सक्ने वातावरण पनि तयार पार्ने छ। लामो समयको हिंसाबाट आक्रान्त भएको समाजमा सुरक्षा तथा स्वतन्त्रताको प्रत्याभूतिसहित संविधानसभाले सबै जनताको चाहनाहरू अभिव्यक्त हुने स्थान दिनेछ भन्ने विश्वासको वातावरण तयार पार्नु आफैमा जटिल र चुनौतिपूर्ण कार्य हो।

अन्तरिम संविधानको निर्माणको कार्यको थालनीसँगै यसको मूल तत्व तथा आधारहरू बारे चर्चा हुनु वाञ्छनीय हुन्छ। नेपाली समाजको रूपान्तरणको मुख्य काम संविधानसभाले गर्ने भए तापनि माथि भनिए झैं अन्तरिम संविधानले भविष्यको दिशानिर्देश र त्यसका राजनैतिक संरचनागत आधारहरूको सुस्पष्ट व्यवस्था गर्नु पर्दछ। अबको नेपाल लोकतान्त्रिक विश्व समुदायको एउटा सक्रिय हिस्सा बन्ने भएकोले यसले विश्वमा स्थापित लोकतन्त्रको आधारभूत सिद्धान्त तथा मानवअधिकारका मूल्यहरूलाई पनि आत्मसात गर्न सक्नु पर्दछ।

अन्तरिम संविधानले आधुनिक संविधानका मूल तत्वहरू विधायिका, कार्यपालिका तथा न्यायपालिकाको स्वतन्त्र भूमिकाहरूको प्रत्याभूति गर्नुका साथै वर्तमान राज्य प्रणालीमा महत्वपूर्ण निकायको रूपमा स्थापित भएका स्वतन्त्र निकायहरू, निर्वाचन, मानवअधिकार, भ्रष्टाचार सम्बोधन गर्नेजस्ता निकायहरूको पनि व्यवस्था गर्नु आवश्यक पर्दछ।

अन्तरिम संविधानले नेपाली समाजलाई शान्तिपूर्ण रूपान्तरणको वैधानिक आधार प्रदान गर्ने भएकोले यसले आफ्नो गन्तव्य वा लक्ष्य स्पष्ट किटान गर्न सक्नु पर्दछ। राजनैतिक दलहरूबीच सम्पन्न १२ बुँदे सहमतिले इङ्गित गरेको दिशातर्फ राष्ट्रलाई उन्मुख गराउनु अन्तरिम संविधानको मुख्य दायित्व हो।

निर्माण हुँदै गरेको अन्तरिम संविधानको महत्वपूर्ण चुनौती भनेको अब स्थापना गरिने वैकल्पिक प्रतिनिधिसभा वा संसद हो। जनआन्दोलनमा प्रत्यक्ष भूमिका रहेका राजनैतिक शक्ति मात्र हैन समाजलाई अग्रगमनतर्फ लैजान तयार र जनआन्दोलनको भावनालाई स्वीकार गर्ने अन्य राजनैतिक विचारहरूको समेत भूमिका रहन सक्ने गरी वैकल्पिक प्रतिनिधिसभाको निर्माण गर्नु आवश्यक हुन्छ। चुनाव नगरिकनै स्थापना गरिने यस्तो वैकल्पिक प्रतिनिधिसभाको लागि प्रतिनिधित्वको मान्य व्यवस्था मात्र हैन यसको वैधानिकताको प्रश्नबारे पनि गम्भीर बहस हुनु आवश्यक हुन्छ। एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा शान्तिपूर्ण संक्रमणको अवस्थामा विश्वमा भिन्दाभिन्दै खालका प्रक्रियाहरू अपनाइएका छन्। यस्तो प्रक्रिया राजनैतिक शक्तिहरू बीचको समझदारी र सन्तुलनबाट निक्यौल गरिन्छ । निश्चित अवधिको लागि मात्र गठन गरिने वैकल्पिक प्रतिनिधिसभा गठनको मुख्य उद्देश्य र गन्तव्य बारेमा सैद्धान्तिक सहमति हो। वैकल्पिक प्रतिनिधिसभाको आवश्यकताका आधारबारे छलफल र मतैक्यताबिना यसको गठन र प्रतिनिधित्वबारे मात्र चर्चा हुनुले राजनैतिक तानातान र द्वन्द्वलाई बढाउने सम्भावना हुन्छ र यसले गठन प्रक्रिया नै लामो र अनिश्चित समेत बनाएको धेरै उदाहरणहरू पाइन्छ। त्यसैले सबै राजनैतिक शक्ति तथा नागरिक समाजले समेत अन्तरिम संविधानका आधार, सिद्धान्त तथा लक्ष्यबारे निश्चित सहमतिमा पुग्नु आवश्यक छ।

लामो समयको हिंसाबाट आक्रान्त भएको समाजमा सुरक्षा तथा स्वतन्त्रताको प्रत्याभूतिसहित संविधानसभाले सबै जनताको चाहनाहरू अभिव्यक्त हुने स्थान दिनेछ भन्ने विश्वासको वातावरण तयार पार्नु आफैमा जटिल र चुनौतिपूर्ण कार्य हो ।

द्वन्द्वपश्चात्को अन्तरिम अवधिमा शान्ति प्रक्रियामा संयुक्त राष्ट्रसंघको भूमिका

विद्या चापागाइँ

विषय प्रवेश :

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको समझदारीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुगमन टोलीलाई युद्धविराम अनुगमनमा संलग्न गराउने उल्लेख छ। यस सन्दर्भमा अन्तर्राष्ट्रिय अनुगमन टोलीका रूपमा संयुक्त राष्ट्रसंघीय टोलीलाई अनुगमनका लागि निम्त्याउने कुरा सैद्धान्तिक रूपमा दुवै पक्षको सहमति भई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राष्ट्रसंघ महासचिव कोफी अन्नानलाई जुलाई २ तारिखमा औपचारिक पत्र पठाउनु भएको छ।

महासचिव अन्नानले सरकारको पत्रलाई सकारात्मक रूपमा लिँदै नेपालको १० वर्ष लामो द्वन्द्वको समाधानको लागि महत्वपूर्ण उपलब्धि भन्नु भएको छ। स्थितिको अध्ययन र सहयोगका क्षेत्रबारे बुझ्न नौ सदस्यीय टोली आउने भएको छ।

यसअघि संयुक्त राष्ट्रसंघीय राजनीतिक अधिकारी टाम्राट स्यामुअलले नेपाल भ्रमणको क्रममा शान्ति प्रक्रियाका लागि राष्ट्रसंघको पूर्ण समर्थन रहेको बताएका थिए। संविधानसभाको निर्वाचनअघि माओवादीको हतियार व्यवस्थासम्बन्धी अन्तर्राष्ट्रिय निगरानी आवश्यक रहेको र सोका लागि संयुक्त राष्ट्रसंघ तयार रहेको पनि उनले प्रष्ट्याएका थिए। नेपालस्थित संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि तथा मानवीय संयोजक म्याथु कहानेले यदि दुवै पक्षले संयुक्त राष्ट्रसंघको संलग्नता चाहेका हुन भने सर्वप्रथम युद्धविराम सम्झौता लेखनबारे सल्लाह दिने जानकारी दिँदै त्यसमा कोही प्राविधिक शब्दावलीहरू उल्लेख गरिनु पर्ने राय उनले अगाडि सारेका थिए।

संयुक्त राष्ट्रसंघको प्रमुख भूमिका

विश्वव्यापी मान्यता पाएको र निर्विवाद संस्थाको रूपमा संयुक्त राष्ट्रसंघ रहेको छ। नेपालको सन्दर्भमा सात दल र माओवादीले निकै पहिलादेखि नै संयुक्त राष्ट्रसंघीय मध्यस्थताको माग गर्दै आएका हुन्।

सन् २००५ अप्रिलमा नेपालको संयुक्त राष्ट्रसंघीय उच्चायुक्तसँग सम्झौता भई नेपालमा मानवअधिकार उल्लंघनको अनुगमन गर्न यसको कार्यालय स्थापना भइसकेको छ। यस कार्यालयले नेपालको वर्तमान संक्रमणकालीन अवस्थामा नेपाली समाजमा हुन सक्ने अपराध र मानवअधिकार उल्लंघनलाई संक्रमणकालीन न्यायको प्रक्रियाद्वारा समाधान गर्न सक्दछ।

त्यसैगरी संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि म्याथु कहानेले यस प्रक्रियामा संयुक्त राष्ट्रसंघका विभिन्न विशिष्टिकृत निकायहरूलाई समावेश गर्न सकिने सम्भावना अगाडि सार्नु भएको छ। जस्तो बालसैन्यको पुनर्स्थापनाको लागि युनिसेफले भूमिका खेल्न सक्ने र उच्चआयुक्तको कार्यालयले पहिलादेखि नै अनुगमन र सुपरिवेक्षणको कार्यमा लागेको जानकारी दिनु भएको थियो। साथै सरकार र माओवादीबीच भएको सम्झौतामा आचार संहिताको पालना गर्ने र मानवअधिकार उल्लंघनको अनुगमन गर्न उच्चआयुक्तको कार्यालयलाई आग्रह गर्ने निर्णय भएको छ।

संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कारवाही सञ्चालन गर्ने विभागले युद्धविराम आचारसंहिता मस्यौदा गर्न प्राविधिक सुझाव दिन सक्ने छ। संयुक्त राष्ट्र संघले हतियार व्यवस्थापनमा निकै महत्वपूर्ण भूमिका खेल्न सक्दछ र संयुक्त राष्ट्रसंघीय प्रहरी र सैनिकलाई नेपालको अवस्था पर्यवेक्षण गर्न नियुक्त गर्न सक्दछ। यसको लागि संयुक्त राष्ट्र संघ अन्तर्गत रहेको राजनीतिक मामला हेर्ने विभागले प्रमुख भूमिका खेल्दछ, जसको कार्यक्षेत्र निम्नानुसार रहेको छ –

१. विश्वव्यापी राजनीतिक विकासक्रमको अनुगमन र पुनरावलोकन गर्ने,

२. शान्ति स्थापना गर्नका लागि आवश्यक क्रियाकलाप बारे संयुक्त राष्ट्र संघीय महासचिवलाई सुझाव सल्लाह दिने,

३. शान्ति प्रक्रियामा समावेश भएका संयुक्त राष्ट्र संघका प्रतिनिधिहरूलाई सहयोग र निर्देशन दिने।

यसरी उल्लेखित कार्य सम्पादन गर्दा राजनीतिक मामलासम्बन्धी विभागले द्वन्द्व समाधान, शान्ति स्थापना, द्वन्द्व पश्चात् शान्ति पुनर्स्थापना गर्ने जस्ता कार्य गर्दछ। द्वन्द्वको समयमा हतियार व्यवस्थापनका साथसाथै युद्धविराम सम्झौताको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघले सफलतापूर्वक शान्ति स्थापना गरेका उदाहरणरू छन्।

यस्ता मिसनहरू संयुक्त राष्ट्र संघको बडापत्रको भाग चार अन्तर्गत धारा ३३-३८ सम्म शान्तिपूर्ण तरिकाले विवादको समाधान गर्ने व्यवस्था गरिए अनुरूप दुईवटा मिसनहरूमा संयुक्त राष्ट्रसंघको प्रत्यक्ष संलग्नतामा सफलतापूर्वक शान्ति स्थापना गरिसकेको छ। ग्वाटेमालामा संयुक्त राष्ट्रसंघको मिसन सुरक्षा परिषद्को प्रस्ताव १०९४ द्वारा २० जनवरी १९९७ मा स्थापना भएको थियो। यसले ग्वाटेमाला सरकार र विद्रोही पक्ष बीच ४ डिसेम्बर १९९६ मा ओस्लोमा हस्ताक्षर भएको युद्धविराम सम्झौतालाई प्रमाणित गर्न तीन महिना लगाएको थियो। उक्त सम्झौतामा युद्धको औपचारिक समाप्तिको पर्यवेक्षण, बलहरूको विभाजन र हातहतियार

व्यवस्थापन गर्ने, चुनावको अनुगमनगर्ने र त्यसको लागि प्राविधिक सहयोग गर्ने, शरणार्थी, आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू आदिलाई मानवीय सहायताको लागि संयोजन र अनुगमन गर्ने जस्ता कुरा प्रमुख रूपमा रहेको थियो।

छ वर्षसम्म संयुक्त राष्ट्र संघले लगातार मध्यस्थता गरेपछि ग्वाटेमाला सरकार र युनिडाड रिभोलुसनरी राष्ट्रिय ग्वाटेमालाले शान्ति स्थापना गर्नका लागि सम्झौता गरेपछि ग्वाटेमालामा ३६ वर्ष लामो द्वन्द्वको अन्त्य भएको थियो। सम्झौतामा रहेका पक्षहरूको आग्रहमा र युद्धविराम र वार्ताको प्रक्रियालाई नपर्खी संयुक्त राष्ट्रसंघीय महासभाले मानवअधिकारको उल्लंघन प्रमाणित गर्न र समझदारीमा भएका मानवअधिकारसम्बन्धी प्रतिबद्धताको पालनाबारे हेर्ने संयुक्त राष्ट्रसंघको मिसन स्थापना गरिएको थियो। यसरी संयुक्त राष्ट्र संघले पूर्णरूपमा कारवाही सञ्चालन गरेपछि एक वर्षभित्र औपचारिक युद्धविराम भएको थियो। हातहतियार, बारुद र सैनिक उपकरणहरू रजिष्टर्ड गरी संयुक्त राष्ट्रसंघीय सैनिक पर्यवेक्षकलाई बुझाइएको थियो।

त्यस्तै मोजाम्बिकमा भएको सरकार र मोजाम्बिक राष्ट्रिय प्रतिकार समूहबीच वार्ता भएको दुई वर्षपछि शान्ति सम्झौता भएको थियो। सम्झौता अनुसार सुरक्षापरिषद्ले मोजाम्बिकमा अनुगमन र युद्धविरामलाई सहयोग गर्न, सैनिक व्यवस्थापन गर्न र राष्ट्रिय चुनाव गर्न संयुक्त राष्ट्रसंघको कारवाही स्थापना गऱ्यो। जसको लागि सुपरिवेक्षण र अनुगमन आयोगको गठन गरिएको थियो। साथै ३७ लाख विस्तापित नागरिकहरूलाई पुनर्स्थापना गराउन मानवीय सहायता दिएको थियो। त्यस्तै दुवै पक्षका ७६ हजार सैनिकहरूलाई नयाँ राष्ट्रिय सेनामा समाहित गरी १ लाख ५५ हजार हतियारहरू बुझेको थियो। राज्यको नै प्रथम बहुदलीय चुनावको अनुगमन गरी संयुक्त राष्ट्रसंघलगायत

नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पठाइएको पत्रको अनौपचारिक अनुवाद

मिति : २०६३ असार १८ गते

महामहिम,

नेपाल सरकारले सदाका लागि नेपाली जनतालाई सर्वोच्च र सार्वभौम बनाउनुका साथै लोकतन्त्र पुनर्स्थापना गर्न सफल जनआन्दोलनका उपलब्धिहरूलाई सुदृढ पार्न निर्णायक कदम चालेको बेहोरा श्रीमानलाई अवगत गराउन पाउँदा मलाई खुशी लागेको छ। यसले राष्ट्रमा प्रजातान्त्रिक प्रक्रियालाई सुदृढ र संस्थागत गर्दै स्थिरता कायम गर्न तथा राष्ट्रिय एकता र मेलमिलापमा आधारित वास्तविक र दिगो शान्तिको खोजमा कटिबद्ध हुन नेपाललाई गति प्रदान गरेको छ। समाजमा स्थायी शान्ति सुनिश्चित गर्न र संविधानसभाको चुनावका लागि सहज वातावरण सिर्जना गर्न आवश्यक कदमहरूलाई समेटेर सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच सन् २००६ जुन १६ मा आठ बुँदे सहमति भएको छ। यसअघि मे २६ मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच युद्ध विरामको क्रममा दुवै पक्षले पालना गर्नु पर्ने २५ बुँदे आचार संहितामाथि सहमति भएको थियो।

राष्ट्रहरूको सार्वभौमसत्ताको सम्मान, आपसी सहयोग र द्वन्द्वको शान्तिपूर्ण समाधानसम्बन्धी मूलभूत सिद्धान्तमा आधारित संयुक्त राष्ट्रसंघको विश्वभर शान्ति, सुरक्षा, आर्थिक र सामाजिक विकास तथा मानवअधिकारको दिगो प्रवर्द्धनका लागि प्रतिबद्धतालाई दृष्टिगत गरी नेपाल सरकारले संयुक्त राष्ट्रसंघसमक्ष तपसिललका अनुरोध गर्ने निर्णय गरेको छ।

१. नेपालस्थित मानवअधिकारका लागि उच्चायोगको कार्यालय (ओएचसीएचआर-नेपाल) को माध्यमबाट निरन्तर रूपमा मानवअधिकारको स्थितिलाई अनुगमन गराउन।
२. युद्धविरामको बेला आचारसंहिताको स्थिति अनुगमनका लागि सहयोग गराउन।
३. संविधानसभाको चुनाव स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गराउन माओवादी लडाकूहरूको अनुगमन र तिनीहरूको हतियार भविष्यमा प्रयोग गर्न नमिल्ने गरी व्यवस्थापन गर्न सहयोग पुऱ्याउन।
४. नेपाली सेना ब्यारेक भित्र छ/छैन र स्वतन्त्र र निष्पक्ष संविधानसभाको चुनावको पक्ष वा विपक्षमा कतै तिनीहरूको प्रयोग भइरहेको छ/छैन भन्नेबारे अनुगमन गर्न।
५. संविधानसभाको चुनाव प्रक्रियालाई पर्यवेक्षण गर्न।

हामीले वर्तमान नेपाली वर्षको अन्त्यतिर (सन् २००७ अप्रिलको मध्यतिर) संविधानसभाको चुनाव गराउने योजना बनाइसकेकाले यदि तपाईंले माथि उल्लिखित विषयमा यथाशीघ्र संयुक्त राष्ट्रसंघको आवश्यक सहयोग सुरु गरिदिनुभएको खण्डमा म कृतज्ञ हुनेछु।

यसै सन्दर्भमा प्रजातान्त्रिक प्रक्रिया र नेपालमा शान्ति स्थापनाका लागि निरन्तर रूपमा सहयोग र चासो प्रदान गरिएकोमा म नेपाल सरकारको तर्फबाट संयुक्त राष्ट्रसंघ र तपाईंप्रति प्रशंसा र कृतज्ञता व्यक्त गर्न चाहन्छु।

महामहिमले मेरा कुराहरूप्रति उचित ध्यान पुऱ्याउनु हुनेमा म विश्वस्त छु।

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री

अन्तर्राष्ट्रिय समुदायले सक्रिय भूमिका खेलेका थिए। मोजाम्बिकको सम्बन्धमा भएको संयुक्त राष्ट्रसंघको हस्तक्षेप गर्दा ७६ हजार सरकारी र विद्रोही सैनिकहरूलाई व्यवस्थापन गर्ने अधिकारसमेत प्रदान गरिएको थियो।

युद्धले निम्त्याएको क्षति ग्वाटेमाला र मोजाम्बिकको अवस्थासँग तुलना गर्दा नेपालको सशस्त्र द्वन्द्वले निम्त्याएको क्षति बढी छ। नेपाल सरकार र माओवादीले आचारसंहितामा सहमति गरे तापनि मानवअधिकार उल्लंघनका घटना भइरहेका छन्। मानवअधिकार उच्चायुक्तको कार्यालयले दिएको सूचना अनुसार माओवादी सेनाले नौजना सर्वसाधारणको हत्या गरिसकेका छन्। यदि ग्वाटेमालाको प्रक्रिया अनुशरण गरियो भने संयुक्त राष्ट्रसंघले नेपालमा अनुगमन सुरू गरेको दिनदेखि औपचारिक युद्धविराम गर्नु पर्दछ। नेपाल सेना र माओवादी कमाण्डरहरूको सरसल्लाहमा व्यारकेहरू र सभा हुने गरेका इलाकाहरू जहाँ सेनाहरू र हतियारहरू राखिने गरिएको छ, त्यहाँको अनुगमन र हतियारबारे निर्धारण गर्न दिनु पर्दछ।

ग्वाटेमालामा सेना र गुरिल्लाहरूको विभाजन सुरक्षा क्षेत्र र संयोजन क्षेत्र भनी दुई वटा क्षेत्रहरूको स्थापना गरिएको थियो। जसमा सेनालाई प्रवेश निषेध गरिएको थियो भने संयुक्त राष्ट्रसंघीय पर्यवेक्षकको संयोजनमा प्रहरीलाई प्रवेश गर्न दिइएको थियो। मोजाम्बिकमा मोजाम्बिकका नागरिकको शान्ति स्थापना गर्ने तर्फ निकैठूलो पहलले त्यहाँका विद्रोहीहरूको लागि अप्ठ्यारो अवस्था सृजना भएको थियो। त्यही त्यस नागरिकहरुको शान्ति स्थापनाका लागि दह्रो इच्छाशक्ति नेपालमा पनि रहेकोले औपचारिक युद्धविराम हुन सक्ने आशा गर्न सकिन्छ।

नेपालको सन्दर्भमा सेनाको पनि अनुगमन गर्नुपर्ने भएको हुँदा यहाँ आउने मिसनलाई ग्वाटेमालाको भन्दा बढी विस्तृत र क्रियाशील बनाउनु पर्दछ। ग्वाटेमाला र मोजाम्बिकको अनुभवको आधारमा नेपालमा सेनालाई हलुका र व्यक्तिगत हतियार मात्र बोक्न दिनु पर्दछ। केही विशेष अवस्थामा त्यस्ता व्यक्तिगत हातहतियार पनि बोक्न दिनु हुँदैन यदि त्यस्तो नगरिएमा संविधानसभाको चुनावको समयमा हतियार लिएर उपस्थित भएको सशस्त्र पुरुष र महिलादेखि सर्वसाधारणमा त्रास र निस्पक्ष चुनाव नहुने सम्भावना रहन्छ।

नेपाल संयुक्त राष्ट्रसंघको लागि पहिलो मुलुक हुन सक्छ, जहाँ यसको शान्ति स्थापना आयोगले आफ्ना अनुगमन र पर्यवेक्षण गर्ने कार्य गर्न सक्दछ। तर पहिले जस्तै, सैनिक र प्रहरी पर्यवेक्षकहरूको नियुक्तिको लागि अधिकार महासभा अथवा सुरक्षापरिषद्ले गर्नु पर्दछ। साथै प्रस्तावित संयुक्त राष्ट्र संघीय मिसनले सरकार र माओवादीबीच भएको सहमतिको नजिकबाट अनुगमन गरिरहेका नागरिक समाजका प्रतिनिधिहरूसँग सहकार्य गर्दै अघि बढ्नु पर्दछ।

द्वन्द्व पश्चात् शान्ति स्थापना गर्न, द्वन्द्व पश्चात् पुनर्स्थापना, पूननिर्माण, संस्थागत विकास र दिगो विकास आदिको लागि सल्लाह र रणनीतिको प्रस्ताव गर्दछ। आयोगले द्वन्द्व समाधान, ध्यस्थता, शान्ति स्थापना, मानवअधिकारको सम्मान, कानुनी शासन, मानवीय सहायता, पुनर्निर्माण र दिगो विकासको लागि संयुक्त राष्ट्रसंघको विस्तृत क्षमता र अनुभवलाई अगाडि ल्याउँदछ। आयोगले यस्तो प्रकारले हस्तक्षेप गर्नु अघि महासभा, सुरक्षापरिषद्, आर्थिक तथा सामाजिक परिषद् र महासचिवका साथै कुनै सदस्य राष्ट्र आफ्नो राष्ट्रको अवस्थाको सम्बन्धमा आयोगको सुझावको लागि आग्रह गर्न सक्दछ। संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १२ लागू हुन्छ। जसअनुसार सुरक्षा परिषद्मा विचाराधीन रहेको वा हस्तक्षेप गरेको अवस्थामा महासभा र आर्थिक तथा सामाजिक परिषद्ले कुनै कारवाही गर्न सक्दैन। द्वन्द्वग्रस्त मुलुकमा शान्ति सम्झौता गर्ने र हिंसाको अन्तय गर्ने कार्यमा प्रमुख रूपले आयोगले कार्य गर्दछ।

संयुक्त राष्ट्रसंघले शान्ति वार्ता र शान्ति सम्झौताको कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ। दुवै पक्षको आग्रहमा एलसाल्भाडोरमा युद्धविराम हुनुअघि नै मानवअधिकार सम्झौताको अनुगमन गर्नका लागि संयुक्त राष्ट्रसंघको पर्यवेक्षक खटाइएको थियो। नेपालको सन्दर्भमा मानवअधिकार उच्चायुक्तको कार्यालयले प्रमुख भूमिका खेल्न सक्दछ भने त्यस्तै संयुक्त राष्ट्र संघका विशिष्टकृत निकायहरू जसले नेपालमा स्वास्थ्य, शिक्षा, विकास सेवा उपलब्ध गराइराखेका छन्, उनीहरूको मुलुक भरि नै अनुगमनकर्ता र कार्यकर्ताहरू रहेका छन्, जसले युद्धविराम आचार संहितामा सम्बन्धित प्रावधानहरू निश्चित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दछन्। त्यस्तै संयुक्त राष्ट्र संघले नेपालमा खेल्न सक्ने अन्य भूमिकामा, चेतनामूलक कार्यक्रम र सार्वजनिक बहसलाई प्रबर्द्धन र प्रोत्साहन गर्ने, सूचनाको पहुचमा विस्तार गर्नेलगायतका काम कारवाही गर्न सक्दछ।

त्यस्तै संयुक्त राष्ट्रसंघले नेपालको शान्ति प्रक्रियामा महिलाको भूमिकालाई बढाउनका लागि नेपाल सरकार, राजनीतिक दल र माओवादी छापामारलाई सुझाव दिएको छ। महिलाहरूको सक्रिय सहभागिताले गर्दा हालैको जनआनदोलन सफल भएको उद्धृत गर्दै, सफलतापूर्वक शान्ति प्रक्रियामा जानका लागि पनि महिलाको सहभागिता पूर्ण रूपमा आवश्यक रहेको धारणा व्यक्त गरेको छ।

अन्तर्राष्ट्रिय स्तरको मध्यस्थकर्ताको अभावमा अनुगमनले सार्थकता पाउन सकेको थिएन। संयुक्त राष्ट्रसंघजस्तो संस्थाको संलग्नता विशेष प्रभावकारी हुने विश्वास छ।

द्वन्द्व समाधानको सिद्धान्त अनुसार तेस्रो पक्षको उपस्थितिको उद्देश्य युद्धविराम र वार्ताका समयमा देखापर्ने वा योजनाबद्ध ढंगले सृजना गरिने अवरोध हटाउन र वार्तामा संलग्न पक्षबीच आउनसक्ने समझदारीलाई निराकरण गरी शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु रहेको हुन्छ। संयुक्त राष्ट्र संघको उपस्थिति मध्यस्थकर्ता, सहजकर्ता, साक्षी, पर्यवेक्षक जस्ता कुनै पनि हैसियतमा हुन सक्छ।

भरपर्दो अन्तर्राष्ट्रिय शक्तिका रूपमा संयुक्त राष्ट्रसंघले युद्धविराम अनुगमन गर्ने, हातहतियार विस्थापन गर्ने र सरकार माओवादी वार्तामा प्रत्यक्ष रूपमा संलग्न हुने कुरामा विश्वास नेपाली जनता र समझदारीमा हस्ताक्षर गर्ने पक्षहरूले पनि गरेका छन्। ✦

अन्तरिमकालमा महिला अधिकारका सवाल

सम्झा श्रेष्ठ

विषय प्रवेश

लोकतान्त्रिक आन्दोलनलाई निर्णायक बिन्दुमा पुऱ्याउन समाजका सबै वर्ग र तप्काका जनसमुदायको भूमिका सर्वोपरी रह्यो। विभिन्न पेसाकर्मी, बुद्धिजीवि, नागरिक समाज, विद्यार्थी, महिला, दलित, जनजाति, अल्पसंख्यक, मजदुर युनियन, अपाङ्ग, आदि सबै तहबाट अर्थपूर्ण सहभागिता रह्यो। जनताको सशक्त आन्दोलनको परिणामस्वरूप प्रतिनिधिसभा पुन: स्थापना भएको छ। अब आन्दोलनमा मुखरित भएको सबै वर्ग र तप्काका आवाजहरूको सुनुवाइ हुनु जरुरी छ।

देशको भावी स्वरूप कस्तो हुने भन्ने अन्तिम किनारा संविधानसभापछि लाग्ने भए तापनि त्यसअघिको संक्रमणकालीन समय पनि आफ्ना हकमा विशेष उपलब्धिमूलक हुने आशा नेपाली महिलाहरूले लिएका छन्। शताब्दीयौंदेखि विभेदको शिकार हुनु परेको र राज्यमाथिको स्वामित्व र राज्यका विभिन्न निकायमा पहुँच न्यून रहेको हुनाले संविधानसभामा जानुअगाडि नै आफ्नो पूर्ण सशक्तिकरण हुनु पर्ने माग महिलाहरूको रहेको छ। यद्यपि जनआन्दोलनको सफलतापछि पनि महिलाहरूलाई पाखा पार्न खोजिएको देखिएकाले अनेक आशङ्का पनि पैदा भएको छ।

नफेरिएको मानसिकता

जनआन्दोलन-२ पछि बनेको छ सदस्यीय मन्त्रिमण्डलमा एकजना पनि महिला राखिएन। मन्त्रिमण्डलको बिस्तार गरेर २१ जना पुऱ्याउँदा केवल एकजना महिलालाई राज्यमन्त्री बनाइयो। त्यसपछि सरकारले गठन गरेको उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगका पाँचजना सदस्यहरूमा कोही पनि महिला परेनन् भने शान्ति समितिका आठजना सदस्यहरूमध्ये एकजना मात्र महिला छन्। शान्ति वार्ता टोलीमा सरकार र माओवादी दुवै पक्षले महिला सहभागिता आवश्यक ठानेनन्। सात राजनैतिक दलसहित माओवादी नेतृत्वको शिखर वार्तामा एकजना पनि महिलाको सहभागिता थिएन। पाँचजना सामेल रहेको वार्ता पर्यवेक्षक टोलीमा पनि कोही महिलालाई राख्न वार्ताकारहरूले आवश्यक ठानेनन्।

महिला र नागरिक समाजबाट विरोध भएपछि नेपाल सरकारका गृह मन्त्रीले यो सवाललाई केबल महिलाहरूको गुनासोको रूपमा लिए। उता माओवादी पक्षका जिम्मेवार महिला नेतृहरूले वार्ताटोलीमा महिलाको सशरीर उपस्थिति आवश्यक नहुने सार्वजनिक अभिव्यक्ति दिए। जबसम्म महिलाको उपस्थिति हुँदैन, कसरी त्यो वार्तामा महिला अधिकारको आँखाले निर्णयहरू कसरी गरिन्छन् ?

देशमा अर्को महत्वपूर्ण समिति बन्यो "अन्तरिम विधान मस्यौदा समिति"। त्यसमा पनि सरकार र माओवादी पक्षले महिलाको सहभागिता गराउन जरुरी ठानेनन्। फलस्वरूप जनआन्दोलन सम्पन्न भएको दुई महिनापनि नबित्दै महिलाहरू सडकमा आउन वाध्य भए।

वार्ता प्रक्रिया संसदीय अनुगमन समितिमा भने प्रतिनिधिसभाको २०६३ जेठ १६ को घोषणा अनुसार ३३ प्रतिशत महिलाहरूको सहभागिता रह्यो। तर विभिन्न समयमा बनेका संसदीय समिति र अन्य छानबिन समितिहरूमा कतिपयमा महिलाहरूलाई राखिएको छैन भने कतिपयमा नगण्य रूपमा सहभागी गराइएको छ।

प्रतिनिधिसभा घोषणा-०६३ को एउटा महत्वपूर्ण लक्ष्य महिला सहभागिता बढाई समावेशी चरित्रको राज्यको स्थापना गर्न बल पुऱ्याउनु थियो। त्यसैले महिलाहरूले पुन: स्थापित संसदबाट आफ्नो कदर भएको ठानेका थिए। जनआन्दोलन-२ मा आम जागरुक महिलाहरूको सहभागिता देशमा स्थायी शान्ति कायम गर्नुका साथै राज्यको मूल प्रवाहमा आफ्नो हक खोज्नका लागि पनि थियो। महिला सहभागिता बेगरको राज्यप्रणाली अन्यायी हुँदै आएको अवस्थामा त्यो घोषणाले महिला सहभागिता बढाउन ऐतिहासिक फड्को मार्ने अपेक्षा गरिएको थियो।

संसदले बाबु या आमा कसैको नामबाट सन्तानले नागरिकता लिन सक्ने, समानुपातिक सहभागिताको लक्ष्य हासिल गर्न राज्यका सबै संरचनमा कम्तीमा एकतिहाई महिला हुनुपर्ने, महिलाविरुद्धका सम्पूर्ण घरेलु हिंसा निमूल गर्ने जस्ता महिला अधिकारका सवालहरू घोषणा गरेको थियो। तर, घोषणा भएको एक साता नबित्दै यसको उल्लंघन हुनुले यहाँका शासकको परम्परागत, पितृप्रधान मानसिकतालाई दर्शाएको छ। विगत १० वर्षदेखि जनयुद्धको नाममा सामन्तवादविरुद्ध र जनमुक्तिको लागि सशस्त्र हतियार उठाउँदै आएको भनिने नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का नेताहरूको सामन्ती चरित्र पनि उघ्रिएको छ।

अन्तरिम अवधिमा महिला सरोकार

मुलुकमा लोकतन्त्र आएपछि अब आफूलाई लोकतन्त्रवादी मान्ने, तर पुरुषप्रधान मानसिकता भएका व्यक्ति वा संस्थाहरू र महिलाअधिकारवादीका प्राथमिकता फेरिएका छन्। महिलाहरूले चाहिँ पुरुषप्रधान मानसिकताविरुद्ध अर्को संघर्ष गर्नु पर्ने देखिएको छ।

(क) अन्तरिम संविधान

अन्तरिम संविधान रूप र सार दुवै दृष्टिकोणले समावेशी चरित्रको हुनु पर्दछ भन्नेमा महिलाहरूको ठूलो सरोकार छ। पुरुषप्रधान मानसिकताको प्रतिबिम्ब कतै अन्तरिम संविधानमा पनि देखिने हो कि भन्ने आशङ्का छ।

(ख) अन्तरिम सरकार र संविधानसभाका विभिन्न प्रक्रिया

अन्तरिम सरकारमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व गराइनु पर्ने सवाल यतिखेर अत्यन्त महत्वपूर्ण रहेको छ। संविधानसभाको निर्वाचनका तयारी स्वरूप संविधानसभा नियमावली तथा विधान निर्माण प्रकृयामा महिला प्रतिनिधित्वको प्रत्याभूति दिनु पर्दछ। निष्पक्ष निर्वाचनका लागि एक स्वतन्त्र र समावेशी जननिर्वाचन आयोगको गठन गरिँदा पनि महिलाहरूको समुचित प्रतिनिधित्व अनिवार्य हुनु पर्दछ।

(ग) नीति निर्माणका विभिन्न क्षेत्र

प्रजातान्त्रिक राज्य व्यवस्थामा महिला सहभागिता भनेको राज्यको नीति निर्माणदेखि त्यस अनुसारको कार्ययोजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकनका हरेक क्षेत्रमा समाजमा आधा जनशक्तिको रूपमा रहेका महिलाहरूको प्रत्यक्ष संलग्नताको कुरा हो। विशेषगरी अहिलेको संक्रमण कालमा हरेक क्षेत्रमा महिला सहभागिता भनै आवश्यक छ। संक्रमण कालबाट मुलुकलाई स्थायी शान्ति र राजनीतिक स्थायित्वतर्फ अगाडि बढाई प्रगति र समृद्धिको सुनिश्चित गर्न नीति निर्माणमा महिला सहभागिता अनिवार्य छ।

महिलाहरूलाई सम्मान र अधिकारसाथ हरेक प्रक्रियामा सरिक नगराई हुँदैन।

(घ) विभिन्न कानुनी प्रावधानहरू

जनआन्दोलनको बलबाट पुनर्स्थापित संसद्ले गरेको लोकप्रिय घोषणा कार्यान्वयनका लागि यथाशीघ्र कानुन बनाउन जरुरी भैसकेको छ। कानुनी संरचनाका अभावमा ती घोषणाहरूले मूर्तता पाउँदैनन्। राज्यको सबै संरचनामा महिलाको ३३ प्रतिशत सहभागिता हुनेपर्ने घोषणा लागु नभएको कुराहरू माथि नै चर्चा गरियो। त्यसैगरी आमाको नाममा नागरिकता लिन सकिने प्रावधान कानुनको अभावमा व्यवहारमा लागू हुन सकेको छैन।

त्यसैगरी, महिलाविरुद्ध हुने घरेलुहिंसाविरुद्ध दरिलो कानुन पनि बन्न सकिरहेको छैन र महिलाहरू झन् झन् पीडित बन्दै गैरहेका छन्। त्यसैले यसका विरुद्ध तत्काल कडा कानुनका साथै त्यसलाई व्यवहारमा लागू गर्ने संयन्त्र बनाउन जरुरी भएको छ।

(ङ) अन्तर्राष्ट्रिय कानुनहरू अनुमोदन

नेपाल १६ भन्दा बढी अन्तर्राष्ट्रिय कानुनहरूको पक्ष राष्ट्र भएको छ। यी अन्तर्राष्ट्रिय कानुनहरू खासगरी सन् १९९१ तिरको अन्तरिम सरकारको बेलामा हस्ताक्षर गरिएका हुन्। यहि अवधिमा महिला विरुद्धको सम्पूर्ण भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय कानुन (Convention on Elimination of All Forms of Discrimination Against Women) पनि नेपालले हस्ताक्षर गरेर महिला हक अधिकारको प्रत्याभूति गर्ने गरी आफ्नो घरेलु कानुन परिमार्जन गर्ने दायित्व बहन गरेको छ। अब महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको इच्छाधीन आलेख (Convention on Elimination of All Forms of Discrimination Against Women, Optional protocol) सरकारले अनुमोदन गर्नुपर्दछ।

इच्छाधीन आलेखले महासन्धिद्वारा प्रदत्त अधिकारहरूको उल्लंघनमा त्यसलाई सम्बोधन गर्ने वा उपचार प्रदान गर्ने कार्यविधिहरू प्रदान गर्दछ। यसले महिला महासन्धिलाई समुचित रूपमा बुझ्न मद्दत पुऱ्याउँदछ, जसको फलस्वरूप महिलाको मानव अधिकारको प्रभावकारी संरक्षण तथा संबर्द्धनमा वृद्धि गर्दछ। यसले राज्यपक्षहरूलाई महिला महासन्धिको पूर्ण कार्यान्वयन गर्न उत्प्रेरित गरी राष्ट्रिय स्तरमानै महासन्धिको प्रभावकारी कार्यान्वयन हुने अवस्था सिर्जना गर्दछ।

(च) दण्डहीनताको अन्त्य

माओवादीद्वारा सुरु गरिएको जनयुद्धको क्रममा महिलाहरूमाथि परेको प्रत्यक्ष र परोक्ष असर कहालीलाग्दो छ। लोकतन्त्र बहालीसँगै देशमा शान्ति प्रकृया सुरु भएको छ। तर शान्ति वार्ता विगतसँग जोडिएको हुन्छ भन्ने तथ्य स्मरणीय छ।

हिंसात्मक द्वन्द्वको बेलामा राज्य र विद्रोही दुवै पक्षबाट महिलामाथि भएका अत्याचारको छानबिन गर्न र पीडकलाई कारवाही गर्न तुरुन्तै न्यायिक आयोग बनाउनु पर्दछ। अन्यथा राज्य दण्डहीनतातिर धकेलिनेछ। विगत १० वर्षको सशस्त्र जनयुद्धमा भएको अन्याय अत्याचारको छानबिन गर्न बनाइने आयोगमा महिलाको अनिवार्य सहभागिता हुनु पर्दछ। यो अवधिमा महिलामाथि भएको अन्याय अत्याचार, यौन शोषण, बलात्कार जस्ता जघन्य अपराध निष्पक्षरूपले छानबिन गर्न महिलाको सहभागिता अनिवार्य हुन्छ।

(छ) सामाजिक सुरक्षा

राज्य संरचनाको हरेक क्षेत्रमा ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउने प्रावधानलाई फलदायी बनाउन उनीहरूको शैक्षिक, आर्थिक, सामाजिक र कानुनी पक्षलाई बलियो बनाउन जरुरी छ। व्यक्तित्व विकासको मुख्य आधार शिक्षा भएकोले महिलाको शैक्षिक स्तर माथि उठाउन सरकारले शिक्षाका हरेक स्तरमा निश्चित कोटा महिलाका लागि निःशुल्क गर्नु पर्दछ। नेपाल सरकारले हालै ल्याएको २०६३/०६४ को नीति तथा कार्यक्रममा कर्णाली अञ्चलका विद्यालय तह कक्षा १-१० मा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई छात्रवृत्ति र बाँकी ७० जिल्लाका प्राथमिक विद्यालयमा अध्ययनरत छात्राहरूमध्ये ५० प्रतिशत छात्राहरूको लागि छात्रवृत्तिको व्यवस्था गरेको छ। यति मात्र नभएर सरकारले प्राविधिक तथा सामान्य शिक्षामा अध्ययन गर्ने कम्तीमा पनि ३३ प्रतिशत छात्रवृत्ति महिलाकालागि छुट्टयाउनु पर्दछ।

त्यसैगरी, सरकारी सेवामा ३३ प्रतिशत पदहरू महिलाका लागि छुट्टयाउनु पर्दछ। सशस्त्र द्वन्द्वको मारमा परेका महिलाहरूको सामाजिक सुरक्षाका लागि तत्काल राहत तथा अधिकारमुखी कार्यक्रमहरू लागू गर्नु पर्दछ। यसका लागि राजनीतिक निकासले कहिले पूरै टुङ्गो पाउला भनेर कुरिरहनु पर्दैन।

अन्तरिमकाल र बालबालिका

उषा थपलिया

विषय प्रवेश

नेपालको कूल जनसंख्या मध्ये १८ वर्षसम्मका बालबालिकाको संख्या ५२ प्रतिशतको हाराहारीमा रहेकाले नेपालको जनसंख्याको आधा भन्दा बढी भाग बालबालिकाले ओगटेको देखिन्छ।

समाजमा हुने कुनै पनि गतिविधिहरूबाट बालबालिका अलग रहन सक्दैनन्। देशको असहज परिस्थितिको मार पनि प्रत्यक्षत: वा अप्रत्यक्षत: बालबालिकामाथि पर्दछ। यसको प्रत्यक्ष दृष्टान्त नेपालमा चलेको सशस्त्र द्वन्द्व हो, जसका कारण करिब ३ सय ५० जना बालबालिकाको बाँच्न पाउने अधिकार खोसियो। अन्य घाइते, अङ्गभङ्ग भएका, विस्थापित, शिक्षा/स्वास्थ्यको अधिकारबाट वञ्चित तथा मनोरोगीहरूको तथ्याङ्क संकलन हुन नसके तापनि पीडितहरूको संख्या ठूलो रहेको प्रष्टै छ । जनआन्दोलन द्वितीयमाका क्रममा काठमाण्डौ उपत्यकामा मात्रै १६ वर्ष सम्मका ८१ जना र १८ वर्षसम्मका १ सय १ जना गरी जम्मा १ सय ८२ जना बालबालिका घाइते भए।

अहिले नेपाल संक्रमणकालीन अवस्थामा छ र अन्तरिम अवधिका लागि शासन विधान निर्माण प्रक्रिया सुरु भइसकेको छ। यस्तो बेला राजनीतिक मुद्दाले मात्र प्रधानता पाउने र बालअधिकारजस्ता कतिपय संवेदनशील मुद्दाहरू पछाडि पर्ने सम्भावना रहन्छ। तर जस्तोसुकै कठिन अवस्थामा पनि संरक्षण पाउनु बालबालिकाको आधारभूत अधिकार हो। उनीहरूलाई संरक्षण प्रदान गर्नु राज्यको सर्वोपरी दायित्व हो, जसलाई जस्तोसुकै अवस्थामा पनि अहरणीय छ भन्ने प्रत्याभूति गर्नु राज्यको कर्तव्य हो। त्यसैले अन्तरिम अवधिमा पनि बालअधिकार राज्यको कार्यसूचीमा हुनै पर्दछ।

शिक्षाको अधिकार सुनिश्चितता

"सबैका लागि शिक्षा" अवधारणालाई नेपालले स्वीकारेको भए तापनि सरकारी तथ्यांक अनुसार देशमा विद्यालय जाने उमेरका २० प्रतिशत बालबालिका अझै विद्यालय भर्नाबाटसमेत टाढा रहेका छन्। विद्यालय भर्ना भए तापनि प्राथमिक शिक्षा पूरा नगरी छाड्नेहरूको आँकडा पनि कम रहेको छैन। त्यस्तै, पाँच-सात वर्ष विद्यालयमा बिताएर पनि आधारभूत रूपमा साक्षरसमेत हुन नसक्नेको संख्या पनि उल्लेख्य रहेको छ। यद्यपि सन् २०१५ सम्म सबैका लागि शिक्षा पुऱ्याउने अठोट कायमै छ।

शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि पहिले राजनीतिक समाधान होस्, अनि गरौँला भनेर पर्खिरहनु पर्दैन। कक्षा १० सम्मलाई प्राथमिक शिक्षा मान्दै यसलाई नि:शुल्क तथा अनिवार्य बनाउने निर्णय अन्तरिम अवधिमै गर्न सकिन्छ। विद्यालयको पहुँच भन्दा बाहिर रहने तथा विद्यालय भर्ना भए पनि प्राथमिक शिक्षासमेत पूरा नगरी विद्यालय छोड्न बाध्य हुनेमा मुख्यत: बालिकाहरू रहेका हुँदा उनीहरूलाई विद्यालयमा आकर्षण गर्न विशेष ध्यान दिनु आवश्यक छ। यसको दिगोपनको लागि कर्णाली अञ्चलमा मात्र नभएर आवश्यक सबै जिल्लामा छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ। कम्तीमा प्राथमिक शिक्षाको तहमा सरकारी, नीजि वा सामुदायिक सबखाले विद्यालयमा एउटै प्राज्ञिकस्तरको प्रावधान राख्ने र सोही बमोजिम पठनपाठन भए-नभएको सरकारी संयन्त्रले अनुगमन गर्ने व्यवस्थाको सुरु गरिनु पर्दछ।

स्वास्थ्य केन्द्रको निर्बाध सञ्चालन

नेपाली ग्रामीण बालबालिकाको स्वास्थ्य स्थिति अझै पनि अति नाजुक अवस्थामा छ। झाडा पखालाको कारण वर्षेनी २७ हजार बालबालिकाको मृत्यु हुने गरेको छ। आधारभूत खोपको सुविधाबाटसमेत करिब १० प्रतिशत बालबालिका अझै वञ्चित छन्।

स्वास्थ्य सेवाका लागि विशेष ध्यान पुऱ्याउनु पर्ने यस्तो स्थितिमा स्थानीय स्तरमा रहेका स्वास्थ्य केन्द्रहरू सशस्त्र द्वन्द्वका कारण कतिपय ध्वस्त भएका, विस्थापित भएका र सेवाविहिन अवस्थामा रहेका छन्। त्यस्ता स्वास्थ्य केन्द्रहरू आवश्यक श्रोत साधनसहित पुनर्स्थापना गर्ने र दक्ष स्वास्थ्यकर्मीसहित पुन: क्रियाशील गराउने साथै अन्य आवश्यक स्थानमा नयाँ स्वास्थ्य केन्द्र खोल्ने व्यवस्था तत्काल हुनु पर्दछ।

द्वन्द्वमा संलग्न गराइएका बालबालिकाकोलागि शिक्षा तथा तालिम

सशस्त्र द्वन्द्वका क्रममा प्रभावित तथा आबद्ध बालबालिकालाई यथाशीघ्र उनीहरूको परिवारसँग पुनर्मिलन गराउँदै उनीहरूको उचित संरक्षण र विकासका लागि राज्य, सात राजनैतिक दल तथा माओवादीद्वारा आ-आफ्नो तर्फबाट व्यक्त प्रतिबद्धताको कार्यान्वयन हुनु अति जरुरी छ। यस क्रममा विभिन्न आरोपमा जेल तथा सेल्टरमा रहेकामध्ये घर फर्कन सक्ने बालबालिकालाई घर फर्काएर शिक्षाको

आवश्यक प्रबन्ध गर्नु पर्दछ।

त्रास वा अन्य कारणले घर फर्कन र उमेरका कारणले विद्यालय शिक्षा निरन्तर गर्न नचाहनेहरूका लागि बसोबासको प्रबन्धसहितको तालिम र तालिमपश्चात् रोजगारीको प्रत्याभूति गर्दै उनीहरूलाई आत्मनिर्भर बनाउने दिशातर्फ उन्मुख विशेष कार्यक्रम गर्नु आवश्यक छ। यसकालागि माओवादीपक्षकोसमेत सहयोग लिएर सरकारले सामाजिक संस्थाहरूसँगको सहकार्यमा विस्तृत कार्यक्रम बनाई कार्य प्रारम्भ गर्नु पर्दछ।

बालबालिका शान्ति क्षेत्रको अवधारणालाई विधिसम्मत प्रतिबद्धता र कार्यान्वयन

"बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने अवधारणाले आत्मसात् गरेको छ। यस सँगसँगै उक्त अवधारणालाई विगतका दुवै द्वन्द्व पक्षधरले पालना गर्ने बचनबद्धता जनाए पनि व्यवहारमा यसको व्यापक उल्लंघन भइरह्यो।

यस अवधारणाको पूर्ण पालनाको लागि अब लिखित रूपमा नै प्रतिबद्धता जनाइनु पर्दछ। यसको सकारात्मक सुरुवातका लागि शान्ति वार्ताको क्रममा जारी भएको २५ बुँदे आचारसंहितामा "बालबालिकालाई शान्ति क्षेत्रका रूपमा सम्मान गर्ने" बुँदा थप गर्नु जरुरी छ।

लोकतान्त्रिक सरकार स्थापना भएको दुई महिना भइसक्दा पनि विभिन्न १० वटा विद्यालयहरूमा सुरक्षाफौजका क्याम्पहरू कायमै रहेको तथ्य सार्वजनिक भइ सकेको छ। सरकारले त्यस्ता क्याम्पहरू तुरुन्त हटाउनु पर्दछ। माओवादी पक्षबाट शान्ति प्रक्रिया सुरु भएपछि पनि कतिपय स्थानमा बालअधिकार तथा मानवअधिकार हननका घटनाहरू कायमै रहेको सार्वजनिक भएको छ। अन्तरिम अवधिमा देखिने यस्ता क्रियाकलापले शान्ति प्रक्रियाको सफलतालाई हानि गर्दछन् भन्ने ख्याल गर्नु पर्दछ। आगामी दिनमा कुनै पनि राजनीतिक प्रयोजनका लागि विद्यालय तथा बालबालिकालाई प्रयोग नगर्ने सुनिश्चितता सबै पक्षले दिलाउन सक्नु पर्दछ।

विद्यालय पाठ्यक्रममा मानवअधिकारसम्मत परिमार्जन

हालको पाठ्यक्रममा अधिकारसँग सम्बन्धित केही पाठहरू राखिए तापनि ती पर्याप्त छैनन्। पाठ्यक्रममा समावेश गरिएका पाठहरूमा मात्र भर पर्ने हो भने "अधिकार के हो ?" भन्ने सामान्य बुझाइलाई पनि पूर्णता दिन नसक्ने स्थिति विद्यमान छ। त्यसैले अहिलेको विद्यालय पाठ्यक्रमलाई लैङ्गिक तथा मानवअधिकारको अवधारणाबाट अभिप्रेरित बनाउनुका साथै शब्द तथा वाक्यहरू पनि मानव अधिकारको मर्म बमोजिम प्रयोग गरी परिमार्जन गर्नु पर्दछ।

त्यसैगरी विगत एक दशकको हिंसात्मक द्वन्द्वले बालमानसपटलमा हिंसाको संस्कृति बीजारोपण भएकाले यस स्थितिलाई विचार गरी शान्ति संस्कृतिको प्रबर्द्धनको लागि शान्ति र अहिंसाको विषयवस्तुलाई पनि प्राथमिकतासाथ समेट्नु आवश्यक छ। झट्ट हेर्दा यी विषयवस्तु दीर्घकालीन योजनामा रहन सक्ने देखिए तापनि वास्तवमा अहिले नै सम्बोधन गरिनु पर्ने कुरा हुन्। सरकारले विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्नु जरुरी ठानी "पाठ्यक्रम तथा पाठ्यपुस्तक सुधार सुझाव समिति" गठन गरेको परिप्रेक्ष्यमा मानवअधिकार तथा शान्तिको संस्कृति प्रबर्द्धन गर्ने हेतुले पाठ्यक्रममा परिमार्जनका लागि सोही समितिमार्फत् अहिले नै पूर्वतयारी गर्न सक्ने अवस्था छ।

अन्तर्राष्ट्रिय प्रतिबद्धताको सुदृढ कार्यान्वयन र थप अनुमोदन

अबको लोकतान्त्रिक परिवेशमा अन्तर्राष्ट्रिय बालअधिकार महासन्धिप्रति ओठे प्रतिबद्धता भन्दा पनि त्यसको कार्यान्वयन पक्षमा जोड दिनु पर्दछ।

"बालअधिकार महासन्धिको बालबालिकाको सशस्त्र संघर्षमा प्रयोग सम्बन्धी ऐच्छिक सन्धिपत्र २०००" र "बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र बाल यौन दुराचार सम्बन्धी ऐच्छिक आलेख २०००" लाई नेपालले हस्ताक्षर गरिसके तापनि हालसम्म अनुमोदन नगरेकोले तत्काल यी दुवैलाई अनुमोदन गर्नु जरुरी छ। यी दुई ऐच्छिक सन्धिपत्रमध्ये पहिलोले बालअधिकार महासन्धिले सशस्त्र संघर्षमा बालबालिकाको प्रयोग सम्बन्धमा तय गरेका प्रावधानहरू विपरीतको कुनै कार्य भएमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने बलियो आधार दिएको छ। दोस्रो सन्धिपत्र बालबालिकाको बेचबिखन, वेश्यावृत्ति तथा बाल यौन दुराचारको कानुनी रूपमा व्याख्या गर्ने दस्तावेज हो।

विशेष व्यवस्था गर्नुपर्ने अन्य क्षेत्रहरू

श्रमिक बालबालिका, सडक बालबालिका तथा बेचबिखनबाट पीडित बालबालिकाको हितमा तथा समस्याको उन्मूलनको लागि पनि तुरुन्तै विशेष व्यवस्थाहरू गरिनु जरुरी छ। अपराध गरेवापतको सजाय भोगिरहेका अभिभावकसँगै जेलमा जीवन गुजार्न बाध्य बालबालिकालाई तत्काल संरक्षण गृहमा राखी पालन र शिक्षाको प्रबन्ध गराउनु पर्दछ। यी बालबालिकाले हिजो जुन दुर्दान्त जीवन भोगिरहेका थिए, अहिलेको परिवर्तित परिवेशमा पनि उही भोगाइ दोहोरियो भने देशमा लोकतान्त्रिक शासन व्यवस्था हुनुको के सार्थकता होला ! अर्कोतिर ती बालबालिकाको निराशाले विद्रोहको रूप नलेला भन्न सकिदैन। सम्पूर्ण व्यवस्था गर्न लामो समय लाग्ने भए तापनि यिनीहरूको सुनिश्चित भविष्यको लागि प्रारम्भिक प्रयास यही अवधिमा हुनु जरुरी छ।

जनआन्दोलनका सहिद तथा आर्यआर्जन गर्न नसक्ने अवस्थामा पुगेका घाइतेका सन्तानको आवश्यकता बमोजिम पालन तथा शिक्षादीक्षाको समग्र जिम्मेवारीसमेत सरकारले लिनुपर्दछ। संसदले आमाको नामबाट पनि सन्तानले नागरिकता पाउने घोषणा गरिसकेको परिप्रेक्ष्यमा आमाले आफ्ना सन्तानको जन्मदर्ता गराउन कुनै कठिनाई भोग्न नपर्ने खालको व्यवस्था तथा त्यसको सार्वजनिकीकरण तुरुन्त गरिहाल्नु जरुरी देखिएको छ।

अन्तरिमकालमा सम्बोधन गरिनु पर्ने दलितका कार्यसूची

बाबुराम विश्वकर्मा

विषय प्रवेश

महान् जनआन्दोलनको सफलतासँगै लोकतान्त्रिक युगमा प्रवेश गरेको नेपाल यतिखेर भावी राजनीतिक प्रणालीको रूपरेखा कोर्ने तयारीमा छ। यस्तो बेलामा राजनीतिक मुद्दाहरू प्राथमिकतामा पर्नु स्वाभाविक भए तापनि अन्य मुद्दालाई पूरै बिर्सनु भने स्वाभाविक हुँदैन। शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि संक्रमणकालीन अन्तरिम अवस्थामा राजनीतिकबाहेक अन्य मुद्दाहरूलाई सम्बोधन गर्नु पर्ने तथ्य पनि यतिबेला ओझेलमा पर्नु हुँदैन।

अहिले देश संक्रमणकालमा रहेको र संविधानसभाले मात्र यसलाई सुनिश्चित स्वरूप प्रदान गर्ने अवस्था रहेको छ। तर भूमिअधिकार, औसत आयु, प्रतिव्यक्ति आय, प्राकृतिक स्रोत साधनको बाँडफाँड र विकास, सबै हिसाबबाट नियोजित रूपमा सीमान्तीकृत गरिएका यो मुलुकका दलित समुदायलाई वञ्चित अवस्थामै राखिरहेर अझै केही समय यस्तै विभेदमा बाँच भन्न न्यायोचित हुँदैन। साधन स्रोत केही नभएको यो समुदायले यस्तै अवस्थामा अरुसँग प्रतिस्पर्धा गर्नु पर्दा संविधानसभामा समुचित प्रतिनिधित्व पाउँदैन।

समाजका विभिन्न तह र तप्कामा रहेका जनताका हक अधिकारलाई व्यवस्थित गर्नु पर्ने राज्यको दायित्वलाई पछि गर्ने भनेर पन्छाउनु न्यायोचित मान्न सकिँदैन। लोकतन्त्र बहालीसँगै आएको शान्ति क्षणिक नहोस् र संविधानसभाले वास्तवमै जनअपेक्षाको प्रतिनिधित्व गर्न सकोस् भन्ने सुनिश्चित गर्न पनि अन्तरिम अवधिलाई सदुपयोग गर्नै पर्ने हुन्छ।

दलितका हकमा संविधानसभा अगावै गरिनु पर्ने कार्यहरू

(क) मानव गरिमाको प्रत्याभूति

नेपाली दलित समुदय अझै पनि समाजमा मानवको हैसियतले आत्मस्वाभिमानका साथ जीवनयापन गर्नबाट वञ्चित छ। वर्णाश्रमी प्रभुत्ववाद र उच्चजातीय अहंकारवादको आडमा नेपाली दलितमाथि अझै पनि जातीय छुवाछूतको मध्ययुगीन सामन्ती उत्पीडन र भेदभाव गरिएको छ। यस्तो परिस्थितिमा गरिने संविधानसभाको निर्वाचनमा दलित समुदायले निर्धक्कसँग आफ्नो मत राख्ने र गैरदलितकोसमेत मत पाई निर्वाचन जित्ने अवस्था हुन्छ भनेर कसरी आश्वस्त हुने ? त्यसैले छुवाछूतलाई वास्तवमै उन्मूलन गराई मानव गरिमाको प्रत्याभूति तत्काल हुनु अत्यावश्यक छ।

हिन्दूधर्मको मूल दर्शन नबुझे पनि परम्परादेखि चलेको रहनसहनले अधिकांश दलितहरूलाई हिन्दूको पहिचान दिलाएको छ। अर्कोतिर, जातिभेद र छुवाछूत प्रथा हिन्दू धर्मकै कारणले भएको भन्ने पक्ष पनि छँदैछ। यस्तो पृष्ठभूमिमा धर्मनिरपेक्षताको घोषणाले दलित मुक्तिको दिशामा पनि गहकिलो योगदान पुऱ्याउने आशा लिइएको छ। यो आशा व्यावहारिक रूपमा मूर्त भई नेपालमा दलितले पनि मानव गरिमाले पूर्ण जीवन बिताउन पाउने अवस्था अन्तरिम कालमै हुनु पर्दछ।

दलित समुदायमाथिको जातीय ज्यादती र उत्पीडनलाई पूर्णतः बन्देज गर्नका लागि अन्तरिम सरकारले प्रभावकारी व्यवस्था गर्न सक्दछ। वर्णाश्रमी प्रभुत्ववादको जगमा हुर्किएको जातपात र छुवाछूत प्रथालाई संवैधानिक रूपमा निषेध र प्रतिबन्ध लगाउँदै छुवाछूत गर्ने सामाजिक भ्रष्ट तथा अपराधीलाई कडा कारवाही गर्न प्रभावकारी दण्डात्मक व्यवस्था गर्नु पर्दछ। तबमात्र नेपाली दलित समुदायलाई अर्धनागरिक तथा पशुभन्दा तल्लो सामाजिक श्रेणीबाट मुक्ति गर्ने बाटो खुल्छ। क्रान्तिपछिको अन्तरिम कालमा दलितका लागि गरिनु पर्ने यो महत्वपूर्ण कार्य हो।

(ख) समावेशीकरण

राजाको प्रतिगामी तथा निरंकुश शासनलाई ढालेपछि आयातीत शब्दको रूपमा समावेशी लोकतन्त्रको कोठे चर्चा खुबै चलेको छ। तर यो समावेशी शब्दले परापूर्व कालदेखि राज्य र समाजका सबै क्षेत्रमा बहिष्करणमा परेका दलित समुदायलाई अझै समेटेको देखिँदैन। राज्य र गैरराज्य दुवै क्षेत्रमा दलितको प्रतिनिधित्व, सहभागिता र निर्णायकत्व अहिले गैरदलित तप्काको तुलनामा सारै न्यून छ। साधन स्रोतमा पहुँच, निर्णय प्रक्रियामा सहभागिता आदिका हिसाबले दलित समुदायको स्थिति सारै दारुण र कहालीलाग्दो छ।

यस्तो परिस्थिति कायमै रहने हो भने भोली बन्ने संविधानमा आफ्ना हितमा व्यवस्था गर्न पनि दलितहरूले गैरदलितकै मुखमा आशाको नजर लगाउनु पर्ने हुन्छ। लोकतान्त्रिक नेपालका दलितहरू यस्तो आशामुखी हुन चाहँदैनन्। उनीहरू त आफ्नो जन्मसिद्ध अधिकारको प्रत्याभूति सम्मानित ढङ्गले होस् भन्ने चाहन्छन्। किन भने यो मुलुकको सार्वभौमसत्तामा कथित उच्चजातिमा जन्तिकै दलितहरूमा पनि निहीत छ। एउटाले त्यो सार्वभौमसत्ताको अनुभूति अहिल्यै गर्न पाउने र दलितहरूलाई चाहिँ नयाँ संविधान नआइन्जेल पर्खिराख भन्ने कुरा पटक्कै स्वीकार्य हुँदैन। तसर्थ दलितहरूले राज्यका सबै क्षेत्रमा पाउनु पर्ने समानुपातिक प्रतिनिधित्व अन्तरिम अवधिमा पनि पाउनु पर्दछ।

अन्तरिम सरकार, अन्तरिम संसद, अन्तरिम न्यायपालिका लगायत राज्यका सबै सरकारी तथा नीजि क्षेत्रमा अन्तरिम शासन व्यवस्थामा दलितको अनिवार्य समावेशीकरण गरिनु पर्दछ। संविधानसभाको निर्वाचनमा सबै राजनीतिक दलले कम्तिमा २० प्रतिशत दलित उम्मेदवारीको सुनिश्चित गर्न जरुरी छ। यसले आगामी संविधान सभाको निर्वाचनमा दलितको गुणात्मक

सहभागितालाई सुनिश्चित गर्दछ र संविधान निर्माणको क्रममा दलितले पनि निर्णय गर्ने अधिकार प्राप्त गर्छन।

(ग) नागरिकता र भूमिअधिकार

नेपालका दलितहरूमध्ये खासगरी तराइका दलितहरू नागरिकताको जन्मसिद्ध अधिकारबाटसमेत वञ्चित रहेका छन्। नागरिकता नभएकाले भूमिमाथिको अधिकार पनि उनीहरूले गुमाएका छन्। आफ्नै मातृभूमिमा नागरिकता र भूमिमाथिको अधिकार नभएको अवस्थामा अनागरिक भएर बाँच्नुको पीडा कस्तो हुन्छ भन्ने कुरा भोग्नेले मात्र थाहा पाउँछ।

दलितहरूलाई नागरिकता नदिलाई हुने कुनै पनि निर्वाचनमा उनीहरूको प्रतिनिधित्व हुन सक्दैन। त्यसैले संविधानसभाको निर्वाचनको प्रक्रिया सुरु हुनुअगावै उनीहरूलाई नागरिकताको प्रमाणपत्र दिनु जरुरी छ। त्यस्तै शान्ति र संविधानसभाका सबै प्रक्रियामा दलितहरूको प्रभावकारी भूमिकाका लागि प्रथमतः उनीहरूको भूमिमाथिको अधिकार पनि प्रत्याभूत हुनै पर्दछ। अहिलेकै परिस्थितिमा देश अगाडि बढ्दा दलित समुदायमाथि अन्याय हुने तथ्यलाई बेवास्ता गर्नु हुँदैन।

(घ) धर्मनिरपेक्षता

राष्ट्र र समाजलाई स्वतन्त्र र धर्मनिरपेक्ष तुल्याएर न्याय र गरिमामय पारस्परिक सामाजिक सम्बन्ध स्थापना गर्ने हो अन्तरिम संविधानमा धर्मनिरपेक्षतालाई सुनिश्चित गर्न जरुरी छ किनभने धर्मसापेक्ष संविधान नेपाली जनताको आवश्यकता होइन। संसारका धेरै लोकतान्त्रिक व्यवस्थाका हाँकहरूलाई संश्लेषण गर्ने हो भने धार्मिक अतिवाद, चरम सैनिकीकरण र अन्धराष्ट्रवाद नै लोकतन्त्रको स्थापना, सबलीकरण र संस्थाकरणका लागि हमेशा खतराको रूपमा देखा परेको स्थिति छ। त्यसकारण संवैधानिक रूपमा धर्मनिरपेक्षताको सुनिश्चितता गरिनु भनेको दलितका लागि मात्र नभएर लोकतन्त्रका लागिसमेत फलदायी छ। ✦

शान्ति प्रक्रिया, आचार संहिता र सम्झौता

जीवन्त वाग्ले

शान्ति प्रक्रिया, आचारसंहिता र सम्झौता – यी तीन वटै शब्द वर्तमान समयमा बहुचर्चित शब्दहरू हुन्। सशस्त्र द्वन्द्वले थिल्थिलिएको मुलुकमा आशाको सञ्चार गराउँदै यी शब्द अगाडि आएका छन्।

यदाकदा युद्धविराम विरोधी गतिविधि सञ्चालन भएका घटनाहरू सार्वजनिक भए तापनि समष्टिमा भन्नु पर्दा देश यतिखेर शान्ति प्रक्रियामा जुटेको छ।

आचारसंहिता आपसी सहमतिलाई सौहार्दता प्रदान गर्नका लागि सजिलोका निमित्त जारी गरिन्छ। शान्ति प्रक्रियालाई सार्थकता दिनका निमित्त सरकार र माओवादीबीच जति पनि सहमति र सम्झौताहरूमा हस्ताक्षर गरिएको हुन्छ, त्यसको पूर्ण पालना गर्नु दुवै पक्षको नैतिक दायित्व हो। यद्यपि यसलाई उल्लंघन गर्नेविरुद्ध यही कारवाही हुनु पर्दछ भन्नेबारे केही उल्लेख हुँदैन। यो विशुद्ध नैतिक बाध्यकारी दस्तावेज हो।

०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र ०६३ जेठ १२ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचारसंहितालाई दृढता र इमानदारितासाथ कार्यान्वयन गर्नका लागि ०६३ असार २ गते प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्रीसहित सात पार्टीका शीर्षस्थ नेताहरू र माओवादीका अध्यक्षसहितका शीर्षस्थ नेताहरू बीच आठ बुँदे सहमति भएको थियो।

अहिले मुलुकमा बहुसंख्यक जनताहरू शान्ति स्थापनाको लागि जस्तो सुकै मूल्य चुकाउन पनि पछि हट्ने पक्षमा छैनन्। यस्तो अवस्थामा दुवै पक्षबाट भए गरेका सहमति, सम्झौताहरू कैयन् घटनाहरू भएका छन्। पछिल्लो समयमा माओवादीबाट केही बढि आपत्तिजनक क्रियाकलाप भएका छन्।

आपसी सहमतिका आधारमा अग्रगामी निकासका लागि विशेष पहल गरेर यसलाई निरूपण गरिनु पर्दछ। वैशाख ११ गतेसम्मको जनादेशलाई कुनै पक्षबाट बेवास्ता गर्नु हुन्न। जनआन्दोलनको जनादेशलाई अहिले सरकारले मान्नु त पर्दछ नै, आठौँ दलको रूपमा लिइएको नेकपा (माओवादी) ले पनि यसबाट उन्मुक्ति पाउन सक्तैन। उसले शान्तिपूर्ण निकासको लागि जनताका अगाडि विभिन्न प्रकारका दस्तावेजहरूमा सहमति जनाएको छ।

अहिले शान्ति प्रक्रिया जनताले चाहेजति चुस्त, दुरुस्त गतिमा आगाडि नबढेको अनुभूति जनताले गरिरहेका छन्। शान्ति प्रक्रियालाई विधिसम्मत् ढङ्गले अगाडि बढाइनु पर्दछ। शान्ति स्थापना गर्ने अवस्थामा पद्धतिलाई पनि ख्याल गर्न जरुरी हुन्छ। सुप्रसिद्ध लेखक रोर्बट ए. डाहल भन्छन्, "जहाँ विधिको शासनले सार्थकता पाउँछ, त्यहाँ मात्र लोकतान्त्रिक मूल्य र मान्यताहरूको कदर हुने गर्छ।" शान्ति प्रक्रियालाई विधिसम्मत बनाउन नेपाल सरकार र माओवादीले आचारसंहिताका अलवा औपचारिक युद्धविराम र शान्ति सम्झौता गर्नु जरुरी छ। ✦

अन्तरिमकालमा आदिवासी जनजातिहरूका मुद्दा

राजेश सारु मगर

विषय प्रवेश :

लोकतान्त्रिक जनआन्दोलनको सफलतासँगै नेपालले संविधानसभामार्फत् नयाँ खाका कोर्ने निश्चय गरेको छ र देश अहिले संक्रमणकाल वा अन्तरिम अवधिमा रहेको छ। संविधानसभालाई जनजातिहरूले पनि आफ्नो भाग्यरेखा आफै कोर्ने अवसरका रूपमा लिएका छन्। तर सबै मुद्दालाई संविधानसभासम्मका लागि पन्छाइनु हुँदैन र अन्तरिम अवधिलाईसमेत अधिकतम सदुपयोग गरिनु पर्दछ भन्ने माग पनि जनजातिहरूको रहेको छ।

नेपालमा भौगोलिक एकीकरण भएपनि राज्यको वास्तविक भावनात्मक एकीकरण अहिले सम्म भएको छैन भन्ने सवाल उठिरहेको छ। राज्यका न्यायिक, प्रशासनिक तथा सुरक्षालगायतका निकायहरूका साथै गैरसरकारी क्षेत्रसमेत जनजातिहरूको सहभागिता समानुपातिक हुन सकेको छैन। त्यस्तै, देशको जानसांख्यिक तथ्याङ्कमा पनि अस्पष्टता विद्यमान छ। देशका आदिबासी, जनजाति समुदायमै पर्ने कतिपयसँग नागरिकतासमेत नरहेको अवस्थामा संविधानसभाको निर्वाचन प्रक्रियामा उनीहरू सहभागी हुन पालाउन् भन्नेमै आशङ्का छ। यस्ता अनेक समस्याहरूलाई उपयुक्त सम्बोधनबिना गरिने संविधानसभाको निर्वाचनले लोकभावनालाई प्रतिनिधित्व गर्ला भन्नेमा विश्वस्त हुन सकिँदैन।

राष्ट्र निमार्णमा अहं भूमिका खेल्दै आए पनि पटक-पटक राज्यको स्वामित्वबाट वञ्चित पारिएका जातीय समुदायलाई विगतमा संविधान निर्माण प्रक्रियाबाट पनि बाहिर पारिएको थियो। जसका लागि संविधान चाहिएको हो उनीहरूले नै नयाँ संविधानको रूपरेखा कोर्ने मौका पाऊन् भन्ने सुनिश्चित गर्नु आजको आवश्यकता हो।

अन्तरिम अवधिमै सम्बोधन हुनु पर्ने मुद्दाहरू

(क) भावनात्मक एकीकरण र समावेशीकरण

संविधानसभामा जानुअघि नै नेपाल राज्यलाई भावनात्मक एकीकरण गर्दै यो मुलुक हामी सबै नेपालीको साझा हो भन्ने भावनाको विकास गर्न आवश्यक छ। सबै जात-जाति, धर्मावलम्बी र भाषाभाषीमा यो राज्य हाम्रो हो र यसमा सबैको समान हक छ भन्ने अनुभूति नआएसम्म राष्ट्रिय एकता सुदृढ हुन सक्दैन। अनि राष्ट्रिय एकता सुदृढ नभई तयार पारिएको संविधानले सबै पक्षलाई सन्तुष्ट पार्न पनि सक्दैन।

लोकतान्त्रिक आन्दोलनमा सबै वर्ग, तह, समुदाय तथा जातजातिको संलग्नताले राष्ट्रिय एकताको सन्देश दिएको छ। यसले नेपाललाई मजबुतमात्र बनाएन, विविधताबीचमा राष्ट्रिय एकता नेपाली समाजमा छ भन्ने सन्देश पनि विश्वलाई दिएको छ। तर आन्दोलनको क्रममा विकास भएको भावनालाई ठोस मूर्तता दिन नसक्ने हो भने त्यो महान् भावना अल्पकालिक मात्र साबित हुन पनि सक्दछ। त्यसैले भावनात्मक एकीकरणलाई मूर्तता दिन समावेशीकरणलाई व्यवहारमा उतार्नु जरुरी छ र त्यसका लागि संविधानसभासम्म कुरिरहन पर्दैन। अन्तरिम कालदेखि नै राज्यले समावेशीकरणलाई आत्मसात् गर्न सक्दछ र गर्नु पनि पर्दछ।

(ख) राज्यको स्वामित्व र राज्यका निकायमा पहुच

सार्वभौमसत्ता जनतामा रहेको मान्यता नेपाल अधिराज्यको संविधान २०४७ मै रहेको भए तापनि व्यवहारमा जनजातिलगायतका समुदाय भने राज्यको स्वामित्वबाट वञ्चित रहेको र राज्यका विभिन्न निकायमा उनीहरूको पहुँच पनि न्यून रहेको हुनाले उक्त मान्यता कागजी मात्र साबित भयो। उदाहरणका लागि, निर्वाचन आयोगको तथ्याङ्क अनुसार, २०४८, २०५१ र २०५६ मा भएका प्रतिनिधिसभाका तीनवटा निर्वाचनबाट निर्वाचित सांसदहरूको जातीय तथ्याङ्क हेर्दा

तालिका : तीनवटा प्रतिनिधिसभामा जातीय प्रतिनिधित्वको स्वरूप

क्र.सं.	जातीय समुदाय	जनसंख्या (प्रतिशतमा)	प्रतिनिधिसभामा प्रतिनिधित्व (प्रतिशतमा)
१	ब्राह्मण	१२.७४	३७.६
२	क्षेत्री	१८	२१.५१
३	नेवार	५.४	६.८
४	उच्चजातका मधेसी	१२.३०	१३.२
५	मुसलमान	४.२९	०.९
६	दलित	२१.७३	०
७	जनजाति	३२	१७.१

स्रोत : निर्वाचन आयोग

गैरनेवार जनजातिहरू देशको जनसंख्याको ३२ प्रतिशत रहेकोमा १७.१ प्रतिशत स्थानमात्र पाएको देखिन्छ। दलितको प्रतिनिधित्व त झन् शून्य नै रहन पुग्यो।

सरकारी सेवाका बनौटले पनि राज्यसञ्चालनमा विभिन्न समुदायको सहभागिता कस्तो छ भन्ने देखिन्छ। लोक सेवा आयोगको तथ्याङ्क २०५८ अनुसार, देशको ११,०३२ राजपतत्राङ्कित पदमध्ये ९,३०० अर्थात ८४.३ प्रतिशतमा ब्राह्मण-क्षेत्रीलगायतका उच्च जातका र १,५०० अर्थात १३.४ प्रतिशतमा नेवारहरू छन्। अन्य आदिवासी जनजातिहरू भने २६० जना अर्थात कूल निजामति कर्मचारीहरूको २.३ प्रतिशत रहेका छन्।

राज्यका अन्य निकाय तथा गैरसरकारमी क्षेत्रमा पनि उनीहरूको समानुपातिक हिस्सेदारी देखिँदैन। यस्तो पृष्ठभूमिमा जनजातिहरूले राज्यको स्वामित्व बोध गर्ने र राज्यका विभिन्न निकायमा सहजै पहुँच पाउने अवस्था रहँदैन। यो सवाल राज्यको भावनात्मक एकीकरणसँग पनि जोडिएको छ। नेपाल राज्यको सार्वभौमसत्ता जनतासँग रहेको अर्थ जनजातिहरूसँग पनि रहेको हो भन्ने स्वामित्वबोध संविधानसभामा जाँदा जनजातिहरूले गर्न पाइरहेको हुनु आवश्यक छ।

संसदले गरेको घोषणा अनुसार राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलालाई स्थान सुरक्षित गरिँदा विभिन्न जातजाति तथा समुदायका महिलाको सहभागिता समानुपातिक आधारमा सुनिश्चित गरिनु पर्ने कुरा यहींनेर उल्लेख्य छ। यदि त्यसो नगरी सोलोडोलोमा जाँदा केही निश्चित समुदायका महिलाहरू मात्र अघि आउने र दलित तथा आदिवासी महिला झन् पछाडि पर्ने अवस्था आउन सक्दछ।

(ग) जनगणना

गत राष्ट्रिय जनगणनाको बेला देश कस्तो परिस्थितिमा थियो भन्ने हामी सबैलाई थाहा भएकै कुरा हो। जनगणना गरिँदा आएको अवरोधका कारण वास्तविक तथ्याङ्क राज्यसँग छैन। यसरी जानसांख्यिक तथ्याङ्क अस्पष्ट रहेकाले नेपालमा यस सम्बन्धमा धेरै विवाद हुने गरेको छ। माओदीमात्र होइन, समानुपातिक प्रतिनिधित्वको माग गर्ने जनजाति महासंघ र दलित संस्थाहरूले पनि आधारहीन तरिकाले आ-आफ्नै तथ्याक प्रस्तुत गरेको पाइन्छ।

विभिन्न समुदायका दाबी एकातिर र सरकारी तथ्याङ्क अर्कातिर रहेको यस्तो परिस्थितिमा संविधानसभाको खाका तयार पार्ने क्रममा ठूलो विवाद हुने अवस्था छ। समानुपातिक प्रतिनिधित्वका आधारमा संविधान सभाको चुनाव गर्ने हो भने त झन् जनसंख्याको आधिकारिक अद्यावधिक विवरण नभई हुँदैन। त्यसैले संविधानसभामा जानुअघि नेपाल सरकारले राष्ट्रिय जनगणनामार्फत् वास्तविक तथ्याङ्क सङ्कलन गर्नु अनिवार्य देखिएको छ। यदि त्यसो गर्न नसकिने हो भने पनि बृहत छलफलबाट उपयुक्त विकल्पबारे एउटा साझा निष्कर्षमा पुग्नु पर्दछ।

(घ) नागरिकता

जनजाति, मधेसी समुदाय तथा नेपालका अल्पसंख्यक आदिवासीहरूसँग नेपाली नागरिकताको प्रमाण पत्र नभएको र त्यसै कारणले उनीहरू नागरिक हकबाट वञ्चित हुनु परेको सवाल पटक पटक उठ्दै आएको छ। आमाको नाममा नागरिकता दिने नीतिगत घोषणा भए तापनि व्यवहारमा लागू नभइसकेकाले नागरिकताबाट वञ्चित रहेकाहरू पनि छँदैछन्। कतिलाई त नागरिकताको प्रमाण पत्र चाहिन्छ भन्नेसमेत थाहा छैन। नागरिक भए तापनि अनागरिक अवस्थामै रहनु परेकाले अहिलेकै अवस्थामा उनीहरू संविधानसभामा सामेल हुन नपाउने स्थिति रहेको देखिन्छ। त्यसकारण तत्काल उनीहरूलाई नेपाली नागरिकता प्रदान गर्दै राज्यविहीनताको अवस्थाबाट छुट्कारा दिनु पर्दछ।

(ङ) भूमिमाथिको अधिकार

आदिवासी भन्ने शब्द जहिले पनि भूमिसँग गाँसिएर आउँछ। नेपाल राज्य निर्माणका क्रममा उनीहरूका भूमि, प्राकृतिक स्रोतहरू वन, पानी तथा खर्कमाथिको अधिकार हनन हुन गयो। किपट भूमिलाई विस्तारै निजीकरण गदै उच्च जातका व्यक्तिलाई बिर्ता, रैकर र गुठीका रूपमा वितरण गरिएको र विकास परियोजना विशेषत राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष स्थापना गर्दा पनि धेरै आदिवासीहरू विस्थापित भएको गुनासो पनि बिर्सन मिल्दैन। यस्तो संवेदनशील मुद्दाले अन्तरिम अवधिमै प्राथमिकतामा पाउनु पर्दछ।

(च) भाषिक अधिकार

आदिवासी जनजातिहरूले वर्षौंदेखि उठाउँदै आएको भाषिक सवालमा यतिखेरै गम्भीर भएर सुन्न जरुरी छ। उनीहरूका विभिन्न भाषाले संवैधानिक पहिचान र सरकारबाट समान संरक्षण नपाएसम्म राष्ट्रको भावनात्मक एकीकरण हुन सक्दैन। राज्यले कुनै भाषालाई पाखा र कुनैलाई काखा लगाएको नदेखियोस् भन्ने सम्बन्धमा कदम चाल्न संविधानसभा नै कुरिरहनु पर्दछ भन्ने छैन, अन्तरिम अवधिमै पनि ठोस कार्य गर्नु पर्दछ।

(छ) संविधानसभामा सहभागिताका स्वरूप

संविधानसभा नेपालको दिगो शान्ति र प्रगतिका लागि अपरिहार्य हो भन्नेमा प्रायः सबैको सहमति भएको देखिन्छ। तर संविधानसभा कस्तो स्वरूपको हुने भन्ने बारेमा व्यापक छलफल र बहसको चाहना आम नेपालीमा रहेको कुरालाई बुझ्न जरुरी छ। त्यसैले विभिन्न राजनीतिक पार्टीले संविधानसभामा सहभागिताको स्वरूपबारे उनीहरूका धारणा बाहिर ल्याउँदै छलफलमा गराउनु पर्दछ। त्यस्तै, जनजातिलगायतका समाजका विभिन्न समूहलाई प्रतिनिधित्व गर्ने संस्थाहरूले पनि यस्तो बहसमा सक्रिय सहभागी हुन ढिला गर्नु हुँदैन। पर्याप्त तयारी नगरी बनाइएको ढाँचाले जनताको भावनालाई प्रतिनिधित्व गर्न सक्षम नहुने खतरा रहन्छ। त्यसले आमसहमति हुने वातावरण बनाउन पर्याप्त अन्तर्क्रिया हुनु पर्दछ। समाजशास्त्रको सिद्धान्तमा कुनै करा शतप्रतिशत सत्य वा शतप्रतिशत झुटा नहुने भएकाले अहिले उठेका विभिन्न विचारलाई मन्थन गरी न्युनतम साझा धारणा विकास गर्न नसकिने होइन। ✦

अन्तरिमकालमा भूमि व्यवस्थापनको सवाल

देवेन्द्रप्रसाद अधिकारी

विषय प्रवेश

भीषण द्वन्द्वबाट गुज्रिएर नेपाल आजको स्थितिमा आइपुगेको देशलाई कसरी पुनर्मिलन, पुनर्स्थापना, पुनर्संरचना र पुनर्निर्माणको मार्गमा अघि बढाउने भन्ने विषयमा सबैको चासो र चिन्ता देखिएको छ।

राजनीतिक मात्र नभई देशमा विद्यमान अन्य समस्या समाधानका लागि पनि यस अवधिलाई सदुपयोग गरिनु पर्दछ। नेपालमा भूमिसुधार र सुकुम्बासी समस्या समाधानको मुद्दा पनि संविधानसभाअघि नै छिनोफानो गर्न सकिने र गर्नु पर्ने मुद्दा हो।

भूमि अधिकार र दिगो शान्ति

प्राकृतिक श्रोत र साधनमाथि अधिकांश पिछडिएका नेपाली जनताको पहुँचको अवस्थाले नेपालमा द्वन्द्वको समुचित व्यवस्थापन हुने/नहुने कुराको छिनोफानो गर्ने छ। त्यसमा पनि भूमि व्यवस्थापनको विषयले अहम् महत्व राख्दछ। किन भने आर्थिक असमानता, गरीबी, भोक, रोग र अशिक्षा मूलत: भूमिमा नागरिकको न्यूनतम पहुँच पनि नभएको कारणले भएको हो।

भूमिसुधारको शब्दाडम्बर त नेपालको इतिहासमा सबै भन्दा प्रतिगामी मानिएको निरङ्कुश शाही सरकारले समेत आफ्नो २१ बुँदे घोषणामा भूमि वितरण र उपयोगवारे कुरा उठाएको थियो। लोकतन्त्रका संवाहक राजनीतिक दलहरूले वास्तवमै भूमिसुधारको कार्यसूचीलाई अगाडि बढाउनु पर्दछ।

विगत ११ वर्षदेखि नेपालमा चलेको भएको विद्रोहले मल-जल पाउनुमा राजनीतिक नारामात्र कारक रहेको थिएन। देशमा व्याप्त भूमि अव्यवस्थाले पनि कतिपयलाई हिंसात्मक विद्रोहतिर डोऱ्याएको थियो। सामन्त, स्थानीय पूँजीपति तथा धुर्तहरूका स्वामित्वमा संकुचित परम्परागत प्राकृतिक श्रोत र साधनमाथि फेरि स्थानीय आदिवासी तथा साधन र श्रोतमा पहुँच नभएकाहरूको पहुँच हुने भनेर विद्रोही पक्षले देखाएको आशाले पनि धेरै जनालाई आकर्षण गरेको थियो।

यस्तो दृष्टान्तले नेपालको भूमिसुधारकालागि कस्तो सन्देश दिन्छ, सबैले बुझ्नु पर्ने कुरा हो।

भूमिको वितरण र स्वामित्वमा आमूल परिवर्तन नगर्ने हो भने राजनीतिक परिवर्तनले मात्र नेपाली जनताको चाहना पूरा नहुने र प्रतिगामीहरूको शक्ति पनि यथावत रहने अवस्था हुन्छ। शक्ति संघर्षहरू सदैव श्रोत र साधनमाथि कस्ले कब्जा गर्ने र समग्रमा कसले कस्लाई राज गर्ने भन्ने विषयमा नै केन्द्रित हुन्छन्। तसर्थ प्रतिगामीहरूले चलखेल गर्न नसक्ने अवस्था बनाउनका लागि तत्काल भूमिसुधारको विकल्प छैन।

भूमिमाथि सम्पूर्ण जनताको अधिकार स्थापित नभएको अवस्थामा समानता, न्याय र गरीबी निवारणका कुरा गर्नु आफैलाई ढाँटनु जस्तै हो। देश लोकतान्त्रिक युगमा प्रवेश गरिसकेको र अब संविधानसभामार्फत् नयाँ खाका कोर्न अग्रसर भएको अवस्थामा भूमिसुधारकालागि उपयुक्त तत्परता देखाउनु पर्दछ। समस्यालाई थाती राखेरै अगाडि बढ्नु भनेको दन्किरहेको आगोलाई भूसले छोप्नुजस्तो हुनेछ। भूमिहीन हैसियतमै राखिरहनु लोकतान्त्रिक आन्दोलनको मर्मविपरित हुन्छ।

सामन्ती भूस्वामित्वकै आडमा गर्न खोजिएको संविधानसभाको निर्वाचनले लोकमतलाई वास्तवमै प्रतिनिधित्व गर्ने कुनै सुनिश्चितता हुँदैन। बरु सामन्ती वर्गले त्यसलाई आफ्नो हितअनुकूल दुरुपयोग गर्न सक्ने खतरा विद्यमान रहन्छ। संविधानसभालाई जनअपेक्षाअनुरूप दिगो शान्तिको संवाहकका रूपमा सफल बनाउन अन्तरिम अवधिमै ठोस कदम चाल्नु जरुरी छ।

अन्तरिमकालमा भूमिसुधार

नेपालमा शान्ति स्थापनाको लागि अन्तरिम अवधिमा गर्न सकिने भूमिसुधार कार्यक्रमहरू थुप्रै छन्। निमुखा जनतालाई भूमिअधिकारबाट वञ्चित गराउने सामन्ती संयन्त्र पराजित भएको र लोकतन्त्रका संवाहक दलहरू सत्तासीन रहेको वर्तमान अवस्थामा भूमिसुधारप्रति सबैको घोषित प्रतिबद्धता भएकाले त्यसलाई व्यवहारमा उतार्न संविधानसभासम्म पर्खिरहनु पर्दैन। बरु अन्तरिम अवधिमै हुने भूमिसुधारका व्यवस्था संविधानसभाका लागिसमेत मार्गदर्शक भई वर्षौंदेखि भूमिहीन रहन बाध्यहरूलेसमेत परिवर्तनको अनुभूतिसहित संविधानसभाको निर्वाचनमा सक्रिय सहभागी हुने अवसर पाउनेछन्।

जमीनको हदबन्दीको न्यायोचित किटानी र प्रभावकारी र पारदर्शी कार्यान्वयन नीति बनाउनु जरुरी छ। जमीन जोतिरहेका दर्तावाल र बेदर्तावाल जोताहाहरूका लागि पूर्ण मोहियानी हकको व्यवस्था गर्नका लागि यथोचित गृहकार्य गर्नु जरुरी छ। भूमिहीन तथा कृषि श्रमिकलाई जीवीकोपार्जनका लागि उचित भूमिको व्यवस्था गर्नु पर्दछ। जमीनमा आधारित विभिन्न शोषणहरू जस्तो: हलिया प्रथाको उपयुक्त विकल्प (कमैयाहरूलाई जसरी होइन) सहित, व्यवस्थापन गर्नु पर्दछ।

गुठीको नाममा रहेको जग्गाको सही स्वामित्व पहिचान र व्यवस्थापन गर्नु पर्दछ। सदुपयोग नगरिएको बाँझो जमीनको उचित व्यवस्थापन गर्न सक्नु पर्दछ। नापजाँचको वैज्ञानिकीकरण र भूमि अभिलेखनको कार्यलाई वैज्ञानिकीकरण गरिनु पर्दछ। सरकारी जग्गा अतिक्रमणविरुद्ध सशक्त कार्यक्रम निर्धारण गर्नु पर्दछ। उखडा जग्गा जोताहाको नाममा दर्ता गर्ने कार्यक्रमलाई प्राथमिकतामा राख्नु पर्दछ।

त्यस्तै, भूमि अड्डाहरूको नयाँ व्यवस्थापन एवम् सुदृढीकरण गरी भूमिको कारणले गर्दा समस्याको सृजना हुन नदिने गरी नियम-कानून बनाउनु पर्दछ। नयाँ जोताहामुखी नीति र जोताहाको सदैव हक सुरक्षित हुने गरी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नु पर्दछ। ✦

महाभारत युद्धपश्चात्को अन्तरिम अवधि र त्यसबाट सिक्न सकिने पाठ

निर्मलमणि अधिकारी

विषय प्रवेश :

महाभारत महायुद्ध सकिएको पाँच हजार वर्ष भन्दा पनि बढी समय बितिसकेको छ। सो महायुद्ध र त्यस अघि-पछिका घटनाक्रमबारे जान्ने आधिकारिक स्रोत महर्षि व्यासको कालजयी महाकाव्य "महाभारत" हो। अहिलेको भू-राजनीतिक हिसाबबाट भन्नुपर्दा नेपालमा (नेपाल अधिराज्यको तनहुँ-जिल्ला-स्थित दमौलीमा) जन्मेका महर्षि व्यासको उक्त महाकाव्यमा अध्येताहरूले अनेक सन्दर्भमा अनेक कुरा भेटाएका छन्। एक दशक भन्दा बढी समयको हिंसात्मक द्वन्द्व र शताब्दीयौंदेखिको अन्तर्विरोधपश्चात् हाल नेपालले गुजरान गरिरहेको अन्तरिम अवधिका लागि महाभारतबाट के सिक्न सकिन्छ भन्नेबारे यस लेखमा चर्चा गर्न खोजिएको छ।

महाभारत : विश्वयुद्ध

"महाभारत" नामले प्रख्यात रहेको महायुद्धमा पाण्डवपक्षबाट सात अक्षौहिणी र कौरवपक्षबाट ११ अक्षौहिणी गरी जम्मा १८ अक्षौहिणी सेनाले प्रत्यक्ष युद्धमा भाग लिएको उल्लेख छ। आदिपर्व २।२३–२६ मा बताइएअनुसार एक अक्षौहिणी सैन्यबलमा २१ हजार ८ सय ७० वटा रथ, उत्तिनै संख्यामा हात्ती, ६५ हजार ६ सय १० वटा घोडा र १ लाख ९ हजार ३ सय ५० जना पैदल सैनिक हुन्छन्। एउटा हात्तीमा एकजना माहुते र एकजना योद्धा गरी कम्तीमा दुईजना सवार हुन्छन्। एउटा रथमा पनि एकजना सारथी र एकजना योद्धा समेत कम्तीमा पनि दुईजना सवार हुन्छन्। कहिलेकाहिँ हात्ती तथा रथमा सवार हुनेहरूको संख्या दुईजना भन्दा बढी हुन पनि सक्छ। यस हिसाबबाट एक अक्षौहिणी सैन्यबलमा रथमा बसेका कम्तीमा ४३ हजार ७ सय ४० जना, हात्तीमा सवार रहेका पनि कम्तीमा ४३ हजार ७ सय ४० जना, घोडचढी सैनिक ६५ हजार ६ सय १० जना र पैदलयोद्धा १ लाख ९ हजार ३ सय ५० जनासमेत जम्माजम्मी २ लाख ६२ हजार ४ सय ४० जना संलग्न हुने देखिन्छ।

कौरवपक्षमा ११ अक्षौहिणी सैन्यबल रहेकाले योद्धाहरूको कूल संख्या २८ लाख ८६ हजार ८ सय ४० रहेको देखिन्छ। पाण्डवपक्षबाट सात अक्षौहिणी सैन्यबल युद्धमा सामेल रहेकाले योद्धाहरूको कूल संख्या १८ लाख ३७ हजार ८० रहेको देखिन्छ। तसर्थ, उक्त महायुद्धमा दुवैपक्षबाट गरी ४७ लाख २३ हजार ९ सय २० जना योद्धाहरू सामेल रहेको आँकडा आउँछ। तर यो न्यूनतम आँकडा हो। अनि यो संख्या प्रत्यक्षत: युद्ध मैदानमै उत्रने व्यक्तिहरूको मात्र हो।

मान्छेका साथसाथै त्यस महायुद्धमा ठूलो संख्यामा हात्ती तथा घोडाको प्रयोग भएको थियो। त्यसको न्यूनतम आँकडा मात्रै निकाल्ने हो भने पनि १८ अक्षौहिणी सैन्यबलका लागि ३ लाख ९३ हजार ६ सय ६० वटा हात्तीहरू चाहिने हुन्छ। उता, घोडाको संख्याचाहिँ यो भन्दा कता हो कता बढी हुन आउँछ। एक त, घोडचढी सेनाका लागि मात्रै पनि १८ अक्षौहिणी सैन्यबलमा ११ लाख ८० हजार ९ सय ८० वटा घोडाहरू रहेका हुन्छन्। अनि, एक अक्षौहिणी सेनाका सबै रथ तान्न १५ लाख ७४ हजार ६ सय ४० घोडाहरू आवश्यक देखिन्छ। यसरी उक्त महायुद्धमा कम्तीमा २७ लाख ५५ हजार ६ सय २० वटा घोडाहरू सामेल गराइएका हुनु पर्दछ।

दलहरू यतिखेर "पाण्डव" भूमिकामा छन् । अहिलेका माओवादी "पाण्डव" होइनन् तापनि महायुद्धपश्चात् पाण्डवका व्यवहारबाट सिक्न सक्छन् ।

अब हामी विचार गरौं – ३ लाख ९३ हजार ६ सय ६० वटा हात्तीहरू र २७ लाख ५५ हजार ६ सय २० वटा घोडाहरूको हेरचाह गर्न कति मान्छेहरू खटिनु परेको हुँदो हो ? उता ४७ लाख २३ हजार ९ सय २० जना योद्धाहरूलाई आवश्यक पर्ने रसद-पानीदेखिलिएर युद्ध-सामग्री सम्मको व्यवस्था मिलाउन कति संख्यामा परिचारकहरू चाहिए होलान् ? यसरी महाभारतमा युद्ध-मैदानमै सक्रिय व्यक्तिहरूको संख्याले नै करोडको आँकडा नाघ्दछ। युद्धबाट पीडितहरूको संख्यामा तिनका अतिरिक्त अन्य व्यक्तिहरूलाई पनि ख्याल राख्नु पर्ने हुन्छ। एक पुरुषले एक भन्दा बढी विवाह गर्नेसमेत त्यतिबेलाको प्रचलनलाई ध्यानमा राख्दा र तिन्का बालबच्चाको संख्यातर्फ पनि ध्यान पुऱ्याउँदा युद्धका कारण प्रभावित जनसंख्याको आँकडा धेरै करोड पुग्ने प्रष्टै छ।

महाभारत महायुद्ध कुरुक्षेत्र नामक भू-भागमा लडिएको बताइएको छ। तर त्यत्तिका सैनिक, हात्ती, घोडा र रथहरू सामेल रहेको महायुद्ध कुरुक्षेत्र वा कुनै स्थानविशेषमा मात्र सीमित नरहेर धेरै विस्तारित भू-भागमा लडिएको हुनु पर्दछ। मूल झगडिया पाण्डव-कौरवको आमुन्ने-सामुन्ने लडाइँ कुरुक्षेत्रमा भएको र युद्धको जीत-हारको फैसला पनि त्यहीं भएको हुँदा काव्यिक-प्रस्तुतिकरणमा कुरुक्षेत्रमा लडाइँ भएको उल्लेख गर्नु अस्वाभाविक होइन। महायुद्ध विश्वव्यापी स्तरमा अनेकौं भू-भागमा लडिएको थियो,

परन्तु त्यसको मूलथलो कुरुक्षेत्र भएकाले त्यसलाई "कुरुक्षेत्रको युद्ध" पनि भनिएको हो भनेर बुझ्नु वैज्ञानिक बुझाइ हुनेछ।

महाभारतयुद्ध-पूर्वको विश्वसमुदाय दुई धुरीमा बाँडिएको थियो। त्यसैले दुईवटा अन्तर्राष्ट्रिय सैन्यगुट बनेका थिए। कतिपय राज्यहरू गुट-निरपेक्ष पनि रहेका थिए। जस्तै – महाभारतको लडाइँ मच्चिँदा बलराम र उनका सैनिकहरू तटस्थ बसेका थिए। अन्ततोगत्वा पाण्डव नेतृत्वको सैन्यबलमा जम्मा सात अक्षौहिणी र कौरव नेतृत्वको सैन्यबलमा जम्मा ११ अक्षौहिणी सैन्यशक्ति हुन पुगेको बुझिन्छ।

आपसी शत्रुता भएका पाण्डव-कौरवको अग्रसरतामा ती सैन्यगुटहरू बनेका हुँदा जसै कौरव–पाण्डवबीचमा तनाव बढ्थ्यो, तब ती दुई गुटका सहभागी राज्यहरूबीचमा पनि स्वाभाविक रूपले तनाव बढ्थ्यो। युद्ध सुरु हुँदा त्यसको निहुँ कौरव–पाण्डवबीचको दुस्मनी रहेता पनि शनैः शनैः अरु राज्यहरू पनि युद्धमा तानिए। यसरी युद्ध कौरव–पाण्डवको मात्र नरही दुई अन्तर्राष्ट्रिय सैन्यगुटहरूको महायुद्ध बन्न पुग्यो। (गत शताब्दीमा भएका दुई विश्वयुद्ध सुरु हुँदाखेरीमा पनि एककैचोटी विश्वव्यापी स्तरको नरहेको, तर पछि विभिन्न राज्यहरू युद्धमा तानिँदै गएर युद्धले विश्वयुद्धको रूप लिएको उदाहरणतर्फ ध्यान दिने हो भने कुरा अझ राम्ररी छर्लङ्ग हुनआउँछ।)

नेपाली सन्दर्भमा पुनर्सान्दर्भिकरण

महाभारत युद्धपश्चात्को अन्तरिम अवधिबाट सिक्न सकिने कुरा खुट्याउनुअघि त्यस बेलाको परिवेशलाई नेपालको वर्तमान परिवेशसँग तुलना गर्न सकिने गरी पुनर्सान्दर्भिकरण (रिकन्टेक्स्टुएलाइजेसन) जरुरी छ। नत्र कुरोको चुरोमा नपुगी अल्मलिने र अपव्याख्या हुने अवस्था रहन्छ।

यस लेखका सन्दर्भमा राज्यशक्ति हतियारको बलले पाउने कि जनमतको बलले भन्ने सवाललाई नेपाली महाभारतको जड मानिएको छ। त्यसकारण विगतमा शस्त्रबल नै एक मात्र शक्तिको स्रोत हो भन्ने मान्ने राजा र माओवादी दुवैलाई यहाँ कौरवपक्ष मानिएको छ। लोकतन्त्र वा प्रजातन्त्रका पक्षमा निरन्तर संघर्षरत नेपाली कांग्रेसलगायतका दलहरू पाण्डवपक्ष मानिएका छन्। माओवादीसँगको सम्बन्धको कारणले जनमोर्चाको हैसियत दुर्योधनको भाइ विकर्ण (युयुत्सु पनि भनिने) को जस्तै भएको छ, जसले पाण्डवको पक्ष दिएको थियो। महाभारतका श्रीकृष्णको जस्तो लीला यतिखेर भारतसहितको अन्तर्राष्ट्रिय समुदायले खेलेको हामीले देख्यौँ। चीनजस्ता मुलुक बलरामको भूमिकामा रहे, जसको प्रच्छन्न सहानुभूति कौरवपट्टि रहे तापनि प्रकटमा भने तटस्थ भूमिका निर्वाह गरे।

महाभारत महायुद्धको फैसला केबल शस्त्रबलले भएको थियो। तर नेपालका पाण्डव (दलहरू) ले भने राजा र माओवादी दुवैको शस्त्रबल निरर्थक रहेको पुष्टि गराएर जीत हासिल गरे। त्यो महायुद्धमा पाण्डवपक्षमा सात र कौरवपक्षमा तीनजना रथीबाहेक १८ अक्षौहिणी सेना पूरै समाप्त भएको थियो। संसारमा प्रायः स्त्रीहरू मात्र बाँकी रहेका थिए। लासहरूलाई मांसभक्षी जीव-जन्तु, गिद्ध-समूह र कागहरूले लुछी लुछी खाइरहेको दृश्य सामान्य थियो। धृतराष्ट्र भन्छन् – "यहाँ त अन्येष्टिकर्म गर्नु पर्ने नै यति धेरै छन् कि कस-कसको मात्र गर्ने !"

तर यहाँ देश पूरै ध्वस्त भने भएको छैन। विगतको संघर्षमा जो जहाँ रहेका भए तापनि संविधानसभाको यज्ञमार्फत् पुनर्संस्कारित भई शान्तिपूर्ण सहअस्तित्वका लागि सबैलाई अवसर छ। अब माओवादीसँग भएको हतियारलाई उपयुक्त ढङ्गले थान्को लगाएर सबैले निर्भयतापूर्वक संविधानसभामा मत जाहेर गर्न पाउने परिस्थिति निर्माण गर्ने चुनौती अगाडि आएको छ।

मुर्दा शान्ति विरुद्ध वास्तविक शान्ति

नेपालमा एक दशक भन्दा लामो समय मच्चिएको हिंसा अहिले युद्धविरामका रूपमा स्थगन भएको छ। यो दिगो हुने हो वा क्षणभङ्गूर – टुङ्गो लागिसकेको छैन। त्यतिखेर पनि महायुद्धपश्चात् सहसा शान्तिको स्थिति देखिएको थियो। तर त्यो शान्ति हिंसाको आडमा आएको मुर्दा शान्ति मात्र थियो। ठूलो नरसंहारले समस्त मानवजाति वेदनामा चुर्लुम्म डुबेको हुनाले शान्तिको आभाष भएको थियो। वास्तवमा पराजित र विजयी दुवै पक्ष बदलाको भावनाले ग्रस्त थिए। हिंसात्मक द्वन्द्वले ल्याएको मुर्दा शान्तिलाई वास्तविक शान्तिले प्रतिस्थापन गर्ने चुनौती पाएका विजयी पक्ष अर्थात् पाण्डवले बुद्धिमत्तापूर्वक त्यो चुनौतीलाई फत्ते गरेका थिए।

हाम्रो स्थिति फरक छ। नेपालमा लोकतन्त्र "पाण्डव" वा "कौरव" कसैलाई भौतिक निषेध गरेर आएको छैन, प्रत्युत राज्यशक्तिको स्रोत हतियार होइन र जनता मात्र हो भन्ने सत्य स्थापित भएर आएको छ। अब विगतका "पाण्डव" र "कौरव" (संसदवादी दलहरू र माओवादी) सबै मिलेर अगाडि बढ्नु छ। विगतमा "कौरव" हैसियतमा रहेका राजाको भूमिका यतिखेर युद्धपश्चात्का धृतराष्ट्रको जस्तै 'मानार्थ' हुन पुगेको देखिन्छ। माओवादीले उठाएको हतियार र राज्यले गरेको त्यसको प्रतिकारका क्रममा क्षतिग्रस्त जनमनलाई यस क्रममा कसरी उपचार गरिन्छ भन्ने सन्दर्भमा पाण्डवको दृष्टान्तबाट सिक्न सकिने कुरा धेरै छन्।

मुलुकमा मानवअधिकारको प्रत्याभूति नभई वास्तविक शान्तिको प्रत्याभूति हुन सक्दैन। हिंसात्मक द्वन्द्वपश्चात् समाजमा वास्तविक शान्ति ल्याउनका लागि केही पूर्व सर्तहरू छन्। उपयुक्त मेलमिलाप प्रक्रियाबिना समाजमा शान्ति आउला भन्ठान्नु मुर्दा शान्तिको पक्ष लिनु मात्र हो। द्वन्द्वकालमा भएका मानवअधिकार हननलाई लडाइँ सकिएपछि त्यसै बेवास्ता गर्नु हुँदैन। विगतको अपराधलाई राजनीतिक सहमतिका आधारमा सहजै रद्दीको टोकरी फाल्न पाइँदैन। खासगरी माओवादीपक्षले सर्वसाधारणलाई जवाफ दिनु पर्ने सवालको फेहरिस्त निकै लामो छ भन्ने तथ्यलाई ख्याल राखिनै पर्दछ।

प्रचण्डपथले पछ्याउनु पर्ने पाण्डवपथ

पाण्डवको न्यायपूर्ण शासनपद्धतिलाई अनुकरण गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सहकर्मी संसदवादी दलहरूलाई अवसर प्राप्त

भइसकेको छ। अर्कातिर, अहिलेका माओवादी "पाण्डव" होइनन् तापनि महायुद्धपश्चात् पाण्डवका व्यवहारबाट सिक्न सक्छन्।

(क) दोष स्वीकार /क्षमायाचना

सदैव सत्यका पक्षधर रहेका र दुर्योधनद्वारा थोपरिएकाले मात्र युद्धमा सामेल भएका भनिएका पाण्डवलेसमेत युद्धका क्रममा आफूद्वारा गरिएका हिंसात्मक कृत्यका लागि बारम्बार माफी मागेको उदाहरण महाभारतमा व्यासजीद्वारा प्रस्तुत भएको छ। दुर्योधनको संहारपछि युधिष्ठिर श्रीकृष्णलाई तत्काल धृतराष्ट्र र गान्धारीसमक्ष पठाउँछन् र आफ्नो खेद स्पष्ट पार्दै क्षमायाचना गर्दछन्। यसको परिणाम के हुन्छ भने मानसिक व्यथाले दग्ध भएको कारणले पाण्डवको अनिष्ट सोचिरहेकी गान्धारी आफ्नो क्रोधको आवेश उत्रिएको बताउँछिन्। त्यस्तै, पाण्डवको विनयशीलताले धृतराष्ट्र र गान्धारीको क्रोधलाई निकास दिएको पनि उल्लेख्य छ।

हिंसात्मक द्वन्द्वको छायाबाट समाजलाई सधैंका लागि मुक्त गराउने हो भने विगतमा भएका दोष स्वीकार गर्दै परिवर्तनका लागि प्रतिबद्धता व्यक्त गर्नु पर्ने दायित्व सम्बन्धित पक्षले पूरा गर्नु पर्दछ भन्ने मान्यता द्वन्द्वपश्चात्को मेलमिलाप प्रक्रियाका विज्ञहरूले अघि सारेको पाइन्छ। यो मान्यता पाण्डवपक्षबाट उतिबेलै पालना भएको देखिन्छ। आफ्नो गल्ती नहुँदा त दोष स्वीकार /क्षमायाचना गर्न पाण्डव तयार भए भने आफूले मच्चाएको हिंसाको दोष स्वीकार /क्षमायाचनाका लागि नेकपा (माओवादी) तत्पर नहुनु पर्ने कुनै कारण छैन। कुनै पनि पक्षले आफ्नो अपराध अस्वीकार गरेको खण्डमा मेलमिलापमा अवरोध खडा हुन्छ भन्ने तथ्यलाई विर्सन मिल्दैन।

अझ महत्वपूर्ण कुरा त के भने, महाभारत युद्ध हुनुमा राजाको हैसियतमा धृतराष्ट्रको जवाफदेहिता थियो। सर्वसाधारण नेपाली जनता भने संविधानमा सार्वभौमसत्तासम्पन्न भनिए तापनि व्यवहारमा विगतको हिंसात्मक द्वन्द्वमा राजा र माओवादीका दुईखाले बन्दुकका शिकार भई निरीह अवस्थामा रहे। राजाले त जनआन्दोलन द्वितीयमार्फत् दण्ड पाए, तर के कुनै माओवादी नेताले आफ्नातर्फबाट हताहत भएका व्यक्तिका परिवारजनलाई भेटेर माफी माग्ने नैतिक साहस जुटाएका छन् ?

(ख) त्रास र बदलाको भावको निराकरण

जब मानिस त्रास र बदलाको भावनाले प्रेरित हुन्छ, तब केसम्मगर्न सक्छ भन्ने उदाहरण अश्वत्थामाको कृत्यले दिएको छ। त्यस्तै धृतराष्ट्र पनि भीमलाई मार्न चाहन्छन् र भीम भन्ठानेर लौहमूर्तिलाई चुर् चुर् पारिदिन्छन्। माओवादीबाट मारिएकाहरूका आफन्तमा यस्तो आक्रोश छैन भन्न सकिँदैन। किन भने माओवादीको विगत संसदवादी दलका कार्यकर्ताहरूको रगतले लत्पतिएको छ। यस्तो रक्तमुछेल विगतलाई त्रासको आधारमै किनारा लगाएको लगायै गरौँला भन्ठान्दा बदलाको भावको आगोमाथि घिउ खनिने छ। त्यसको निराकरण कसरी हुन सक्छ त ? पाण्डवबाट सिक्न सकिन्छ।

अश्वत्थामाको जघन्य अपराधलाई पनि क्षमा दिएर पाण्डवले उनलाई जीवितै छाड्छन्। आफ्नो कृत्यप्रति पछुताएका अश्वत्थामा सुधिएर हिंस्रक लडाकाबाट सौम्य ऋषिमा रूपान्तरण हुन्छन्। कौरवको संहार र पाण्डवको विजयसँगै धृतराष्ट्र र गान्धारीसहित समस्त कौरवपक्षमा जुन त्रासभाव सञ्चार हुन्छ, त्यसलाई निराकरण गर्न पनि पाण्डवपक्षबाट सुरुदेखि नै पहल हुन्छ। युधिष्ठिर पक्ष-विपक्ष नछुट्याई सबैको अन्त्येष्टि गर्ने प्रबन्ध मिलाउँछन्। धृतराष्ट्र र गान्धारीको स्याहार, सुसार, सेवा, सुश्रुषामा कुनै कमी हुँदैन। जब पुरानो र पराजित राज्यसत्ताका प्रमुखहरूप्रति त यति उदार व्यवहार हुन सक्दो रहेछ भने वर्तमान नेपाली राजनीतिका "पाण्डव" संसदवादी दलका कार्यकर्ताहरूप्रति माओवादीको व्यवहार कस्तो हुनु पर्ला !

(ग) अहिंसात्मक सहअस्तित्व

विगतमा कारणवश हिंसात्मक द्वन्द्वमा सामेल हुनु परेको भए तापनि द्वन्द्वपश्चात् सबै पक्षले अहिंसात्मक सहअस्तित्वलाई आत्मसात् गर्नु पर्ने सन्देश पनि महाभारतमा निहीत छ। अहिंसात्मक सहअस्तित्वको सन्देश दिन सक्षम भएकैले युधिष्ठिरलाई सबैले सघाउँछन् र पूरै क्षतिग्रस्त राज्यलाई उनको नेतृत्वमा केही समयपछि नै अश्वमेध यज्ञ गर्न सक्ने हैसियतमा पुऱ्याउन सफलता मिल्छ। निशस्त्र संसदवादी दलसँग आफू चाहिँ सशस्त्र हैसियतमा प्रतिष्पर्धा गर्न पाउनु पर्ने तर्क गरिरहेको माओवादीले लोकतान्त्रिक नेपालमा संविधानसभारूपी अनुष्ठानको सफलताका लागि पनि अहिंसात्मक सहअस्तित्व अनिवार्य सर्त हो भन्ने बुझ्नु जरुरी छ।

महाभारतमा बताइएअनुसार, युधिष्ठिरको शासनकालमा सारा जगत् रोक-शोकरहित भएको थियो र राज्यमा कोहीले पनि भोक-प्यासको कष्ट भोग्नु परेन, राज्यमा कुनै पनि अपराध थिएन र सर्वत्र शान्ति छाएको थियो। महायुद्धपश्चात्को अन्तरिम अवधिलाई बुद्धिमत्तापूर्वक सदुपयोग गर्न सकेको हुनाले नै उनलाई त्यस्तो सफलता मिलेको थियो। अस्तु।

सन्दर्भ सामग्री :

ज्ञानी, प्रो. शिवदत्त; *भारतीय संस्कृति*; बम्बई : राजकमल प्रकाशन, सन् १९४४।

निर्मल, आयोदधौम्य; *आस्थाको शान्ति-युद्ध*; विराटनगर : नेपाली भाषा-संस्कृति परिषद्, वि.सं. २०५७।

निर्मल, आयोदधौम्य; "नेपाली संस्कृति"; *निर्माण संस्कृति विशेषाङ्क*; सं. पवन चाम्लिङ "किरण"; सिक्किम : निर्माण प्रकाशन, सन् १९९९।

निर्मल, आयोदधौम्य; "महाभारत – कुरुयुद्ध कि विश्वयुद्ध ?"; *स्पेसटाइम दैनिक*; काठमाण्डौ : वि.सं. २०५८ पुस २८ गते शनिवार।

निर्मल, आयोदधौम्य; "महाभारत युद्ध र श्रीकृष्णको दोष"; *स्पेसटाइम दैनिक*; काठमाण्डौ : वि.सं. २०५८ माघ ६ गते शनिवार।

सरस्वती, परमहंस स्वामी जगदीश्वरानन्द (अनु. तथा सं.); *महाभारतम्* (प्रथम, द्वितीय, तृतीय भाग); दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द, सन् १९९८।

मानवअधिकार सामान्य ज्ञान

तलका प्रश्नहरुको ठिक उत्तरमा ठिक चिह्न लगाउनुहोस ।

(१) संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकार उच्च आयुक्तको पदको सृजना कहिले गरेको हो ?
(क) सन् १९९० डिसेम्बर २० (ख) सन् १९९३ डिसेम्बर २० (ग) सन् १९९१ डिसेम्बर २० (घ) सन् १९९४ डिसेम्बर २१

(२) संयुक्त राष्ट्रसंघले शारीरिक अशक्तहरूको अधिकारसम्बन्धी घोषणापत्र कहिले जारी गरेको हो ?
(क) सन् १९७५ डिसेम्बर ९ (ख) सन् १९७४ डिसेम्बर ९ (ग) सन् १९७७ डिसेम्बर ९ (घ) सन् १९७८ डिसेम्बर ९

(३) संयुक्त राष्ट्रसंघले सुस्त मनस्थितिका मानिसहरूको अधिकार सम्बन्धी घोषणापत्र कहिले जारी गरेको हो ?
(क) सन् १९७० डिसेम्बर २० (ख) सन् १९७४ डिसेम्बर २० (ग) सन् १९७१ डीसेम्बर २० (घ) सन् १९६९ डिसेम्बर २०

(४) संयुक्त राष्ट्रसंघले शरणार्थीहरूको संरक्षणको लागि शरणार्थी सम्बन्धी राष्ट्रसंघीय उच्चआयुक्तको कार्यालयको कहिले स्थापना गरेको हो ?
(क) सन् १९५० (ख) सन् १९४९ (ग) सन् १९५४ (घ) सन् १९५१

(५) अन्तराष्ट्रिय श्रम संगठनद्वारा कहिले आदिवासीसम्वन्धी अवधारणा अघि सारेको हो ?
(क) सन् १९५७ (ख) सन् १९५६ (ग) सन् १९५८ (घ) सन् १९६०

(६) संयुक्त राष्ट्रसंघद्वारा कहिले अन्तर्राष्ट्रिय आदिवासी वर्षको विश्वव्यापी रूपमा मनाउने निर्णय गरियो ?
(क) सन् १९९० (ख) सन् १९९३ (ग) सन् १९९४ (घ) सन् १९९५

(७) युनेस्कोले शान्ति र विश्वव्यापी समझदारीलाई मजबुत बनाउन जातिवाद , नश्लवाद र युद्धको आशंकाको अन्त्य गर्न आमसञ्चारको माध्यमको योगदानको विषयमा कहिले घोषणापत्र जारी गरेको थियो ? (क) सन् १९७४ (ख)सन् १९७५ (ग) सन् १९७८ (घ) सन् १९८९

(८) "दीर्घा जहाँ पत्रकारहरू बस्दछन्, त्यो त राज्यको चौथो अंग बन्न पुगिसकेको छ" संसद्मा पत्रकारहरू बस्ने ठाउँतर्फ संकेत गर्दै माथि उल्लेखित विषयमा कसले लेखेका हुन् ?
(क) संयुक्त राष्ट्रसंघका महासचिव कोफि अन्नानले (ख) संयुक्त राष्ट्रसंघ उच्चआयुक्तका मेरी रोविन्सन्ले
(ग) युनेस्कोका कोयिरो मात्सुराले (घ) बेलायतका इतिहासकार तथा लेखक थोमस व्यविङटन म्याक काउलेले

(९) बेलायतमा पहिलो पटक कहिले बन्दीप्रत्यक्षीकरणको ऐन बनेको हो ?
(क) सन् १९४३ (ख) सन् १६५० (ग) सन् १६४० (घ) सन् १६४९

(१०) लिग अफ नेसन्स्को स्थापना कहिले भएको हो ? (क) सन् १९२० (ख) सन् १९२४ (ग) सन् १९२३ (घ) सन् १९१९

(११) संयुक्त राष्ट्रसंघको यातना विरुद्धको समितिमा कतिजना विज्ञहरू रहने व्यवस्था छ ?
(क) १५ जना (ख) १३ जना (ग) १० जना (घ) १७ जना

(१२) संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिमा कतिजना सदस्य रहने व्यवस्था रहेको छ ?
(क) १९ जना (ख) २३ जना (ग) २१ जना (घ) १८ जना

(१३) फ्रान्सेली नागरिक अधिकार घोषणापत्र कहिले घोषणा भएको हो ?
(क) सन् १७८९ (ख) सन् १७९० (ग) सन् १७९१ (घ) सन् १७९५

(१४) अमेरीकी नागरिकका नागरिक अधिकारसम्बन्धी घोषणापत्र कहिले घोषणा भएको हो ?
(क) सन् १७५० (ख) सन् १७८९ (ग) सन् १७९० (घ) सन् १७९५

(१५) संयुक्त राष्ट्रसंघले सम्पूर्ण आप्रवासी श्रमिक तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार रक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कहिले पारित गरेको हो ?
(क) सन् १९९० डिसेम्बर १८ (ख) सन् १९९१ डिसेम्बर १८ (ग) सन् १९८५ डिसेम्बर १८ (घ) सन् १९८७ डिसेम्बर १८

(१६) नेपालमा कहिले मानवअधिकार ऐन बनेको हो ?
(क) सन् १९९६ जनवरी ८ (ख) सन् १९९५ जनवरी ८ (ग) सन् १९९७ जनवरी ८ (घ) सन् १९९४ जनवरी ८

(१७) महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव अन्त्य गर्न गठित समितिमा कतिजना सदस्य रहने व्यवस्था रहेको छ ?
(क) २३ जना (ख) १७ जना (ग) १३ जना (घ) ११ जना

(१८) मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षण सम्बन्धी युरोपेली महासन्धि कहिले जारी भएको हो ?
(क) सन् १९४९ (ख) सन् १९५० (ग) सन् १९५५ (घ) सन् १९५८

(१९) मानवअधिकारसम्बन्धी अमेरीकी महासन्धि कहिले जारी भएको हो ?
(क) सन् १९५५ (ख) सन् १९७० (ग) सन् १९७८ (घ) सन् १९६९

(२०) दक्षिण एसियाली क्षेत्रिय सहयोग संगठन (सार्क) को पहिलो वडापत्र कहिले र कहाँ पारित भएको हो ?
(क) सन् १९८५ को डिसेम्बर ७ र ८ का दिन बंगलादेशको ढाकामा (ख) सन् १९९० को डिसेम्बर ७ र ८ का दिन भारतको नयाँ दिल्लीमा (ग) सन् १९९२ को डिसेम्बर ७ र ८ का दिन बेलायतमा (घ) सन् १९८७ को डिसेम्बर ७ र ८ का दिन श्रीलंकामा

उत्तर : (१) ख (२) क (३) ग (४) घ (५) क (६) ख (७) ग (८) घ (९) ग (१०) घ (११) ग (१२) घ (१३) क (१४) ख (१५) क (१६) ग (७) क (१८) ख (१९) घ (२०) क

प्रस्तोता : शिव खकुरेल

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३/२/१२ मा सहमति भएको युद्धविराम आचार-संहिता

प्रस्तावना

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै;

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै;

सात राजनीतिक दल एवम् ने.क.पा. (माओवादी) बीच भएको १२ बुँदे समझदारीलाई पूर्णरूपले पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै;

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणालगायत् लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै;

नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभावविना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै;

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरूप देहायको आचार संहिता जारी गरिएको छ :

भयमुक्त नागरिक जीवनको सुनिश्चितता

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन बिछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने।

५. हातहतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने।

जनतामा विश्वासको वातावरण निर्माण

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्ब्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको बाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दबाब नदिने।

जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा

८. युद्धविराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरू नगर्ने। तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरू गर्न सकिने।

९. जनताका आधारभूत सेवा र सुविधा निर्बाधरूपले सञ्चालन हुन दिने।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडि बढाउने कुरामा कुनै बाधा व्यवधान नपुऱ्याउने।

११. खाद्यान्न, औषधी, विकास निर्माणका सामग्रीहरू तथा दैनिक उपभोगका वस्तुहरू ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने।

शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसञ्चालन

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने।

सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने।

१४. सञ्चार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने।

बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने

१५. कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने।

रिहाइ र पुनर्स्थापन

१६. विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने।

१७. बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने।

१८. विस्थापित भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने।

१९. द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने। सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने।

वार्ता सहजीकरण

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने।

अनुगमन

२१. दुवैपक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने।

विविध

२२. आचारसंहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवैपक्षको सहमतिवाट समस्याको सामाधान गरिने।

२३. प्रस्तावनाको भावना अनुरूप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने।

२४. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने।

२५. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने।

नेकपा(माओवादी)का तर्फबाट
संयोजक : कृष्णबहादुर महरा
नेपाल सरकारका तर्फबाट
संयोजक : कृष्णप्रसाद सिटौला
मिति : ०६३/२/१२

युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच सहमति भई मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा ने.क.पा. (माओवादी) सहमत भएका छन्:-

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोलीबीच सहमति भई तयार गरिएको २५ बुँदे आचारसंहितामा उल्लेखित विषयहरूको पालना भए/नभएकोबारे अन्तर्राष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र कार्यान्वयन गर्न लगाउने।

२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कही कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने।

३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको आठ बुँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचारसंहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानबिन र अनुसन्धान गर्ने एवम् आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने।

५. अनुसन्धान र छानबिन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा बिना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने। यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदनमाथि छलफल गर्न र कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र ने.क.पा. (माओवादी) को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने।

७. अनुसन्धान, छानबिन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र ने.क.पा.(माओवादी) का प्रतिनिधिहरू रहेको उक्त संयुक्त समितिसमक्ष प्रस्तुत गर्ने। यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिस तथा प्रतिवेदन अनुगमन समितिका संयोजकमार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने। अनुगमन सम्बन्धी आवधिक एवम् अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक सञ्चार माध्यमबाट प्रचार-प्रसार गर्ने।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरू रहने। यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरू उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने। संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरू कार्यान्वयन गराउने। संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरू तथा स्थानीय अनुगमन टोलीहरू गठन गर्न सक्ने।

१०. राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने। सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्ताटोलीले गर्ने।

११. राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने।

१२. सबै राजनीतिक दलहरूका स्थानीय निकायहरू र मानव अधिकारवादी, नागरिक समाजलगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने।

१३. मानव अधिकार सम्बद्ध विषयहरूको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने।

१४. संविधानसभाको निर्वाचनपछि बन्ने संविधान लागू हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने।

१५. राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाण्डौमा रहने र नेपाल सहरभित्र आवश्यकतानुसार अन्य कार्यालय स्थापना गर्न सकिने।

१६. राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहीहरू अभिलेखका रूपमा सुरक्षित राखिने।

१७. यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने। *मिति : २०६३।३।१२*

सात दल र माओवादीबीच भएको चर्चित आठबुँदे सहमति

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ। बैठकमा सहमति भएका बुँदाहरू निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताका साथ कार्यान्वयन गर्ने।

२. प्रतिष्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरूप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरू विघटन गर्ने।

५. दूरंगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने।

६. नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावबिना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने। निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने।

७. संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने। लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्ने

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरूसँग सम्बन्धित सबै कार्यहरू अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ।

व्यंग्य

हावा- हुरी एफएममा सहिद दिवस

सुधीर यादव

म बसमा एफएम रेडियो सुन्दै थिएँ। मनमा एउटा विचार उत्पन्न भयो- एफएम रेडियो सञ्चालन गरेर घच्चीको कार्यक्रम प्रस्तुत गर्ने। नाम पनि गतिलै फुऱ्यो- हावाहुरी एफएम, जसको मोट्टो हुनेछ, राष्ट्र-राष्ट्रियता र अग्रगमनका लागि सञ्चार। हावाहुरी एफएममा प्रस्तुत हुने कार्यक्रमको नमूना यस्तो हुनेछ

उद्घोषक- हेलो ओ ओ ओ। श्रोतावृन्दहरू, बिहानको प्रातकालीन नमस्कार। तपाईहरूलाई थाहा छ, आज के हो ? अम्म हुँ , आज हो सहिद् दिवस्। आजको दिन सहिदहरूको दिवस हो। सो लेट अस स्यालूट अल द सहिदज्। एनि वे, आजको कायक्रममा हामी सहिदलाई अवश्य नै सम्झन्छौं। त्यसपछि हाम्रो श्रोतासँग कुराकानी गर्दै गीत संगीतको मीठो दुनियामा स्सएर गर्ने छौं। हरि अप। हाम्रो फोन लाइन खुला भइसकेको छ। हेरौं पहिलो श्रोता को हुनुहुन्छ ?

हेलो वो वो। को बोल्नु भएको ?

(फोनमा श्रोताको आवाज) हेलो। म निरोज बोलेको।

उद्घोषक- हाइ निरोज। कस्तो माया मारेको नि औ। लङ्ग टाइम नो सि। अनि के छ खबर ?

- हाइ निना टिना हु एभर।

- ओ के निरोज। आज सहिद दिवस त थाहा छ नि हैन ? डु यु लाइक टु बि ए सहिद निरोज ?

नो।

- आम्मै निरोज तिमीलाई सहिद बन्नु मन पर्दैन ? हाउ स्याड। सहिदले त ए लट अफ रेस्पेक्ट पाउँछन् नि त। डन्ट यु वान्ट टु वि ए रेस्पेक्टेड फिगर ?

- हाम्रो जस्तो सानो र गरीब देशमा सहिदको के फ्यूचर छ ? सो द्याट आइ डन्ट लाइक टु बि ए सहिद।

- एनि वे निरोज आज सहिद दिवस हो। बडो उत्साह र खुशीयालीकासाथ अल ओभर त कन्ट्री सहिद दिवस मनाइदै छ, धुमधामका साथ। अब एउटा गीत सुनौं।

गीत सुरु हुन्छ -धुम मचाले धुम मचाले धुम

गीत सकिनासाथ उद्घोषिकाको आवाज आउँछ (लामो सास फ्याँकेर) वाउ। आज सहिद दिवसको धुम छ। होप अल अफ यु इन्ज्वाय ए लट। हाम्रो फोनमा अर्को साथी आइसक्नु भएको रहेछ। हेलो, को बोल्नु भएको ?

- म बाबुलाल बोलेको।

- अँ बाबुलालजी भन्नुस् सहिद दिवस कसरी मनाउँदै हुनुहुन्छ ?

- अहिलेसम्म खासै प्रोग्राम त फिक्स भएको छैन। एकदुई जना साथीसँग कुराकानी भइसकेको छ। धेरै दिन भयो गेट टुगेदर नभएको, आज दुईचार घण्टा सँगै जम्ने योजना छ। यसो तास सास खेल्यो, खानपिन गऱ्यो हैन। अरु के गर्ने। चर्को घाम छ नभए नगरकोट तिर गइन्थ्यो होला।

- ओ के बाबुलालजी तपाईलाई थाहै होला आज सहिद दिवस भनेर। मान्छे केका लागि सहिद हुन्छन् ?

- देशकै लागि हो। आन्दोलन सान्दोलनमा लाग्छन्। पुलिसले गोली हानेर सहिद बनाइ दिन्छ। हाम्रो देशमा बेला बेलाका सहिद भइरहन्छन्। कहिले बहुदल ल्याउन। कहिले लोकतन्त्र ल्याउन। जे होस् सहिद भए पछि नाम चाहिँ हुन्छ।

ओके बाबुराजा। नाम चाहिँ पक्कै हुन्छ हैन त ? अब एउटा गीत सुनौं।

गीत सुरु हुन्छ

तेरे नाम सारा सनम

गीत सकिनासाथ उद्घोषिकाको स्वर सुनिन्छ - ओ के श्रोतावृन्द आजको निर्धारित समय सकिएको पत्तै भएन। आज सहिद दिवसको अवसरमा यो थियो हाम्रो विशेष कार्यक्रम। भोलि फेरि पुन भेट हुने नै छ। होप अल अफ यु इन्ज्वाय सहिद दिवस।

(हावाहुरी एफएम सुरु नभएसम्म उपरोक्त सामग्री जुनसुकै एफएमले प्रयोग गर्न कुनै छेकबार छैन -लेखक।)

घोटी ती हतियार चन्दन झिकी घस्ने छ मेरो हुती

- भानुभक्त पोखरेल

तर्सीन्छन् परमाणु अस्त्रहरूको देखेर थुप्रो कति
मेरा सिर्जन वेगलाई त्यसले गर्दैन केही खती ।
सङ्लो सृष्टिसचेत शक्ति जशको प्यारो छ साथी सधैं
तेसैले हतियार हान्छ अरूको खोसी अरु माथि नै ।।

खोक्रा, बाहिरका ठूला र बलिया उत्पातका दुर्मति
थाम्नन् सिर्जनशक्तिको मुटु हुने हाम्रा अगाडी कति ?
धर्ती गोड्न हुरुक्किने मनुजका हामी दिघा सन्तति
ज्यूँदो मानिस पेलिदैन कलले पेलेर कैल्यै ह कि !

बाजी के हतियार, अस्त्रहरूको भण्डारले जित्छ र ?
मेरा मौलिक मानवीय रसको भुल्को त्यसै सुक्छ र ?
गौरीको प्रिय रक्तबीज म कहाँ मासेर मासिन्छु र !
पुस्तौंका निजबोधले लहरिंदो लाटो म कहाँ छु र !

खेलेको अघि नै हलाहल पिई सानन्द गौरीसित
त्यस्ता एटम, हाइड्रोजन कती चाट्ने म हूँ शङ्कर ।
घोटी ती हतियार चन्दन झिकी घस्ने छ मेरो हुती
छड्काई विषलाइ औषध मिठो पारेर खार्ने धृति ।।

("मान्छेको म" खण्डकाव्यबाट)

"कविकुञ्ज", तीनटोलीया, विराटनगर

गजल

- अथाहसागर तीर्थमान

दाजुले भाइलाई घोषणा गरे आतङ्कारी
कसैलाई फाइदा भएन भाइले भाइलाई मारी ।

भयानक युद्ध रोकी शान्ति ल्याउनु पर्छ भनी
शान्तिप्रेमी समाजको निरन्तर प्रयास छ है जारी ।

तिमी दुई पक्षहरूले कति नबुझेको अझै
अब्बल खेत जति बिग्रिएर बनिसक्यो टारी ।

बुद्धभूमि नेपाललाई रणभूमि बनाएर
हुँदैन राम्रो यसरी आमाहरूलाई चोट पारी ।

पहिलेका मानव बस्तीहरु पनि आज यहाँ
युद्धको कारणले छाडी गए क्यौं नरनारी ।

मनपाङ्ग गाविस-१, छबिसे, तनहुँ

जनआन्दोलन, जनउभार र जनदमनको अभिलेख

सत्ता र शक्तिको वरिपरि झुम्मिएर तर मार्ने सानो समूहलाई अपवाद छाडेर जनताका हरेक र तह र तप्काको सहभागिताले जनआन्दोलन–दुई देशलाई जुरुक्कै उचाल्न सफल रह्यो। विश्वलाई नै चकित पार्ने गरी निरङ्कुताविरुद्ध सडकमा उत्रेकाहरूलाई लक्ष्यबेधका लागि जम्मा १९ दिन लाग्यो। जनआन्दोलनका क्रममा सबैको लक्ष्य एउटै भए पनि स्वत: स्फूर्त रूपमा फ़रक फरक "फ्रन्ट" सम्हाल्ने काम भएको थियो। शाही सत्ताले गर्ने एक एक ज्यादतीलाई तिखा आँखाले हेर्दै संसारभर उदाङ्गो पार्ने ध्याउन्नामा कस्सिएका थिए मानवअधिकारकर्मीहरू। इन्सेकसँग आबद्ध मानवअधिकारकर्मीहरूले महान् जनआन्दोलनका १९ दिनमा देखे-भोगेका सत्यलाई समेटेर तयार पारिएको अभिलेख नै पुस्तकका रूपमा सार्वजनिक भएको छ – *जनआन्दोलन-टु : अ विट्नेस अकाउन्ट*।

"मरेको भोलीपल्ट दुई दिन हुन्छ" भन्ने नेपाली उखान छ। यसले हरेक कुरालाई छिट्टै विस्कृतिमा धकेलिदिने नेपाली प्रवृत्तिलाई व्यंग्य गरेको छ। वि.सं. २०४६ को जनआन्दोलनमा जनअधिकारविरुद्ध अपराध गर्नेहरूलाई कार्बाह गिर्न बिर्सिएकैले तिनीहरू छिट्टै सत्तामा मात्र पुगेनन्, राजाको शाही कदमका रूपमा प्रजातन्त्रलाई पूरै खान सफल भए। जनआन्दोलन-दुईमार्फत् नेपाल लोकतन्त्रको युगमा प्रवेश गरिसकेको भए तापनि विगतका अँध्यारा दिनहरू स्मृतिमै रहिरहून् र भविष्यमा कसैले त्यस्तो गल्ती नगरोस् भन्ने उद्देश्यले जनआन्दोलनलाई अभिलेखन गरिएको हो। जनआन्दोलनका दोषीहरू उम्किन नपाऊन् भन्नका उनीहरूका अपराधको मिहिन अभिलेखन जरुरी छ भन्ने ख्याल राखेर इन्सेकले जनआन्दोलन-दुईको अनुगमनका क्रममा देखे-भोगेका तथ्यलाई सार्वजनिक गर्न आवश्यक ठानेको हो।

जनआन्दोलनका १९ दिनका घटनाको मितिक्रमानुसारको विवरण त



पुस्तकमा छ नै, साथमा प्रतिनिधिमूलक घटनाहरूको विश्लेषणात्मक विवरण दिइएको छ। देशभरका जनआन्दोलनकारी घाइतेहरूको नामावली, सहिदहरूको तस्बीरसहितको विवरण र गिरफ्तार व्यक्तिहरूको जिल्लागत तथ्याङ्कसमेत समेटिएको छ। जनआन्दोलनका क्रममा संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदायबाट नेपालबारे सरोकार व्यक्त गर्दै जारी गरिएका विज्ञप्ति, प्रतिवेदन, आह्वान आदिलाईसमेत पुस्तकमा यथावत् राखिएको छ।

देशका ७५ वटै जिल्लाबाट इन्सेकअनलाइनका प्रतिनिधिहरूले पठाएका समाचार सामग्रीहरू, १९ दिनमा प्रत्येक दिन इन्सेकद्वारा तयार पारिने "फ्याक्टसीट" र प्रेस विज्ञप्तिहरूसमेत समेटिएको हुनाले जनआन्दोलनको साङ्गोपाङ्ग चित्रण पुस्तकमा पाउन सकिन्छ। जनआन्दोलनको क्रममा सडकमा जनताकै बीचमा खटी जनउभार र जनदमन दुवै पक्षलाई प्रत्यक्षत: देखेका मानवअधिकारकर्मीहरूले सङ्कलन गरेका (प्राथमिक स्रोतका) सूचना समेट्दै पुस्तकले घटनाक्रमको सजीव चित्रण वस्तुनिष्ठ ढङ्गले गर्न सकेको छ भन्दा अत्युक्ति नहोला। त्यसरी खटेका मानवअधिकारकर्मीका वैयक्तिक अनुभव र अनुभूतिलाई पनि पुस्तकमा समेटेर जनआन्दोलनलाई हेर्ने मानवीय पक्ष पनि उजागर गरिएको छ।

कृति : जनआन्दोलन-टु : अ विट्नेस् अकाउन्ट्

सम्पादकद्वय : कुन्दन अर्याल र उपेन्द्र पौडेल

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मूल्य : रु. २०५।-



इन्सेकमा उपलब्ध केही प्रकाशनहरू

का. जि. का. द. नं. २१/४९/५०

नेपालमा पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अंग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरु समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।

BY AIRMAIL